# तमू

संस्कृति प्रधान सामयिक सङ्कलन

त-ल्हो (घोडा वर्ग) २०८२ पुस

**December 2025**

**संरक्षक**
नारायणबहादुर गुरूङ
(अध्यक्ष)

**सम्पादन सल्लाहकार**
डेलमान गुरूङ
डा. टेकबहादुर गुरूङ
अनिता गुरूङ

**सम्पादक**
मनिराज गुरूङ

**प्रकाशन व्यवस्थापक**
सन्तु घले (उपाध्यक्ष)
पूर्वएस.पी. राजेन्द्र गुरूङ (उपाध्यक्ष)
पुष्पबहादुर गुरूङ (महासचिव)
लक्ष्मी गुरूङ (सहसचिव)
क्या. धनबहादुर गुरूङ (कोषाध्यक्ष)

**तस्बिर**
राजेश गुरूङ

**डिजाइन/सेटिङ तथा लेआउट**
सुरेन्द्र महर्जन

**मुद्रणः**
कानुङ प्रिन्टिङ प्रेस
बागबजार, काठमाडौँ
सम्पर्क : ९८५१०५१४१६

**प्रकाशकः**
तमू बौद्ध सेवा समिति नेपाल
गौतम बुद्ध मार्ग, अनामनगर-२९
फोनः ०१-५७०५६८८
इमेलः tbssn2046@gmail.com
वेबसाइटः www.tbssn2046.org.np

## सम्पादकीय/प्रकाशकीय

तमू बौद्ध सेवा समिति नेपालको वार्षिक मुखपत्र तमूको यो तिसौँ अङ्क हो । संस्था स्थापनाको सुरुवाती केही वर्ष वार्षिक रूपमा नियमित प्रकाशन नभए पनि अढाइ दशकयता तमू हरेक वर्ष प्रकाशन गरिँदै आएको छ । यसबिचमा 'तमू'मा धेरै महत्त्वपूर्ण विषयहरू, सन्दर्भहरूलाई दस्तावेजीकरण गरिएको छ । त्यसैले 'तमू' तमू बौद्ध सेवा समिति नेपालको वार्षिक मुखपत्र मात्र रहेको छैन, यो त समग्र तमू (गुरुङ) समुदायकै सम्पत्ति बनेको छ । त्यसैले तमूलाई हामीले तमू बौद्ध सेवा समिति नेपालको गतिविधिको फेहरिस्त मात्र समेट्ने भन्दा पनि गुरुङ समुदायका चासो र चिन्ताको विषयको सँगालो पनि बनाउँदै आएका छौँ ।

यसपटक पनि हामीले 'तमू'मा त्यस्ता केही विषय, पक्षलाई समेट्ने प्रयास गरेका छौँ । यस वर्ष गण्डकी प्रदेशले गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने नीति पारित गरेको छ । यो हामी गुरुङसँगै मगर समुदायका लागि पनि अत्यन्तै महत्त्वको विषय हो । त्यसैले हामीले गण्डकी प्रदेशमा गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउन गरिएको पहलसँग जोडिनुभएका हाम्रै संस्थाका पूर्वमहासचिव डा. टेकबहादुर गुरुङको लेखलाई मूल लेख बनाएका छौँ ।

यस वर्ष हाम्रो देशले एउटा ठुलो आँधीको सामना गरेको छ । जेनेरेसन-जेड अर्थात् जेनजी पुस्ताले भ्रष्टाचार अन्त्य र नेपो-किड्ससँगै तत्कालीन सयममा सरकारले गरेको सामाजिक सञ्जाल बन्द खुलाउन माग गर्दै गरेको प्रदर्शन उग्र बन्दै गएपछि त्यो विद्रोहमा परिणत भयो । नेताहरूको शासनशैलीबाट वाक्क, दिक्क भएकाहरू पनि प्रदर्शनमा मिसिएका थिए । भदौ २३ मा निहत्था युवा प्रदर्शनकारीमाथि भएको गोली प्रहार अनि दोस्रो दिन राज्यको महत्त्वपूर्ण संरचनासँगै भाटभटेनीलगायतका निजी क्षेत्रको सम्पत्तिमा भएको आगजनी कहिल्यै बिर्सन नसकिने पीडा बनेर रहनेछ । त्यस विषयलाई पनि हामीले यहाँ समेट्ने प्रयास गरेका छौँ ।

नेपालका आदिवासी जनजाति समुदायले एक अभिभावक गुमाएको वर्ष पनि रह्यो वर्ष २०८२ । पञ्चायती व्यवस्थाको जगजगीबिच आदिवासी जनजाति समुदायको अधिकारको खोजी र तमुवानको माग उठाएका खगेन्द्रजङ गुरुङ पञ्चायती व्यवस्थाकै सुरुवातकर्ता राजा महेन्द्रको आग्रहमा कुनै समय चीन पुगेर माओत्सेतुङसँग वान-टु-वान वार्ता गरेर फर्किएका व्यक्ति पनि थिए । इतिहासको एउटा महत्त्वपूर्ण कालखण्डका साक्षी खगेन्द्रजङ गुरुङको स्मरण पनि हामीले तमूको यस अङ्कमा गरेका छौँ ।

यसबाहेक हाम्रो नियमित गतिविधि तथा अन्य पनि केही महत्त्वपूर्ण लेख, रचना तथा विषयले 'तमू'मा स्थान पाएका छन् । तमूलाई अझ पठनीय र सङ्ग्रहणीय बनाउन के के गर्नुपर्छ, विद्वान् पाठकहरू सबैबाट सल्लाह र सुझावको अपेक्षा गर्दै, लेख, रचना उपलब्ध गराउनु हुने सबै लेखकहरूप्रति आभारी हुँदै आउँदै गरेको तमू ल्होछारको शुभकामना व्यक्त गर्दछौँ ।

# तमू

## पत्रिका हालसम्म





**पूर्व माननीय तोरण बहादुर गुरुङ**
प्रमुख सल्लाहकार
तमू बौद्ध सेवा समिति नेपाल

# शुभकामना

आज तमू बौद्ध सेवा समिति नेपालको ३५औं वार्षिक साधारणसभामा जुटिरहेका छौं । विसं. २०४६ सालमा यो संस्था स्थापना हुँदा काठमाडौंमा कुनै पनि तमू संस्थाको उपस्थिति थिएन । संक्षेपमा स्मरण गर्दा यसभन्दा अघि २०११ सालमा गुरुङ कल्याण सङ्घको स्थापना भएको देखिन्छ । तत्कालीन अवस्थामा तमू अग्रजहरूले धेरै महत्त्वपूर्ण गतिविधिहरू गरेको हामी सुन्दछौं तर यसले निरन्तरता पाउन सकेन ।

त्यसपछि २०२६ सालतिर रोधीं परिवारको नामले खासगरी सांस्कृतिक क्रियाकलापहरूलाई जोड दिई तमूहरू जुटेको देखिन्छ । त्यसपछि लगत्तै २०३० सालमा तमू धींको स्थापना भयो । धेरै अग्रजहरूको सक्रियता र सहभागितामा मैले पनि त्यस संस्थामा संलग्न हुने अवसर पाएको थिएँ । त्यसबेला स्थायी रूपमा नेपाली सेनामा तमूहरू कार्यरत हुने हुनाले उनीहरू र देशको विभिन्न भेगबाट उच्च शिक्षा अध्ययनको सिलसिलामा आउने तमू विद्यार्थीहरू साथै अग्रजहरूसमेत भेला भई ल्होछार मनाउने र विविध क्रियाकलापहरू गर्दै जुट्ने गर्दथे । स्थायी बसोबास गर्ने तमूहरू नगन्य नै थिए ।

पूर्व तथा पश्चिमबाट आउने तमूहरूको भेटघाट, परिचय र एकता गर्ने उत्साह धेरै देखिन्थ्यो । दुःख, बिमार, गाह्रो, अप्ठेरो पर्दा जुट्ने गर्दथे । त्यसबेला तमू धींको कार्यालय तत्कालीन अग्रज कृष्णबहादुर गुरुङको घर लाजिम्पाटमा निःशुल्क उपलब्ध गराउनुभएको थियो । प्रत्येक शनिबार त्यहाँको तमूहरू भेट गर्ने गर्दथे । यहाँ म उहाँको स्मरण गर्दै सम्मान व्यक्त गर्न चाहन्छु । २०४१ सालमा आइपुग्दा नेतृत्वको केही कमीकमजोरीका कारण तमू धीं पनि विस्थापन हुन पुग्यो ।

२०४१ देखि २०४६ सालसम्म आइपुग्दा काठमाडौंमा तमूहरूको बसोबास निकै बढिसकेको थियो । त्यसैले एउटा संस्थाको महसुस गरी तमू बौद्ध सेवा समिति नेपालको स्थापना भयो । जुन संस्थाले आज ३६ वर्षमा प्रवेश गरिसकेको छ जसले दिगो र भरपर्दो सेवा दिँदै आएको छ । २०४६ सालपछि काठमाडौंमा क्रमशः गुरुङ संस्थाहरू खोलिँदै गए । अहिले दर्जनौं संस्थाहरू छन् ।

तमू ह्युल छौंज धीं गुरुङ राष्ट्रिय परिषद् राष्ट्रिय संस्थाको रूपमा खडा भएको छ । यसलाई हामी सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नु पर्दछ । अन्य तमू संस्थाहरूको पनि सक्रियता र सेवा हामीले महसुस गरिरहेका छौं । तमू बौद्ध सेवा समितिले आफ्नै विशिष्ट पहिचान बनाइसकेको छ । धेरै सेवा र अनगिन्ती योगदानहरू दिँदै आएको छ । यी सबै योगदानहरूलाई जोगाउँदै मानवीय र अन्य सामाजिक सेवाहरू बढाउँदै आफ्नो धर्म, संस्कृति र पहिचानको जगेर्ना गर्ने कर्ममा अटल भएर हामी सबै अघि बढ्न सकौं भन्ने आशा र विश्वास लिएको छु ।

अन्तमा देश विदेशमा रहनु हुने सबै तमूहरूमा साथै सम्पूर्ण नेपालीहरूमा तमू ल्होछार २०८२ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

तोरणबहादुर गुरुङ
प्रमुख सल्लाहकार



**क्या. नारायणबहादुर गुरुङ**
अध्यक्ष
तमू बौद्ध सेवा समिति नेपाल

# शुभकामना

गाउँघरको सरल व्यवहारमा बस्दै आएका हामी गुरुङहरूको रहनसहन र व्यवहार सरल प्रकृतिको छ। सरल स्वभाव भएकै कारण हामी जहाँ गए पनि त्यहाँको समाज र समुदायसँग मिलेर बस्छौँ। हामी गुरुङ जातिको पुर्ख्यौली पेसा कृषि र पशुपालन रहेको थियो। तर सन् १८१६ मा नेपाल-अङ्ग्रेज युद्ध अन्त्य भएसँगै मूलतः गुरुङ, मगर, राई र लिम्बू जातिका युवाहरू इष्ट इन्डिया कम्पनी सरकारको सेनामा भर्ती हुने थाले। सन् १९४७ मा भारत स्वतन्त्र हुँदा इष्ट इन्डिया कम्पनी सरकारको सेनामा रहेका गोर्खालीहरू पनि भारतीय र ब्रिटिस गोर्खामा बाँडिए।


विदेशी सेनामा सेवा गरेका गुरुङ युवाहरूको परिवारको आर्थिक अवस्था राम्रो भएपछि उनीहरू आफ्ना सन्तानलाई राम्रो शिक्षा दिन भौतिक सुविधा पनि भएको स्थानतर्फ बसाइँ सर्न थाले। यसले गाउँघर खाली हुँदै गयो भने सहरमा बस्ती बढ्दै गयो। गण्डक क्षेत्रका विभिन्न जिल्लाका सदरमुकाम, पोखरा मात्र होइन राजधानी काठमाडौँमा पनि गुरुङ जातिको उपस्थिति बाक्लो हुँदै जाँदा सामाजिक, सांस्कृतिक, धार्मिकलगायत विभिन्न क्षेत्रमा आईपर्ने समस्याहरूको सामूहिक समाधानका लागि सङ्गठित हुन थाले। यही क्रममा तमू बौद्ध सेवा समिति नेपाल २०४६ सालमा स्थापना भएको हो।

क्या. आशबहादुर गुरुङको अध्यक्षतामा स्थापना भएको तमू बौद्ध सेवा समिति नेपालले स्थापनाको ३६औँ वर्ष पूरा गरिसक्दा पनि संस्था स्थापना र दर्ता गर्दाका समयका संस्थापकहरूले अझै संस्थाको हरेक गतिविधिमा सक्रिय रूपमा सहभागिता जनाउँदै आउनुभएको छ। आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिँदै आउनुभएको छ। बसी खाने उमेर भइसक्दा पनि चासो र चिन्ता बोकेर संस्थाको उन्नयनमा अहोरात्र खटिनु हुने सम्पूर्ण अग्रजप्रति म हार्दिक नमन व्यक्त गर्न चाहन्छु। अध्यक्षको जिम्मेवारी पूरा गरिसकेको भए पनि फेरि कुनै समितिको संयोजक वा सल्लाहकारको भूमिकामा रहेर संस्थाप्रति पुऱ्याउँदै आउनुभएको योगदान प्रशंसनीय रहेको छ।

यस तमू बौद्ध सेवा समिति नेपालको आर्थिक, सामाजिक विकास तथा यसले सञ्चालन गर्दै आएको विभिन्न सामाजिक, धार्मिक, शैक्षिक कार्यलाई पारदर्शी, प्रभावकारी र सफल बनाउन सल्लाहकारहरू, पूर्वपदाधिकारीहरू र वर्तमान कार्यसमितिबिच सघन छलफल हुने गरेको छ। संस्थाको कुनै पनि गतिविधिमा सल्लाहकारहरू, पूर्वअध्यक्षहरू, पूर्वपदाधिकारीहरूको उपस्थिति, सहभागिता र सहयोग सधैँ उत्साहजनक हुने गरेको छ। धार्मिक आस्था र अभ्यासमा वृद्धि तथा संस्कार, संस्कृतिमा आएको जागरणका कारण तमू बौद्ध सेवा समितिले अर्को पनि गुम्बा स्थापना गर्नुपर्ने भएपछि माथिल्लो तलामा अर्को सानो गुम्बा निर्माण गरिएको छ। छोटो समयको सूचनामा आयोजना गरिएको पूजामा सहभागिता जनाउँदै गुम्बा निर्माणका लागि भएको सहयोग यसको एउटा प्रमाण हो।

तमू बौद्ध सेवा समिति नेपाल हामी सबैको आशा र आस्थाको केन्द्र हो। यसलाई आजको अवस्थासम्म ल्याइपुऱ्याउन अग्रजले पुऱ्याउनुभएको योगदानको अभिलेखीकरण गर्दै नयाँपुस्तामा आशा जगाउनु हाम्रो दायित्व हो। यही जिम्मेवारी पूरा गर्न म र मेरो कार्यसमिति कटिबद्ध रहेको छ भन्दै आउँदै गरेको तमू ल्होछारको अवसरमा देश-विदेशमा रहनुभएका तमू तथा सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु।

..............................
क्या. नारायणबहादुर गुरुङ
अध्यक्ष



**क्या. धनबहादुर गुरुङ**
कोषाध्यक्ष
तमू बौद्ध सेवा समिति नेपाल

# शुभकामना

तमू बौद्ध सेवा समिति नेपालमा मैले कोषाध्यक्षको जिम्मेवारी सम्हाल्न थालेको यो दोस्रो कार्यकाल हो। दोस्रो कार्यकालमा पनि अर्को वर्ष अधिवेशन हुनेछ। तमू बौद्ध सेवा समितिमा प्रायः पदाधिकारीहरू दुई कार्यकाल मात्र दोहोरिने चलन छ। त्यसैले यो मेरो कोषाध्यक्षको रूपमा अन्तिम वर्ष हो।

तमू बौद्ध सेवा समिति नेपालको कोषाध्यक्षको जिम्मेवारी सम्हाल्दै गर्दा मैले यहाँ जे देखेँ र भोगेँ, त्यो अत्यन्तै गज्जब अनुभव हो। लामो समय सैनिक सेवामा बिताएको मैले सैनिक जीवनमा सिकेको सबैभन्दा महत्त्वपूर्ण पाठ हो, अनुशासन र इमान्दारिता। कार्यसमितिमा पूर्वगोर्खा सैनिकहरूको नेतृत्वदायी एवम् उल्लेख्य उपस्थिति भएकैले होला, तमू बौद्ध सेवा समिति नेपालमा अनुशासन र इमान्दारितालाई सधैँ केन्द्र राखेर काम गरिँदै आएको रहेछ र मैले पनि त्यो संस्कृतिलाई सकेसम्म निरन्तरता दिने प्रयास गरेको छु। त्यस्तै पारदर्शिता यहाँको अर्को सबल पक्ष हो। पारदर्शिता नै कुनै पनि संस्थाको सफलताको कडी हो। तमू बौद्ध सेवा समितिप्रति तमू (गुरुङ) समुदायको जुन आस्था, विश्वास रहेको छ, त्यसमा पारदर्शिताले महत्त्वपूर्ण भूमिका खेलेको छ।

कोषाध्यक्षको जिम्मेवारी सम्हालेपछि संस्थाको आर्थिक गतिविधिलाई चुस्त, दुरुस्त र यथार्थ बनाउनुका अलावा कोषको वृद्धि गर्नु मेरो पहिलो प्राथमिकता थियो। अध्यक्षलगायत संस्थाका अग्रज तथा जिम्मेवार पदाधिकारीहरूको सहयोगमा आर्थिक उन्नयनका गतिविधिहरू सञ्चालन गर्ने सक्दो प्रयास गरेँ। संस्थाको मेरुदण्डका रूपमा रहेको आर्थिक भारलाई सम्हाल्ने क्रममा मलाई सहयोग गर्नुहुने सम्पूर्ण आदरणीय अग्रजहरू, प्रमुख सल्लाहकार, सल्लाहकार, पदाधिकारीलगायत सबै सदस्यहरूप्रति आभारी छु।

तमू बौद्ध सेवा समिति नेपाललाई सबैले स्मरण गर्नुपर्ने अर्को सबल पक्ष यसले प्रदान गर्दै आएको छात्रवृत्ति हो। विभिन्न दाताले छात्रवृत्ति अक्षयकोष स्थापना गर्नुभएको छ। हाल संस्थामा विभिन्न १६ वटा छात्रवृत्ति अक्षयकोषमा गरी रु. ३९,३१,७२१/- रुपैयाँ रहेको छ। त्यसबाहेक संस्थामा रु. १०,०१,१११/- को सत्य-उदय स्नातक सर्वोत्कृष्ठ पुरस्कार र रु. २,००,०००/- को डा. हर्क अक्षयकोष पनि रहेको छ। गत वर्ष ११ जनालाई जनही २५ हजार रुपैयाँका दरले छात्रवृत्ति प्रदान गरिएकोमा यस वर्ष ११ जनालाई छात्रवृत्ति प्रदान गरिँदैछ। त्यस्तै डा. हर्क गुरुङको स्मृतिसभा आयोजना गर्ने प्रयोजनका लागि डा. तेजबहादुर महतले प्रदान गर्नुभएको एक लाख र तमू बौद्धले नै थप गरेको एक लाख रुपैयाँ गरी दुई लाखको अक्षयकोष पनि रहेको छ। छात्रवृत्ति अक्षयकोष बढाउँदै लैजाने र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या पनि बढाउँदै जाने संस्थाको उद्देश्य रहेकाले इच्छुक दाताहरूसँग पुण्य कार्यमा जोडिन आग्रहसमेत गर्न चाहन्छु।

अन्त्यमा, संस्थाको उन्नति र प्रगतिका लागि आर्थिक, भौतिकलगायत सम्पूर्ण सहयोग गर्नुहुने संस्थाका मनकारी सहयोगी, दाता, शुभेच्छुकहरू सबैप्रति आभार व्यक्त गर्दै संस्थाको ३६औँ साधारणसभाको सफलताको शुभ-कामनासहित तमूहरूको महान् पर्व ल्होछार (सप्री ल्होको बिदाई र त ल्होको आगमन)को शुभअवसरमा सम्पूर्ण तमू (गुरुङ) समुदायमा सुख, शान्ति, समृद्धि एवम् सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु।

..................................
क्या. धनबहादुर गुरुङ
कोषाध्यक्ष



# ❀ आशिमलाँ ❀



सप्रि-ल्हो (सर्प वर्ग)को बिदाइ तथा
त-ल्हो (घोडा वर्ग)को आगमनको शुभअवसरमा देश
विदेशमा रहनुभएका सम्पूर्ण गुरुङ तथा नेपालीको
सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।




**अध्यक्ष**
**क्या. नारायणबहादुर गुरुङ**
**तथा**
**तमू बौद्ध सेवा समिति नेपाल परिवार**

# विषयसूची


| विषयक्रम | लेखक | पेज नं. |
|---|---|---|
| मगर र गुरुङ मातृभाषा गण्डकी प्रदेशमा कामकाजी भाषा स्थापित गर्ने घटनाक्रम संस्मरण | डा. टेकबहादुर गुरुङ | ८ |
| तमू बौद्धमा दीप प्रज्ज्वलन | | १२ |
| पहिलो पूर्ण तमू क्युई (गुरुङ भाषा)को पत्रिका तमू कए | | १३ |
| डा. हर्क गुरुङ : स्मृति विशेष | डेलमान गुरुङ | १५ |
| गुरुङ संस्कार अनुरूप कर्मकाण्ड गर्ने गृहस्थी लामाहरूको ऐतिहासिक डाँडाखर्क गोन्पा | पुष्पबहादुर गुरुङ | २१ |
| गुरुङ समुदायको पै संस्कारमा आत्मा यात्रा | डा.पोलबहादुर गुरुङ | २६ |
| आस्था र अपेक्षाको धरोहर | पूर्वएसपी राजेन्द्र गुरुङ | ३४ |
| पितृस्मृति गर्न तमू बौद्धमा पितृपूजा | धुर्बबहादुर गुरुङ | ३६ |
| सनातन संस्कारमा नाग पूजाको महत्त्व | पूर्वएसपी राजेन्द्र गुरुङ | ३९ |
| भाटभटेनी सुपर मार्केट र नेपाली समाज | नरेन्द्रकुमार गुरुङ | ४१ |
| मैले देखेको जेनजी आन्दालन | राजेश गुरुङ | ४६ |
| तमू ह्युलको नेतृत्व गर्दै धनमान | मनिराज गुरुङ | ५१ |
| सार्वजनिक सेवा प्रसारण नेपालमा अनिता गुरुङ | गंगादेवी गुरुङ | ५४ |
| २०८२ को ल्होफल | लामा लोपेन रामप्रसाद गुरुङ | ५७ |
| ल्होफल सफ्ही ल्हो वर्ष २०८२/०८३ | लिलबहादुर गुरुङ | ५८ |
| बेलायतमा नेपाली डायस्पोराको विगत र वर्तमान | एकेन्द्र गुरुङ | ६१ |
| आविष्कार | गौरी तमू | ६७ |
| घुम हो हजुर | उमा गुरुङ | ६७ |
| मेरो देश | बालक गुरुङ | ६८ |
| कोख एकै भए पनि | मोहन गुरुङ | ६८ |
| जीवन र समय | रमेश गुरुङ | ६९ |
| उपर्ना | उमा गुरुङ | ६९ |
| आगोसँग खेल्ने व्यक्तित्व खगेन्द्रजङ गुरुङ | मनिराज गुरुङ | ७० |
| फुटबलमै बिताएको सैनिक जीवन | डण्ड गुरुङ | ७५ |
| महासचिवको प्रतिवेदन | पुष्पबहादुर गुरुङ | ७८ |
| मुक्तक | रामकाजी कोने | ८२ |
| तमू बौद्ध सेवा समिति नेपालमा रहेका अक्षयकोषहरू | | ८३ |
| संरक्षक समिति तथा पदेन केन्द्रीय सदस्य (पूर्वअध्यक्षहरू) | | ८६ |
| तमू बौद्ध सेवा समिति नेपालको कार्यसमितिका पदाधिकारी | | ८७ |
| तमू बौद्ध सेवा समिति नेपालका गतिविधिहरू २०८२ | | ८९ |




# मगर र गुरुङ मातृभाषा गण्डकी प्रदेशमा कामकाजी भाषा स्थापित गर्ने घटनाक्रम संस्मरण



*डा. टेक बहादुर गुरुङ*

**१. भूमिका**

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय देश हो। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १२४ भन्दा बढी भाषाहरू मातृभाषाका रूपमा बोलिन्छन् । यी भाषाहरू केवल सञ्चारका माध्यम मात्र होइनन्, यी भाषा सम्बन्धित समुदायको सांस्कृतिक पहिचान, ज्ञानको निरन्तरता, ऐतिहासिक सञ्चिती र सामाजिक सम्बन्धका आधार स्तम्भ हुन् । तर, वर्तमान नेपाल देश निर्माण र त्यसपछि विगत २५० वर्षभन्दा लामो अवधिभर राज्यले लिएको नीति तथा कदमहरूले गर्दा मातृभाषाहरूको अवस्था दयनीय भएको कुरामा समाजशास्त्री, मानवशास्त्री तथा भाषाविज्ञहरू एकमत रहेका छन् । अधिकारको अन्दोलन तथा सङ्घर्षहरू भइरहे र देशमा परिवर्तन पनि हुँदै गयो। बहुदलीय प्रजातन्त्रहुँदै लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको नयाँ नेपालमा पनि संविधानले विविधतापूर्ण भाषिक अधिकार दिएको छ। यस्तो परिवर्तन भएको भए पनि प्रशासनिक तथा शासकीय संरचनामा व्यवहारिक रूपमा नेपाली भाषाकै प्रभुत्व रहिआएको छ । बहुसङ्ख्यक समुदायले निकै समयदेखि आफ्नै मातृभाषामा सरकारी सेवामा पहुँच नपाउनु नेपालको भाषिक न्याय र सामाजिक पहुँचको संवेदनशील प्रश्न रहँदै आएको छ।

नेपाली बाहेकका समस्त मातृभाषीहरूका लागि खुशीको कुरा के भने नेपालको संविधान २०७२ ले यस समस्यालाई सम्बोधन गर्ने ढोका खोलिदियो । विशेषतः संविधानको धारा ६ र धारा ७ (२)ले प्रदेश सरकारलाई आफ्नै प्रदेशमा बोलिने एक वा सोभन्दा बढी भाषालाई सरकारी कामकाजी भाषा बनाउन पूर्ण अधिकार प्रदान गर्दछ । धारा ७ (३)ले सङ्घीय तहमा नेपाली भाषा सरकारी कामकाजी भाषा हुने स्पष्ट व्यवस्था गरे पनि, प्रदेश र स्थानीय तहमा भाषिक विविधता सम्मान गर्न सकिने अधिकार सुनिश्चित गरेको छ। यही संवैधानिक व्याख्या र भाषिक अधिकारको आधारमा गण्डकी प्रदेशले मगर र गुरुङ (तमू) भाषालाई प्रदेशको कामकाजी भाषा बनाउने ऐतिहासिक यात्रा सुरु गऱ्यो।

गण्डकी प्रदेशमा मगर र गुरुङ समुदायको जनसङ्ख्या उल्लेख्य छ- क्रमशः (१८.८% र ११%)। यी समुदायले बोली, भाषा, पोशाक, चाडपर्व, सङ्गीत र सांस्कृतिक संरचनामा आफ्नो पहिचान संरक्षण गरिरहेका छन्। तर प्रशासनमा भाषिक पहुँच नभएर उनीहरू शैक्षिक र प्रशासनिक रूपमा पछि परिरहेका थिए। प्रदेशका स्थानीय नागरिकले सरकारी कार्यालयमा दस्तावेज बुझाउँदा नेपाली भाषाकै प्रयोग अनिवार्य हुने, मातृभाषीका लागि अनुवाद गर्ने व्यक्ति नहुनु, भाषा नजानेका कारण सेवाको पहुँच ढिलो वा कठिन हुनु- यी समस्या विगतमा सामान्य थिए। यी सबै चुनौतीका बिच पनि प्रदेश सरकारले भाषिक समानता र नागरिक पहुँचलाई प्राथमिकतामा राख्दै गर्दा मगर र गुरुङ भाषाको कामकाजी प्रयोग सम्भव भएको हो।

## २. संवैधानिक आधार र कानुनी वैधता

कुनै पनि भाषालाई सरकारी कामकाजी भाषा बनाउनु राजनीतिक वा भावनात्मक निर्णय मात्रै होइन, यो कानुनी अधिकारको प्रयोग हो। नेपालको संविधान २०७२ को धारा ६ ले नेपाललाई बहुभाषिक राष्ट्रस्वरूप परिभाषित गर्छ, जसमा भनिएको छ कि "नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन्।" यस्ता संवैधानिक वचनहरूले नेपालमा भाषिक समानताको आधार निर्माण गर्छन्। अझ महत्त्वपूर्ण कुरा, धारा ७ ले प्रशासनिक अधिकार सम्बन्धी स्पष्ट व्यवस्था गरेको छ।

धारा ७ (२): प्रदेशसभाले आफ्नो प्रदेशमा प्रयोग हुने एक वा बढी भाषालाई कामकाजी भाषा तोक्न सक्छ।

यसले कामकाजी भाषाको चयन प्रक्रिया प्रत्यक्ष रूपमा प्रदेशसभाको अधिकार क्षेत्रभित्र पर्दछ भन्ने सुनिश्चित गर्छ। यसकारण गण्डकी प्रदेशले मगर र गुरुङ भाषालाई कामकाजी भाषा तोक्दा कुनै अतिरिक्त कानुनी अवरोध रहँदैन।

यो निर्णयसँगै नेपालमा भाषिक सङ्घीयता (linguistic federalism) प्रयोग गर्ने क्रममा गण्डकी प्रदेश दोस्रो प्रदेश हुन पुगेको छ। एक वर्ष पहिले नै बागमती प्रदेशले सुरुवात गरेको थियो।

## ३. प्रारम्भिक पहिचानः भाषिक समुदाय र आवश्यकता

गण्डकी प्रदेशमा मगर र गुरुङ दुवै समुदायको जनघनत्व उल्लेख्य छ। पद्दतिअनुसार भाषिक अधिकार केवल सङ्ख्या र जनघनत्वको आधारमा मात्र नापिँदैन तर भाषिक प्रयोगको ऐतिहासिकता, भौगोलिक पहुँच र सामाजिक-सांस्कृतिक संरचनाको आधार पनि समान रूपमा महत्त्वपूर्ण हुन्छ। मगर भाषाका विभिन्न भौगोलिक बोली भाषा (उदाहरणः ढुट, खाम) र गुरुङ भाषामा (तमू पश्चिम, पूर्वीय बोली र उत्तरी गोरखाको तमू भाषा) विविधता देखिन्छ। यस्ता विविधतामाथि आधारित भएर भाषालाई सरकारीस्तरमा प्रयोगयोग्य बनाउन चुनौतीपूर्ण मानिन्थ्यो। तर भाषिक विविधता नै बहुभाषिक राज्यको सुन्दरता हो।

प्रदेश सरकारले पहिचान गर्‍यो कि राज्य-नागरिक सम्बन्धमा भाषा 'पहिलो पुल' हो। मातृभाषी नागरिकले आफ्नो भाषामा सेवा पाउँदा उनीहरूमा आत्मविश्वास बढ्छ। राज्यप्रति विश्वास वृद्धि हुन्छ र प्रशासनिक प्रक्रिया जनपक्षीय बन्छ। समाज भाषिक दृष्टिकोणबाट मातृभाषा प्रयोगले राज्यलाई जनमुखी बनाउँछ। नागरिकलाई अधिकार दिन्छ र भाषालाई केवल व्यवहारिक प्रयोगमा होइन, औपचारिक जीवित दस्तावेजको रूप दिन्छ।

## ४. भाषा आयोगको अध्ययन र सिफारिस प्रक्रिया

कामकाजी भाषा चयनमा पहिलो औपचारिक कदम भाषा आयोगले चाल्यो। आयोगले नेपालको प्रत्येक प्रदेशमा बोलिने भाषाहरूको तथ्याङ्क सङ्कलन गर्‍यो। जनसङ्ख्या प्रतिशत, भौगोलिक फैलावट, सरकारी सेवा पहुँचमा चुनौती, शिक्षा क्षेत्रमा मातृभाषा प्रयोगका सम्भाव्यताजस्ता पक्षको विश्लेषण गर्‍यो। प्रतिवेदनमा गण्डकी प्रदेशका लागि तीन भाषालाई प्राथमिकतामा राखिएको थियो- मगर, गुरुङ र भोजपुरी।

सिफारिस केवल सङ्ख्यात्मक आधारमा नभई तीन मुख्य आधारमा गरियोः

- भाषा बोल्ने नागरिकहरूको अनुपात,
- भाषाको सांस्कृतिक र ऐतिहासिक महत्त्व, र
- मातृभाषी नागरिकको प्रशासनिक पहुँच सुनिश्चित गर्ने सम्भावना।

यस प्रक्रियाले कामकाजी भाषा घोषणा भावनात्मक वा राजनीतिक नभई तथ्य आधारित र समाजभाषिक अनुसन्धानमा आधारित भएको देखाउँदछ।

**५. विधेयक मस्यौदाः कानुनी संरचना निर्माणको चरणबारे**

भाषा आयोगको प्रतिवेदनपछि गण्डकी प्रदेश सरकारले विधेयक मस्यौदा समिति गठन गऱ्यो। समितिमा भाषाविज्ञ, कानुनविद्, प्रशासनिक अधिकारी तथा मगर-गुरुङ समुदायका प्रतिनिधिहरू सहभागी थिए। समिति बनाउनु आफैमा भाषिक समावेशिताको उदाहरण थियो।

मस्यौदा बनाउनुअघि निम्न कार्यहरू गरिएः

- प्रदेशका ११ जिल्लामा सरोकारवालासँग प्रत्यक्ष छलफल,
- मगर र गुरुङ भाषाका शिक्षक र समुदायबिच खुला संवाद,
- अन्य प्रदेश वा स्थानीय तहमा लागू भएका समान कानुनको अध्ययन, र
- मातृभाषामा सरकारी अभिलेख बनाउँदा आवश्यक प्रशासनिक संरचना पहिचान।

विधेयक तयार गर्दा संविधान, प्रदेश अधिकार, भाषा आयोगका सिफारिस र अन्तर्राष्ट्रिय भाषिक अधिकार संविधि (जस्तै UNESCO Mother Tongue Policy 2003)लाई आधार मानिएको थियो।

समानान्तर रूपमा मगर तथा गुरुङका जातीय सङ्गठनहरू पनि प्रक्रिया सहजीकरणका लागि सक्रिय भए। मगरहरूको छाता सङ्गठन नेपाल मगर सङ्घ र गुरुङहरूको छाता सङ्गठन तमू ह्युल छौंज धीं गुरुङ राष्ट्रिय परिषद्ले पनि आ-आफ्नो समुदायको तर्फबाट मस्यौदा निर्माणमा सहयोगी विज्ञहरू खटायो, जसमा मगर सङ्घको तर्फबाट डा. बिष्णु कुमार सिंजाली मगर र डा. लाल बहादुर पुन मगर रहेका थिए भने गुरुङहरूको तर्फबाट डा. टेक बहादुर गुरुङ, कानुनविद् खड्ग बहादुर गुरुङ र अधिवक्ता राजु गुरुङ। यो पाँच जनाको समूहले पनि मस्यौदाको खाका तयार गरी विभिन्न चरणमा गण्डकी प्रदेशका प्रदेशसभा सदस्यहरू तथा जातीय सङ्गठनहरूसँग संवादहरू चलाएर सुझावहरू सङ्कलन गर्ने काम पनि गरेको थियो। यस्ता कार्यक्रमहरू सञ्चालन गर्न भाषा आयोग, नेपाल आदिवासी जनजाति मञ्च, एसिया इण्डिजिनस पिपुल्स प्याक्ट तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको योगदान रहेको थियो। पोखरामा अवस्थित तमू धीं नेपाल तथा तमू प्ये ल्हु सङ्घले पनि यथोचित योगदान पुऱ्याएका थिए।



विधेयकको मस्यौदामा उल्लेख गरियो कि मातृभाषी नागरिकले कुनै पनि सरकारी कामकाज- जस्तै निवेदन, कागजात, प्रमाणपत्र मगर वा गुरुङ भाषामा पेस गर्न सक्नेछन् । सरकारी कार्यालयले आवश्यकता अनुसार अनुवाद सुविधा उपलब्ध गराउनु पर्नेछ ।

**६. प्रदेशसभामा विधेयक दर्ता र पारित हुने प्रक्रिया**

विधेयक प्रदेशसभामा दर्ता भएपछि विस्तृत बहस भयो । आवश्यक सुधार गर्नुपर्ने देखेर सभासद्हरूले संशोधन प्रस्ताव पनि पेश गर्ने काम भयो । केही सांसदहरूले खर्च, स्रोत व्यवस्थापन, कर्मचारी तालिम आदि विषयमा प्रश्न उठाए । तर भाषिक अधिकार राज्यको लगानी नभई 'नागरिकको अधिकारमा लगानी' भएको तर्क प्रस्तुत गर्ने काम भयो ।

छलफलपछि परिमार्जनसहित विधेयक सर्वसम्मत पारित भयो । विधेयक पारित हुनु भनेको नेपालमा भाषिक लोकतन्त्र (linguistic democracy)को वास्तविक अभ्यास सुरु हुनु हो ।

प्रदेश प्रमुखले प्रमाणीकरण गरेपछि विधेयक कामकाजी भाषा सम्बन्धी ऐनका रूपमा लागू भयो । ऐन लागू हुनु आफैमा एउटा ऐतिहासिक घटना हो । नेपालमा गण्डकी प्रदेशले आफ्नै मातृभाषालाई प्रशासनिक संरचनामा आधिकारिक रूपमा प्रयोगयोग्य बनाएको छ ।

**७. ऐन लागू भएसँगै देखिएका व्यवहारिक परिवर्तनहरू**

प्रदेशसभाले ऐन पारित गरेलगत्तै देशव्यापी रूपमा द्वीप प्रज्ज्वलन तथा विविध कार्यक्रमहरू गरी बढाइँ तथा खुशियाली प्रदर्शन गर्ने कार्यहरू भए । ऐन लागू भएपछि प्रदेश सरकारले भाषा प्रयोग कार्यान्वयनका लागि केही प्रारम्भिक कदमहरू पनि चाल्योः

- अनुवाद इकाई स्थापना गर्ने योजना अघि बढ्यो ।
- कार्यालयका साइनबोर्ड, सूचना, प्रपत्रहरू मातृभाषामा उपलब्ध गराउने तयारी गरियो ।
- मातृभाषामा सेवा उपलब्ध गराउने कर्मचारीको पहिचान र तालिमको योजना बनाइयो ।

यसले प्रशासनिक संरचनामा भाषाको औपचारिक प्रवेशको सुरुवात गऱ्यो । कुनै नागरिकले आफ्नो मातृभाषामा निवेदन बुझाउँदा राज्यले स्वीकार्ने व्यवस्था हुनु नै भाषिक समानताको आधार हो ।

**८. समाजभाषिक र राजनीतिक महत्त्व**

मगर र गुरुङ भाषालाई कामकाजी भाषा बनाउनु केवल भाषिक निर्णय होइन; यो पहिचान, अधिकार र समानताको निर्णय हो ।

यस निर्णयले निम्न परिणाम ल्याउँछः

- भाषिक न्यायः मातृभाषी नागरिकले आफूलाई सरकारी संरचनामा 'देखिएको' अनुभूति गर्छन् ।
- सांस्कृतिक पुनर्जागरणः भाषा सक्रिय रहँदा संस्कृति पनि सक्रिय रहन्छ ।
- राज्य-नागरिक दूरी घट्नेः सेवामा पहुँच बढेर प्रदेश प्रशासनमाथि विश्वास बढ्छ ।
- भाषिक पुनर्जीवनः आधिकारिक उपयोगले भाषा लोप हुने सम्भावना घट्छ ।

भाषा मात्र सञ्चार होइन; अस्तित्व र पहिचानको मूल आधार हो ।

**९. चुनौतीहरू र सम्भाव्य समाधानहरू**

कामकाजी भाषा लागू गर्नु केवल कानुन पारित गरेर सम्भव हुँदैन । लागू प्रक्रियामा केही चुनौतीहरू स्पष्ट छन्-

- मगर र गुरुङ भाषामा उप-भाषागत विविधता,
- शब्दावली तथा सरकारी पदावलीको अभाव,
- प्रशिक्षित अनुवादक र कर्मचारीको कमी, र
- डिजिटल स्रोतको अभाव (किबोर्ड, युनिकोड, OCR उपकरण आदि)

यी चुनौती समाधानका सम्भाव्य उपायहरूः

- स्तरीकरण तथा मानकीकरण (standardization) : साझा पदावली निर्माण,
- भाषा प्राविधिक विकासः युनिकोड टाइपिङ औजार (Unicode typing tool) तथा अनुवाद सफ्टवेयर (translation software) आदि, (स्मरणरहोस् नेवार समुदायले गुगलमा अनुवाद गर्ने व्यवस्था मिलाइसकेको छ ।)
- शिक्षा नीतिसँग समन्वयः विद्यालयमा मातृभाषा माध्यम विस्तार, र

- कर्मचारी तालिमः सरकारी कर्मचारीलाई मातृभाषा ज्ञान ।

समाधान स्पष्ट छ- भाषालाई प्रशासनसँग जोड्नुपर्छ, प्रशासनलाई भाषा सिकाउनु पर्छ । यसका साथै प्रदेशका अल्पसङ्ख्यक विविध रैथाने मातृभाषाहरूलाई पनि उनीहरूको संरक्षण र विकासमा यथोचित ध्यान पुऱ्याउनु पनि पर्दछ ।

**१०. निष्कर्ष**

गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई कामकाजी भाषा बनाउने यात्रा कानुनी रूपमा वैध, समाजभाषिक रूपमा आवश्यक र सांस्कृतिक रूपमा ऐतिहासिक छ । संविधानले दिएको अधिकारको प्रयोग गर्दै प्रदेश सरकारले यो निर्णय लागू गरेपछि भाषा कागज वा घरभित्र मात्र सीमित रहने साधन होइन, राज्यको औपचारिक संरचनामा सक्रिय भूमिका खेल्ने माध्यम बन्न पुग्यो ।

भाषा केवल संवादको विषय होइन- यो अधिकार, पहिचान र समावेशी शासनको आधार हो । अब कार्यान्वयनमा मगर तथा तमू समुदायका सबैले सघन सहकार्य गर्नुका साथै अन्य जनसमुदायसँग पनि तालमेल मिलाउनु जरुरी छ ।

**११. आभार**

नेपाल सरकार, गण्डकी प्रदेश सरकार, भाषा आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जातीय सङ्गठनहरू तथा विभिन्न तह र तप्काका व्यक्ति तथा जनसमुदायहरू धन्यवादका पात्रहरू हुनुहुन्छ ।

*लेखक तमू बौद्ध सेवा समितिका पूर्वमहासचिव हुनुहुन्छ ।*

# तमू बौद्धमा दीप प्रज्ज्वलन

गण्डकी प्रदेशसभाबाट गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने सम्बन्धमा प्रस्तुत विधेयक पारित भएको खुसियालीमा आज साउन ४ गते तमू बौद्ध सेवा समिति नेपालले दीप प्रज्ज्वलन गरेको छ ।

तमू बौद्ध सेवा समिति नेपालले तमू (गुरुङ) जातिको केन्द्रीय छाता सङ्गठन तमू ह्युल छौंज धीं गुरुङ राष्ट्रिय परिषद्का अध्यक्ष धनमान गुरुङको विशेष उपस्थितिमा संस्थाको परिसरमा दीप प्रज्ज्वलन कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा बोल्दै तमू ह्युलका अध्यक्ष धनमान गुरुङले तमू र मगर समुदायको निरन्तरको खबरदारीको सकारात्मक प्रतिफल आएको भन्दै अब कार्यान्वयनको पाटोमा पनि हामीले उत्तिकै पहल गर्नुपर्ने बताउनुभयो । तमू ह्युलका काठमाडौँ उपत्यका संयोजक एवम् तमू बौद्धका सांस्कृतिक संयोजक धर्मराज गुरुङ (राजु)ले अब गण्डकी प्रदेशमा गुरुङ मातृभाषा जान्नेहरूका लागि रोजगारी सिर्जना हुने भन्दै यसले भाषा संरक्षणमा पनि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

तमू बौद्ध सेवा समिति नेपालका अध्यक्ष क्या. नारायण गुरुङले विगतमा तमू बौद्ध सेवा समितिले गुरुङ मातृभाषाको संरक्षण र प्रवर्द्धनमा उल्लेखनीय कार्य गरेको स्मरण गर्दै गुरुङ भाषा गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषा बन्नु सुखद् खबर भएको बताउनुभयो ।

तमू बौद्धका महासचिव पुष्पबहादुरले सञ्चालन गर्नुभएको कार्यक्रममा सबै वक्ताले गुरुङ भाषामै आफ्नो मन्तव्य राखेका थिए । गण्डकी प्रदेशसभाबाट गत असार २४ गते मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषा बनाउने विधेयक पारित भएको थियो । प्रदेश व्यवस्थापिका अर्थात् प्रदेशसभाबाट पारित विधेयक प्रदेश प्रमुखले प्रमाणीकरण गरेसँगै कानुन बन्छ ।

***४ साउन २०८२***




# पहिलो पूर्ण तमू क्युई (गुरुङ भाषा)को पत्रिका तमू कए

नेपाल प्रज्ञा-प्रतिष्ठानले ६७ वर्ष लामो इतिहासमा पहिलोपटक तमू क्युई (गुरुङ भाषा)मा पत्रिका प्रकाशन गरेको छ। कुलपति भूपाल राईको टिम प्रतिष्ठानमा नियुक्त भएपछि तय गरिएको 'सबै भाषा सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' नाराअनुसार नै विभिन्न मातृभाषामा पत्रिका प्रकाशन गर्ने क्रममा सप्रि ल्होमा तमू कए (गुरुङ आवाज) पत्रिका प्रकाशन गरिएको हो।

'तम कए' पत्रिकाको पहिलो अङ्क २०८२ भदौ ४ गतेका दिन तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्य र प्रतिष्ठानका उपकुलपति भूपाल राईको विशेष आतिथ्यमा लोकार्पण गरिएको थियो। प्रमुख अतिथि मन्त्री गुरुङले एउटा ऐतिहासिक एवम् उदाहरणीय कार्य भएको भन्दै यसले प्रज्ञा-प्रतिष्ठानप्रति सबै समुदायको अपनत्व बढ्ने बताउनुभएको थियो। त्यस्तै विशेष अतिथि प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले नेपाल बहुजातीय, बहुभाषिक देश भएको र भाषा पहिचान मात्र नभई ज्ञानको स्रोतसमेत भएको बताउनुभयो। त्यस्ता ज्ञान लिपिबद्ध गराउने पहलस्वरूप पत्रिका प्रकाशन गरिएको उहाँको भनाइ थियो।

पत्रिकाका प्रधान सम्पादक एवम् नेपाल प्रज्ञा-प्रतिष्ठानका साहित्य (मातृभाषा) विभाग प्रमुख राजन मुकारुङले ठुलो सङ्ख्यामा रहेका समुदायको आ-आफ्नै र सानो समुदायको एकभन्दा बढी समुदायको मर्ज गरेर क्रमशः पत्रिका प्रकाशन गर्ने काम भइरहेको बताउनुभएको थियो। यो ऐतिहासिक र सुनौलो अवसरका लागि नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राई, नेपाल प्रज्ञा-प्रतिष्ठानका साहित्य (मातृभाषा) विभाग प्रमुख राजन मुकारुङ र नेपाल प्रज्ञा-प्रतिष्ठान परिवारप्रति प्रकाशन टिम र सम्पूर्ण तमू समुदाय अत्यन्त आभारी रहेको कार्यकारी सम्पादक अनिता गुरुङले बताउनुभयो। कार्यक्रममा तमू समुदायको छाता सङ्गठन तमू ह्युल छौंज धीं गुरुङ राष्ट्रिय परिषद्का अध्यक्ष धनमान गुरुङ र तमू बौद्ध सेवा समिति नेपालका अध्यक्ष क्या. नारायणबहादुर गुरुङले पनि मन्तव्य राख्नुभएको थियो। लोकार्पण कार्यक्रम तमू (गुरुङ) सञ्चारकर्मी संघ नेपालको संयोजनमा सम्पन्न भएको थियो।

'तमू कए'का प्रधान सम्पादक नेपाल प्रज्ञा-प्रतिष्ठानका साहित्य (मातृभाषा) विभाग प्रमुख प्राज्ञ

राजन मुकारुङ, कार्यकारी सम्पादक अनिता प्ल्हेँस्यो तथा सम्पादक मण्डलमा खिम रिल्दी क्ले, गंगादेवी कोन्स्यो, छम क्येसो र रुख ङोराको टोली रहेको छ। तमू समुदायको सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक दस्तावेज यो पहिलो अङ्कमा २८ वटा विभिन्न लेख समेटिएका छन् भने दोस्रो अङ्कका लागि पनि सम्पादकीय टोलीले काम सुरु गरिसकेको छ । दोस्रो अङ्कका लागि सम्पादकीय टिममा मनिराज लेम थप हुनुभएको छ भने छम क्येसो देश बाहिर रहनुभएका कारण हट्नुभएको छ।

कार्यकारी सम्पादक अनिता गुरुङ भन्नुहुन्छ, "तमू कए सम्पादन टोलीका लागि यो पत्रिकाका लागि तमू भाषामा सामग्री तयार गर्न सजिलो भने पक्कै थिएन । पहिलो, लेखकहरूले तमू समुदाय श्रुत परम्परामा आधारित भएकाले लेख्न गाह्रो र असहज मान्ने, दोस्रो आ-आफ्नो भेगअनुसारको तमू भाषिका बोल्ने हुनाले एकरूपता गर्न चुनौती र नेपालीमा आएका लेखहरूलाई तमू भाषामा अनुवाद गर्नुपर्ने काम हाम्रासामु थिए।" त्यसैले सम्पादकीय टिमले जुन-जुन भेगमा तमू भाषा जसरी बोलिन्छन्, त्यहीअनुसार नै राख्ने सहमति गरेको थियो । यसबाट विभिन्न तमू नासाहरूमा बोलिने तमू भाषिकाहरूको पनि पहिचान र दस्तावेज हुने राम्रो अवसर मिलेको उहाँको भनाइ छ।

सम्पादकीय टिम सबै लेखक तथा अनुवादकहरूप्रति अन्यन्तै कृतज्ञ रहेको भन्दै कार्यकारी सम्पादक अनिता गुरुङले लेखकहरूको साथ र सहयोगले तमूहरू पनि आफ्नो मातृभाषामा पहिलो पत्रिका प्रकाशन गर्न सफल भएको बताउनुभयो । आफ्नो समुदाय र भाषाप्रतिको लेखकहरूको साथ र सहयोगले सम्पादकीय टोलीलाई अझ धेरै ऊर्जा, उत्साह र उत्प्रेरणा मिलेको उहाँको भनाइ छ । उहाँले सम्पादकीय टिम 'तमू कए' दोस्रो अङ्क प्रकाशनको तयारीमा जुटिरहेको भन्दै छिट्टै प्रकाशन हुने जानकारी दिनुभयो।



# डा. हर्क गुरुङ : स्मृति विशेष



डेलमान गुरुङ

तमू बौद्ध सेवा समिति नेपालको वार्षिक क्यालेण्डर मुताविक असोज ७ गते 'डा. हर्क गुरुङ स्मृति दिवस'को रूपमा मनाइने गरिन्छ । विगतमाझैँ यस वर्ष असोज ७, २०८२ (२३ सेप्टेम्बर २०२५) अनामनगर तमू बौद्ध सेवा ससितिको हर्क सभाकक्षमा स्मृति कार्यक्रम सम्पन्न गरियो । समितिका पूर्वमहासचिव नरेन्द्रकुमार गुरुङको समन्वय तथा सञ्चालनमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि डा. तेजबहादुर महत एवम् विशेष अतिथि डा. नोवलकिशोर राई हुनुहुन्थ्यो । समितिका अध्यक्ष क्या. नारायणबहादुर गुरुङको सभापतित्व साथै प्रमुख सल्लाहकार पूर्वमाननीय तोरणबहादुर गुरुङको विशेष आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा महासचिव पुष्पबहादुर गुरुङले स्वागत मन्तव्य राख्नुभएको थियो ।

डा. हर्क गुरुङप्रतिको श्रद्धासुमनस्वरूप द्वय अतिथिको अभिव्यक्ति यथाशक्य उहाँहरूकै बोली भनाइलाई संक्षेपमा टिपोट गरिएको छ । पहिलो वक्ता हुनुहुन्थ्यो डा. नोवलकिशोर राई । उहाँले डा. हर्क दाइसितको घनिष्टता र वैचारिक निकटताको आफ्नो अनुभव अनुभूतिलाई रमाइलो पाराले संस्मरण गर्नुभयो । "डा. हर्क दाइ त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्नुहुन्थ्यो । त्यसबेला मेरो सामान्य चिनजान मात्र थियो । आदिवासी जनजाति मुद्दाबारे उठबस हुँदै जाँदा बाक्लै चिनजान र घनिष्टता बढ्यो । मेरो पहिलो जिज्ञासा थियो- गोर्खा भर्ती बन्द गर्नुपर्छ भन्छन् नि वामपन्थीहरू, बन्द गर्नेमा मुड्की उठाउने कि चुपचाप बस्ने ? भनेर हर्क दाइको विचार सुझाव जान्न चाहेँ । उहाँ एकदम स्पष्टवक्ता अङ्ग्रेजीमा भन्नुपर्दा ब्लन्ट (Blunt) ? कोही रिसाओस् कि खुशाओस्ः गोर्खा भर्तीमा तिनीहरूको सन्तान लाग्दा खुशी हुन्छन्, जान नपाउँदा रिस गर्छन् । चुप लाग्नुपर्छ भन्नुभयो । पछि म लण्डन फोक्सटनमा जाँदा दुई/चार जना क्षेत्री बाहुन पनि भर्ती भएको पाएँ, देखेँ । तिनीहरू पनि पल्टन पठाउन कोसिश गर्दा रहेछन्- हर्क दाइले भनेको ठिक रहेछन् भन्ने लाग्यो । डा. हर्क दाइलाई सम्झँदाखेरी उहाँ कार्यक्रम सकेपछि ह्विस्की खाने साथी खोज्नुहुन्थ्यो । मलाई नि कर गर्दा ह्विस्की खाँदिन नि दाइ, बियर चाहिँ लिने गर्छु भन्दा उहाँले ल तिमी जर्मन (राजदूत) बसेको बियर लेऊ, म बेलायत बसेको ह्विस्की खाने बानी परेको भन्नुभयो । लाहुरेको छोरो म युके जाने-आउने गर्दा एकपटक एडेनवर्ग स्कटल्याण्ड पुगेँ । त्यहाँ हर्क दाइले पिएचडी गरेको विश्वविद्यालय हेरे देखेँ । त्यहाँ उहाँले लाउने गरेको क्याप किनेँ । आज त्यही टोपी लगाएर पहिलोचोटी उहाँप्रति श्रद्धासुमन व्यक्त गर्न पाउँदा गर्व महसुस भएको छ । यस मानेमा कि मैले धेरैले हजुर भन्नुपर्ने ठुला व्यक्तिहरूलाई पनि हर्क दाइले तिमी भनेर बोलाउँदा, बोल्दा हाम्रा पनि यस्ता गर्विलो व्यक्तित्व छन् नि भन्ने महसुस हुन्थ्यो । आदिवासी जनजाति समाजलाई




मात्र होइन, नेपाल देशलाई नै चाहिने उहाँजस्तो विद्वत मूर्धन्य व्यक्तित्वलाई सम्झना गर्दै श्रद्धाञ्जली व्यक्त गर्नु कर्तव्यबोध पनि हो । आज मलाई यो अवसर जुराउने भाइ नरेन्द्र गुरुङलाई धन्यवाद दिनुपर्छ। तीन दिनअघि मात्र मलाई डा. हर्क गुरुङको शोक स्मृतिसभा छ, दाइ आइदिनु हुन्छ कि भन्दै गर्दा निम्तो पुगोस् पाहुना नआओस् भने जस्तो लाग्यो। उहाँ जस्तो आदरणीय व्यक्तित्वको सम्झना गर्न पाउँदा आउँछु नि भनेर आएको। ट्राफिक जामले गर्दा ढिला भयो कि त अग्रज हर्क दाइले भए गाली गर्ने थियो भन्ने पनि मनमा पीर थियो। एकदम समयको ख्याल गर्ने, मिहिनेत गर्ने । भूगोल विषय त छँदैछ अन्य हर विषयमा दख्खल भएको उहाँजस्तो महान् चिन्तकलाई सालमा एकचोटी श्रद्धाञ्जली चढाउँदै सम्झना गरौं । तमू बौद्ध सेवा समितिले गर्दै आएको यस पुनित कार्यप्रति अनुगृहित हुँदै मैले चिनेजानेका थुप्रै साथीभाइहरू पनि देखेँ, भेट्ने अवसर मिल्यो । धार्मिक, सांस्कृतिक आस्था भएको यस संस्थाले गरेजस्तो कार्यक्रममा थोरैभन्दा थोरै वक्तालाई मात्र मञ्चाशिन गराउने अझ मेरो धारणा सभाध्यक्ष र सञ्चालक मात्र रहोस् । मञ्चमा लहरै बसाउने, छातीमा नाङ्लो जत्रो ब्याच लगाउने ढर्राको विरोधी म । एकपटक खोटाङमा मदन राईसँग कार्यक्रम गर्दा कसैलाई पनि आशन ग्रहण नगराउँदा सिडियो, एलडियो एकछिन पछि हिँडे । ठिकै छ भन्यौं । अन्त्यमा यस संस्थाको उत्तरोत्तर प्रगति होस् । आयोजक वर्ग एवम् सबै इष्टमित्रहरूलाई धेरै धेरै धन्यवाद !

प्रमुख अतिथि डा. तेजबहादुर महतले स्कुलदेखिको सहपाठी मित्र डा. हर्क गुरुङसित बितेका दिन, क्षणहरूलाई सम्झना गर्दै भन्नुभयो- संसारभरिका विद्वान्हरूमा चिनिएका व्यक्तित्व हुन् उनी । मैले व्यक्तिगत रूपमा चिनेको भारतको मध्यप्रदेश जलान्दरमा। हामी सानैदेखि किङ जर्ज स्कुलमा तीन वर्ष सँगै पढेका हौं । त्यसपछि अर्को ठाउँ नवगाउँको हाइस्कुलमा सहपाठी भएर पाँच वर्ष बोर्डिङमा साथसाथै पढ्यौं। सानै हुँदाको कुरा सम्झनाहरू धेरै छन्। उनी देहरादूनको घोघँडा भन्ने ठाउँमा बस्थ्यो। म चाहिँ वीरपुरतिर वस्थेँ। त्यसबेला केटाकेटीहरू बल खेल्ने ग्राउण्डतिर साइकलको टायर निकालेर यसोयसो घुमाउँदै गुडाएर आउने गरेको सम्झन्छु । रमाइलो गर्नुपर्ने उनको खेलाडी सिप थियो । उनी असाध्यै पढ्नु पर्ने पढैया । त्यत्तिकै विद्वान् भएका होइनन्। नौ क्लासमा पढ्दा एकदिन

लाइब्रेरी बाहिर उभिएर के पढ्ने होला ? भन्दै गर्दा स्कुलको त्यस्तो राम्रो लाइब्रेरी छँदैछ नि भनेको त त्यो त सबै पढिसकेँ भनेपछि भएभरको किताव त्यो लाइब्रेरी ह्वात्तै पढिसकेछन् उहाँले । म छक्क परेको अझै सम्झना छ ।

म नेपाल टिम्बर कर्पोरेशनको डेपुटी जेनेरल मेनेजर भएको बेला एकदिन डा. हर्कले मलाई किताब राख्ने र्‍याक बनाइदेउन भने । कतिवटा चाहिन्छ भन्दा त्यस्तै तीन/चारवटा सिम्पल दराज भए पुग्छ । उनले भनेअनुसार पठाइदिएको । पछि देखेँ, कतिपय तपाईंहरूले पनि देख्नुभयो होला । चारवटा दराजभरि किताबै किताब । त्यसमाथि पनि तख्ता जोडेर किताबहरूको थाक । यसरी उहाँको पढाइप्रति, लेखाइप्रति, विद्याप्रतिको लगाव । डा. हर्कको बारे भनिसाध्य छैन । यस अर्थमा हामी सबै सधैँका लागि डा. हर्क गुरुङ चिनिएका विशिष्ट विद्वान्को रूपमा स्थापित भएका हुन् । उहाँको खुबी विशेषता विद्वता राष्ट्रका लागि पनि द्विकास मोडेलका रूपमा बहुचर्चित रह्यो । तत्कालीन राजा श्री ५ वीरेन्द्र सरकारको पालामा डा. हर्क राष्ट्रिय योजना आयोगको उपाध्यक्ष हुनुहुन्थ्यो । क्षेत्रीय विकासको जन्मदाता प्रयोगकर्ता पनि उहाँ नै थिए । त्यसबेला जवाहरलाल नेहरू विश्वविद्यालयबाट (TNU) Region Development मा पिएचडी गरेका व्यक्ति (विज्ञ नाम नभनौँ) पनि थिए । यद्यपि डा. हर्कको हिमालदेखि तराईसम्म मध्यपहाडी क्षेत्रको सम्पूर्ण भूगोलको जानकारी, उत्पादन क्षेत्रको ज्ञानको आधारमा विभाजन गरिएको चार विकास क्षेत्रको अवधारणा तथा सल्लाह मुताविक श्री ५ वीरेन्द्र सरकारले स्वीकृत गरिबक्सेको हो । सूदूरपश्चिमको विकास क्षेत्र पछि थपिएको हो । आज मेरा सहपाठी विद्वान् डा. हर्क गुरुङको पुण्यतिथि, स्मृतिसभामा मलाई पनि सम्झना गरेर बोल्ने मौका दिनुभएकोमा आयोजक संस्थाका अध्यक्षलगायत सबैलाई हार्दिक धन्यवाद साथसाथै डा. हर्क पढन्ते मात्र होइन सिद्धहस्त लेखक पनि हुन् । उहाँको थुप्रै किताब कृति लेखहरू छन् । ती सबैलाई अद्यावधिक गरेर बनाएर राख्न के कस्तो सहयोग चाहिन्छ दिन म तयार छु । त्यसका लागि मलाई अति गरिमामय महसुस भएको छ ।

श्रद्धाञ्जली मन्तव्यको क्रममा संस्थाका प्रमुख सल्लाहकार पूर्व मा. तोरणबहादुर गुरुङले भन्नुभयो- तमू बौद्ध सेवा समितिको भविष्य कार्य नीति तथा नक्सा कोर्ने मार्गदर्शक संस्थापक प्रमुख सल्लाहकार डा. हर्क गुरुङ हुनुहुन्थ्यो । उहाँको सल्लाहमा संस्थाको नेतृत्व, अध्यक्ष, कोषाध्यक्ष भूतपूर्व ब्रिटिस लाहुरे अफिसरले गर्नुपर्छ । यहाँका पढे/लेखेका प्राज्ञिक पृष्ठभूमिका बुद्धिजीवीले सचिव, महासचिवको जिम्मेवारी लिनुपर्छ, तव मात्र संस्था बलियो, स्थिर र निरन्तर क्रियाशील हुन सक्छ । जो आजसम्म पनि त्यही परम्परा रहिआएको छ । संस्था गतिशील भइरहेको अवस्थामा मानवीय सामाजिक सेवाका साथसाथै बृहत तमू छात्रवृति अक्षयकोषबाट हरेक वर्ष थुप्रै विद्यार्थी लाभान्वित भएका छन् ।

कार्यक्रमको समापन मन्तब्य एवम् धन्यवाद ज्ञापन गर्दै अध्यक्ष क्या. नारायणबहादुर गुरुङले भन्नुभयो- डा. हर्क गुरुङको बारे विविध विषयमा सुन्न पायौँ, बुझ्न पायौँ । संस्थापक प्रमुख सल्लाहकार एवम् मार्गदर्शकसमेत भएको हुनाले उहाँको सम्मानमा पुण्य स्मृतिसभा कार्यक्रम हरेक वर्ष विगतमा अन्य संस्थासँग मिलेर धेरैपटक आयोजना गर्दै आएको हो । यसपटकको कार्यक्रम भने हालै घटेको घटना र परिस्थिति हेरेर लोप्रोफाइलमा सञ्चालन गर्ने सल्लाह भएको हो र अरु धेरै संस्थालाई सहभागी गराउन पाएनौँ । आजको कार्यक्रममा आफ्नो अमूल्य समय दिएर आतिथ्य ग्रहण गर्नुहुने अतिथिज्यूहरू एवम् सहभागी उपस्थित सम्पूर्णमा आभार प्रकट गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु । विशेषतः डा. हर्क गुरुङको सहपाठी हमसफर डा. तेजबहादुर महतज्यूले गत साल रु. १ लाख प्रदान गरेर डा. हर्क अक्षयकोष स्थापना गर्न उत्प्रेरित गर्नुभयो । उहाँप्रति अनुगृहित हुँदै संस्थाको तर्फबाट रु. १ लाख थप गरी रु. २ लाखको अक्षयकोष स्थापना गरिएको छ । आगामी स्मृतिसभाको कार्यक्रम यही कोषको ब्याजबाट सञ्चालन गरिने छ । यस्तै २० जना दाताबाट प्राप्त करिब रु. ६० लाखको छात्रवृत्ति कोषबाट विपन्न, जेहेन्दार विद्यार्थीहरूलाई साधारणसभामा छात्रवृत्ति वितरण गरिँदै आएको छ । दुवै अक्षयकोष वृद्धि गरी मुद्दती खातामा राखेर यसलाई सही व्यवस्थापन र उपयोगी सिद्ध हुने योजनाका लागि विज्ञहरूको राय, सुझाव लिएर अक्षयकोष

उपसमितिलाई परिचालन गरिने लक्ष्य रहेको छ । आफ्नो व्यस्त समयमा पनि यहाँहरू सहभागी हुनु भई कार्यक्रम सफल पारी दिनुभएकोमा प्रमुख अतिथिज्यूलगायत सम्पूर्णमा पुनः हार्दिक धन्यवाद !

कार्यक्रमको अघिल्लो दिन डा. गणेश गुरुङ सोल्टी र म National Network for Safe Migrations ले आयोजना गरेको गोष्ठीमा भाग लिन गोदावरी गएका थियौँ । भ्यू भृकुटी होटेलमा बास बसी भोलिपल्ट संस्थागत प्रतिनिधिहरूसितको छलफल एवम् अधिवेशनमा भाग लिएर फर्किने क्रममा डा. हर्क स्मृति सभाकक्षमा प्रवेश गर्दा केही समय ढिलो भएको थियो । प्रसङ्गबस विगतमा डा. गणेश सोल्टीसितको परामर्श र तमू बौद्धको पहलमा नेपाल पर्वतारोहण सङ्घ (एनएमए), न्यू एरा, गुरुङ पर्यटन व्यवसायी सङ्घ (जिटिन)सँग सहकार्य गरेर डा. हर्क स्मृति कार्यक्रम आयोजना गरिँदै आएको थियो । यही सिलसिलामा डा. हर्क गुरुङको १४औँ स्मृति दिवस २३ सेप्टेम्बर, २०२० एनएमएका अध्यक्ष निमा शेर्पाको सभापतित्वमा कार्यक्रमको प्रमुख अतिथि तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराई हुनुहुन्थ्यो । स्वागत मन्तव्य भने तमू बौद्धको तत्कालीन अध्यक्ष ई. धुर्बबहादुर गुरुङले दिनुभएको थियो । प्रमुख स्रोत वक्ता डा. गणेश गुरुङ (सल्लाहकार), वरिष्ठ पत्रकार भैरव रिसाल, विश्व वन्यजन्तु कोषका नेपाल प्रमुख डा. घनश्याम गुरुङ, म स्वयम् र अन्य संस्थाका प्रतिनिधिसमेत थिए । उक्त जुम संवादमा मेरो भनाई मैले यसरी राखेको थिएँ, सोही बोली यस आलेखमा साभार गरिएको छ ।

डा. हर्क दाइको जीवनयात्रा लमजुङबाट सुरु हुन्छ, नियतिले ताप्लेजुङमा गएर टुङ्गियो । तसर्थ म उहाँको ताप्लेजुङ कञ्चनजङ्घासँग जोडिएका केही घटना र संस्करणहरू चर्चा गर्दै समयमै सक्ने प्रयास गर्ने छु ।

सन् १९९८ भिजिट नेपालको सन्दर्भमा कञ्चनजङ्घा महोत्सव आयोजना गरिएको थियो । टुरिजम बोर्डमा उद्घाटन कार्यक्रम थियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाज्यूले उद्घाटन गर्नुभएको त्यो कार्यक्रममा विशेष अतिथि वक्ताका रूपमा डा. हर्क दाइलाई हामीले आमन्त्रण गरेका थियौँ । उहाँ एकदमै समयको ख्याल गर्ने । कार्यक्रम सुरु हुनुअगावै आउनुभयो । ड्यासमा लगेर बसाउन खोज्दा मान्नुभएन । कुर्सी तानेर पोडियम नजिक कुना पर्दानेर बस्नुभयो । त्यसपछि कार्यक्रम सुरु हुनुभन्दा केही ढिला प्रधानमन्त्री आउनु भयो । उहाँले ड्यासमा बसेर यसो दायाँबायाँ हेर्नु भयो । डा. हर्क गुरुङलाई देखेपछि गिरिजाबाबुले उठेर बोलाउनु भयो । देखेर पनि डा. हर्क दाइले बेवास्ता गर्नुभयो । कार्यक्रम उद्घोषकले आशन ग्रहणका लागि बोलाएपछि मात्र ड्यासमा आउनुभयो । त्यतिबेला उहाँले भन्नुभयो सन् १९७६/७८ देखि नै तिब्बतमा विदेशी पर्यटकलाई र पर्वतारोहणका लागि ओपन गरिएको हो भने ताप्लेजुङ ओलाङ्चुङगोला चाहिँ किन निषेधित क्षेत्र ? सायद दुर्गम क्षेत्र, विकट जिल्ला कुना ठाउँको स्वर आवाज सिंहदरबारसम्म आइ नपुगेको हो कि अथवा सिंहदरबारले सुन्न नचाहेको हो । त्यो कुरा उहाँले प्रधानमन्त्रीलाई इङ्गित गर्दै भन्नुभएको थियो र उहाँले के भन्नुभयो भने दुर्गम क्षेत्र विकासको अवधारणा र विकास समितिको गठन मैले त्यही कारणले योगदान दिने प्रयास गरेको हो ।

सन् २००३ अप्रिलमा सोसल साइन्स वाहाले एउटा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो, वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा । विषय थियो "The Agenda of Transformation Inclusion in Nepal Democracy" । त्यसको किनोट स्पिकर डा. हर्क गुरुङ हुनुहुन्थ्यो । उहाँको बोल्ने पालो आएपछि पोडियममा आएर उभिनुभयो र दर्शकदीर्घातिर हेर्नुभयो अनि तलतिर ओर्लनुभयो । हामी एकछिन अलमलमा पर्‍यौँ । वास्तवमा उहाँले ह्वील चेयरमा बसिरहनु भएका महेश रेग्मीलाई नमस्कार र धुँडामा ढोग गरेर मात्र कार्यक्रममा बोल्न थाल्नुभयो । त्यो बेला हामी अचम्भित भयौँ । एउटा स्कलर अर्को स्कलरप्रति कति नतमस्तक हुँदो रहेछ । मैले यो प्रसङ्ग किन जोड्न खोजेको हो भने देशको प्रधानमन्त्रीले बोलाउँदा अटेर गर्ने तर एउटा विद्वान् विद्वताको अगाडि कति विनम्रता ! त्यो उहाँको आत्मसम्मान, स्वाभिमान

चरित्रको परिचय हुन सक्छ तर उहाँ अहङ्कारमा होइन । अझ मैले भन्न खोजेको सत्ताको तावेदारीभन्दा विद्वताको खातिरदारी कदर गर्ने उहाँको स्वाभिमान चरित्रको विशेषता हो ।

सन् २००० अगष्टमा ताप्लेजुङको विकास सम्भावना र चुनौति विषयमा विचार गोष्ठी आयोजना गरिएको थियो, रसियन कल्चर सेन्टरमा । आयोजक संस्थाको (सहिद श्रीप्रसाद पराजुली स्मृति) तर्फबाट अध्यक्ष म र केही साथीहरू डा. हर्क दाइकहाँ प्रमुख अतिथि वक्ताका रूपमा आमन्त्रण पत्र लिएर न्यूएरामा भेट गर्न जाँदा उहाँले भन्नुभयो- ताप्लेजुङ भन्ने बित्तिकै कञ्चनजङ्घाको कुरा आउँछ, यसबारे राम्रो जानकारी राख्ने वरिष्ठ पत्रकार भैरव रिसाल हुन्, उहाँलाई नि बोलाउनु पर्थ्यो, निम्तो गर्नु पर्थ्यो । आज म खुशी छु, उहाँको वचन पनि पूरा भएको छ । भैरव दाइ आज हामीसँग जोडिनु भएको छ । आफू पनि एक इतिहास पुरुष हुनुहुन्छ । उहाँको कुरा हामी सुन्ने छौँ, उहाँप्रति आभारी छु, यस अर्थमा कि ९४ वर्षको उमेरमा पनि ऊर्जाशील र क्रियाशील व्यक्तित्व हुनुहुन्छ । मेरो अनुरोधलाई स्वीकारेर कार्यक्रमको शोभा बढाइदिनु भएकोमा उहाँलाई धेरै धेरै धन्यवाद पनि छ ।

त्यो विचार गोष्ठीमा डा. हर्क दाइले ताप्लेजुङका मुख्य तीन विशेषताहरू बताउनुभएको थियो । एउटा सन् १७७४ जुनमा भुटानबाट आलु भित्र्याउने पहिलो जिल्ला नै ताप्लेजुङ हो जुन बेला मल्लको शासनकालमा आलु भन्ने थाहा थिएन । पृथ्वीनारायण शाहले काठमाडौँ कब्जा गर्दा आलु पनि पाइँदैनथ्यो । दोस्रो उहाँले सन् १८४८ मा जोसेफ डाल्टन (बोटानिस्ट) दार्जीलिङहुँदै कञ्चनजङ्घाको अध्ययन भ्रमणमा निस्के । ताप्लेजुङ पूर्वी हिमालको प्रकृति र कञ्चनजङ्घाको वनस्पति सम्बन्धी महत्त्वपूर्ण टेक्ट बुक प्रकाशित गरे, जो अझै बजारमा उपलब्ध छ । लण्डनमा जति पनि विविध गुराँसका बीउ बेर्नाहरू पाइएको छ, त्यो सबै कञ्चनजङ्घाको फेद ताप्लेजुङ र सिक्किमबाट लगिएका हुन् । अर्को सन् १८८९ मा बेलायतका सुविख्यात भूगोलविद् एवम् पर्वतारोही पनि डगलस थ्रेसफिल्ड र उनको साथमा इटालीका प्रख्यात फोटोग्राफरले सिक्किमहुँदै कञ्चनजङ्घाको फेरो मारे । त्यहाँको फोटोहरू पश्चिमा मुलुकहरूमा व्यापक प्रचार गरे । त्यसबेलामा सगरमाथाको फोटो खिचिएको थिएन । विश्वमा चर्चा नै थिएन । पश्चिमाहरूलाई थाहा नै थिएन । यसरी नेपालको हिमाल चिनाउने पहिलो ताप्लेजुङ र कञ्चनजङ्घा नै हो । तसर्थ ताप्लेजुङको भविष्य कञ्चनजङ्घाको संरक्षण र पर्यापर्यटन विकासमा निहित छ । तपाईं जिल्लावासीहरूले राम्रोसँग उपयोग गर्नुहोला भन्ने उहाँको सुझाव थियो । त्यसरी हामीले जिल्लाबारे धेरै जानकारी पायौँ, जुन हाम्रो लागि सर्वथा नौलो थियो । तमू बौद्ध सेवा समितिबारे अध्यक्ष ई. धुर्बबहादुर गुरुङले सबै कुरा बताइसक्नु भयो म त्यसबारे धेरै किन बोली राख्ने ।

त्यस्तै सन् २००६ को अगष्ट अन्तिमतिर होला आसामको गुहावटी र सिलाङमा आदिवासी ज्ञान प्रणाली र मल्टी मिडियाको भूमिकाबारे क्षेत्रीय सम्मेलन थियो । हामी म र रीता गुरुङ त्यहाँ जाने तयारी गर्दै गर्दा किनमेलका लागि म न्युरोड गएको बेला आठ बजे राति डा. हर्क दाइले घरमा फोन गर्नुभएको रहेछ । नौ बजे मैले कल ब्याक गर्दा उहाँले के भन्नुभयो भने हेर्, डेलमान तिमीहरूले स्यार्लो तमू प्ये ल्हु सङ्घले जुन तमू (गुरुङ)हरूको खेगी प्रशिक्षण गर्न खोजेको राम्रो कुरा हो तर त्यो ८/१० दिनको ट्रेनिङले केही हुनेवाला छैन । त्यो खालको ट्रेनिङमा आर्थिक बोझ पनि पर्छ । त्यसलाई व्यवस्थित गर्नुपर्छ किनभने गुरुङहरूको प्ये भनेको हाम्रो राष्ट्रिय भाषा सुरक्षित र त्यो हाम्रो विधि विधानको मूल स्रोत हो र नीति सूत्र पनि हो । छ्या भनेको संस्कार विधिविधानले बाँधिएको छ । ल्हु भनेको संस्कृतिमा परम्परागत, नियमित र निरन्तरता छ । त्यसलाई जोगाएर जति पनि खेगी पुरोहित प्रशिक्षण गर्न सकिन्छ, त्यसलाई पाठ्यपुस्तकसहित राम्ररी प्रशिक्षण गर्नुपर्छ । त्यसरी पूर्वका गुरुङहरू लाभान्वित हुनेछन् । स्यार्लोका अध्यक्ष क्याप्टेन भीम गुरुङलाई भनेर यो कार्यक्रमलाई हतार नगर्नु, यसको सम्पूर्ण जिम्मा चाहिँ पोखराको तमू प्ये ल्हु सङ्घलाई दिने मैले भनिसकेको छु । त्यहाँ सम्पर्क गर्ने त्यसरी हामीलाई सुझाव दिनुभएको थियो ।

***डा. हर्क स्मृति अक्षयकोष वृद्धि गर्ने लक्ष्य सँगसँगै तमू बौद्ध सेवा समितिले आयोजना गर्दै आएको डा. हर्क गुरुङ स्मृतिसभालाई समसामयिक विचार संगोष्ठी जस्तो प्राज्ञिक प्लेटफर्मको अवाधारणाबारे मन्थन गर्नु समयोचित होला ।***

अर्को तमू बौद्धको त उहाँ स्थापनादेखि नै प्रमुख सल्लाहकार हुनुहुन्थ्यो मृत्युपर्यन्तसम्म । उहाँ समयको सर्जक र निर्माता पनि हुनुहुन्थ्यो । तमू बौद्धको जुनसुकै कार्यक्रममा आउनुहुन्थ्यो । मार्ग निर्देशन गर्नु हुन्थ्यो एकदिन अलि ठट्यौली पारामा भन्नुभयो । गुरुङहरूले कैले पनि समयमा कार्यक्रम गर्दैनन् बरु गुरुङ जतिले आफ्नो घडी बेचिदिए हुन्छ भनेर हँसाउनु भयो । यो उहाँको आफ्नै विशेषता थियो । तमू संस्थाहरू सबैलाई एक गर्ने उहाँको ठुलो प्रयास, जोड र निर्देशन थियो । समयको क्रममा उहाँ हुँदै हामीले त्यो पूरा गर्न सकेनौं । तर त्यतिबेला उहाँले के सल्लाह दिनुहुन्थ्यो भने उकालो चढ्न लागेको घोडाको लगाम खुकुलो गर्नुपर्छ । एकताको प्रयास गर्दाखेरी आफ्नो कुरा मात्रै माथि पार्ने प्रयास गर्नुहुन्न भनेर हामीलाई सल्लाह दिनुहुन्थ्यो । यसरी गुरुङ सङ्घ-संस्थाको अभिभावक भएर मार्गदर्शन गर्नु हुन्थ्यो । गुरुङ मात्र नभएर तमू बौद्ध सेवा समिति आदिवासी जनजाति महासङ्घको संस्थापक सदस्य भएको नाताले उहाँले आदिवासी जनजाति महासङ्घको पनि प्रमुख सल्लाहकार हुनु भएकाले जनजाति मुद्दाबारे धेरै विषयमा पथ प्रदर्शन गर्नुहुन्थ्यो । यति धेरै योगदान पुऱ्याउनु हुने उहाँप्रति हामी अनगृहित छौं । कृतज्ञ छौं । अर्को कुरा, उहाँजस्तो मल्टी ट्यालेण्टेड लेजेण्डरी पर्सानालिटी अन्तर ाष्ट्रिय विख्यात बुद्धिजीवी बहुआयामिक व्यक्तित्वलाई नेपाल सरकारले राष्ट्रिय विभूतिको घोषणा गरिएपछि मात्र उहाँप्रति सच्चा श्रद्धाञ्जली हुने छ ।

हामी भन्छौं Destiny brings us together' आज मलाई खुशी लागेको छ कि योगेश भट्टराई माननीय मन्त्री देशको मन्त्री हुनुहुन्छ । तर हामी जिल्लावासी ताप्लेजुङ हाम्रो मन्त्री भन्छौं । उहाँको उपस्थितिमा यो कुरा भन्न पाएका छौं । मेरो विनम्र अनुरोध छ- यहाँको कार्यकाल तथा पहलमा डा. हर्क गुरुङलाई राष्ट्रिय विभूति घोषणा गरियोस् । यसका लागि आयोजक संस्था एनएमए, तमू ह्युल छौंज धीं गुरुङ राष्ट्रिय परिषद्, आदिवासी जनजाति महासङ्घसमेतको ऐक्यबद्धतामा चाँडोभन्दा चाँडो पहल गरी माग पूरा होस् र उहाँप्रतिको सच्चा श्रद्धाञ्जली अभिव्यक्ति गर्ने हामीलाई अवसर मिलोस् ।

अन्ततः डा. हर्क गुरुङको वार्षिक श्रद्धाञ्जली कार्यक्रमलाई कसरी समसामयिक गराउन सकिन्छ, फगत स्मृति सभा आयोजना गर्दा औपचारिकता त पूरा होला तर त्योभन्दा पनि परादृष्टि चेतना, चिन्तन र विकासको चौतारो विशेष कार्यनीति र संस्थागत अभिलेखीकरण जरुरी देखिन्छ । राष्ट्रको बौद्धिक निधि र बहुआयामिक व्यक्तित्वका धनी डा. हर्क गुरुङ एक स्वाभिमानी राष्ट्रवादी चिन्तक हुनुहुन्थ्यो । उहाँको सहपाठी मित्र डा. तेजबहादुर महतको सल्लाह सुझावलाई मध्यनजर गर्दै डा. हर्क गुरुङको प्रकाशित पुस्तक, कृति लेखहरूको अद्यावधिक संरक्षण एवम् उपयोग हुने गरी राष्ट्रको बौद्धिक सम्पत्तिको रूपमा जगेर्ना गर्नुपर्ने अवस्था देखिन्छ । डा. हर्क स्मृति अक्षयकोष वृद्धि गर्ने लक्ष्य सँगसँगै तमू बौद्ध सेवा समितिले आयोजना गर्दै आएको डा. हर्क गुरुङ स्मृतिसभालाई समसामयिक विचार संगोष्ठी जस्तो प्राज्ञिक प्लेटफर्मको अवाधारणाबारे मन्थन गर्नु समयोचित होला । एउटै पदावली अङ्ग्रेजीमा भन्नुपर्दा Dr. Harka's Memorial Thoughts on Contemporary Nepal शीर्षक अनुकुल समयबद्ध विषयहरूको प्रस्तुतिकरण तथा अन्तरक्रिया एक अभियान हुन सक्छ ।

अस्तु ।

*लेखक तमू बौद्ध सेवा समितिका पूर्व महासचिव एवं सल्लाहकार हुनुहुन्छ*

# गुरुङ संस्कार अनुरूप कर्मकाण्ड गर्ने गृहस्थी लामाहरूको ऐतिहासिक डाँडाखर्क गोन्पा



✍ पुष्पबहादुर गुरुङ

**परिचयः**

धौलागिरि अञ्चल, पर्वत जिल्ला, कुश्मा नगरपालिका, आर्थर डाँडाखर्क गाउँमा अवस्थित साङङाग दोर्जे छ्योएलिङ गोन्पा त्यस क्षेत्र वरपरको सबैभन्दा पुरानो गोन्पा मानिन्छ। यस गोन्पालाई डाँडाखर्क गोन्पा नामले बढी चिनिन्छ। यो गोन्पा स्थानीय गुरुङ जातिहरूको सामुदायिक गोन्पा हो। यो गोन्पा विसं. १८३६ मा स्थापना भएको मानिन्छ। तर नेपाल सरकार, बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको दर्ता अभिलेखमा विसं. १८५० मा गोन्पाको स्थापना भएको उल्लेख पाइन्छ। गुरुङ जातिमा उच्च हिमाली भाग मुस्ताङ र मनाङबाट भोट परम्परामा दीक्षित लामा पुरोहितको धरै लामो समय अघिदखि व्यवस्था भएअनुरूप यो गोन्पा यस भेग वरिपरिका गृहस्थी गुरुङ लामाहरूको अति पुरानो गोन्पा मानिन्छ।

गुरुङ जातिमा लामाको अलावा क्ल्हेब्री र पच्यु पुरोहितहरू पनि रहेका हुन्छन्। यीमध्ये क्ल्हेब्री र पच्यु वोन र प्रकृतिवादी परम्पराका हुन् भने लामा पुरोहित हिमाली बौद्ध धर्ममा दीक्षित महायानी बौद्ध धर्मावलम्बी हुन्। डाँडाखर्क गोन्पाका स्थानीय गुरुङ लामाहरू महायानीअन्तर्गतको बज्रयानी मन्त्रधारी (ङाग्पा) गृहस्थी लामा पुरोहितहरू हुन्। यस गोन्पाको स्थापना लामा रतन गुरुङले गरेको मानिन्छ। लामा रतनभन्दा अगाडिका लामाहरू लामा सावीर, लामा सर्क्याल, लामा क्याल्बो मनाङको नार गाउँमा गई लामा विद्या सिकेर आएका थिए। पछि लामा रतनको समयदेखि लामा विद्या सिक्न मनाङको नार फू गाउँमा जानेको सट्टा मुस्ताङको शेरिबमा गई अध्ययन गर्ने प्रथाको थालनी गरेको थियो।

तल्लो मुस्ताङलाई शेरिब भनिन्थ्यो र यही तल्लो मुस्ताङको किपर गोन्पामा गई लामा रतनले पहिलोपटक लामा विद्या सिक्ने, छाम बस्ने परम्पराको थालनी गरेका थिए। त्यहाँ विद्या सिकेपश्चात् आजभन्दा करिब दुईसय पचास वर्ष अगाडि उनले आर्थर डाँडाखर्क गाउँमा पहिलो गोन्पा साङङाग दोर्जे छ्योएलिङ गोन्पाको स्थापना गरेका थिए। गुरुङ समुदायमा लामो समयदेखि ब्रिटिस र भारतमा भर्ती हुने परम्परा रहेको हुँदा भर्ती नभएका र भर्ती भई छिटो पेन्सन पकाएकाहरू समेत र प्रायः माहिलो छोरो थाकखोलामा गई लामा विद्या सिकेर ६ महिना छाम बसेर लामा बन्ने प्रचलन थियो। यसरी लामा बनेका लामा पुरोहितहरूले नै गुरुङ समाजमा पूजा आदि गर्ने, ओली बस्ने, मान्छे मरेमा फाल्ने, अर्घौं गर्ने गरी आइरहेको पाइन्छ।

सन् १९६१ सालतिर लामा (थोटल दोर्जे) चीनबहादुर गुरुङले यस गोन्पाको भित्री भागको भित्तामा

अङ्कित थाङ्का चित्रहरू लेख्नका निम्ति थुप्रै भैंसीको छाला उमालेर लेदो बनाई भित्ता लिपेर, हप्तौं दिन हिँडेर काठमाडौं गई स्वयम्भू नजिकबाट रङ्ग सामाग्री किनेर ल्याई थाकखोलाको थकाली चित्रकारहरूबाट गोन्पाको भित्री भागको भित्तामा थाङ्का चित्र कोरेको अनुभव सुनाउनु भएको थियो । हाल यी चित्रहरू जीर्ण अवस्थामा देखिन्छन् ।

**गुरुङ गोन्पा र म्हनेको वास्तुकलाः**

यस गोन्पाको शैली अर्थात् वास्तुकला हिमाली अन्य गोन्पा वास्तुकलासँग मेल खाएको देखिँदैन । यस गोन्पा निर्माणशैली हिमाली क्षेत्र मुस्ताङको तल्लो भागको बाङस्थित पुराना थकाली गाउँहरूतिर देखिने गुम्बा आकृतिसँग मेल खाएको देखिन्छ। यस गोन्पाका लामाहरू तल्लो मुस्ताङको किपर गोन्पामा गई पढ्ने, साधना गर्ने गर्नाले त्यहीँको गोन्पा आकृतिको नक्कल गरी त्यसमा गुरुङ गाउँका स्थानीय साधन र स्रोतको आधारमा बनाइएको हुनाले यस गोन्पामा मिश्रित प्रभाव रहेको देखिन्छ।

चारकुना गारो उठाई वरिपरि चौघेरै ढुङ्गाले छाएको पिँढीमा ढुङ्गाले छाएको पाली रहेको छ र वरिपरि चौघेरै तामाको स-साना हातले घुमाउने म्हनेहरू जडित छन् भने भित्र चारपाटे गोन्पा हल र सिधा माथि माथिल्लो तल्लासम्म खाली भाग तथा भित्र थाङ्का लुगा झुण्डाइएको छ । माथिल्लो सानो खाली भागमा चौघेरा गारो उठाई बाहिरबाट त्यसमा स्वयम्भूको आँखा अङ्कित चित्र र त्यसको धुरी ढुङ्गाले छाएको छ। झट्ट हेर्दा स्थानीय गुरुङ घरजस्तो तर चारपाटे दुईतले मन्दिर आकारको देखिने यस गोन्पाको वास्तुकलालाई गुरुङ र थकाली जातिको मौलिक गोन्पा वास्तुकला मान्न सकिन्छ।

त्यसैगरी गोन्पा कम्पाउण्डको बाहिरपट्टि सेतो, पहेँलो र निलो तीनवटा छुट्टाछुट्टै रङ्ग लगाइएको गुरुङ शैलीको म्हने रहेका छन् । यी म्हनेहरू रिगसुम गोन्पोको प्रतीकका रूपमा स्थापना गरिएको हो । रिगसुम गोन्पो भन्नाले तीन कुलको अधिपति भन्ने हुन्छ। भूत, वर्तमान र भविष्य तीनै कालका बुद्धहरूको शरीर, वाणी र मनको प्रतीकात्मक रूपमा यी तीन बोधिसत्व देवताहरूको त्रिमूर्तिमा अवलोकितेश्वर मञ्जुश्री र बज्रपाणी पर्दछन्। यी तीन बुद्ध कुललाई पद्यम, वाकमल कुल, तथागत वा बुद्धकुल र बज्र कुल भनेर चिनिन्छ। अवलोकितेश्वर (चेन्रेसी) करुणाका मुर्तरूप तथा वोधिसत्व हुन् । उहाँलाई सुप्रसिद्ध षडाक्षरी मन्त्र ओम मणि पद्मे हुँद्वारा आह्वान गरिन्छ। चेन्रेसी पद्यम कुलका अधिपति मानिन्छ, जसले तृष्णा वा चाहनालाई करुणामा रुपान्तरण गर्ने शक्ति धारण गर्दछ । त्यसैगरी मञ्जुश्री (जम्पाला) बुद्ध कुलका अधिपति मानिन्छ र यसले अज्ञानलाई प्रज्ञा वा निर्मल ज्ञानमा रुपान्तरण गर्दछ र बज्रपाणी (छ्यानादोर्जे) बज्र कुलका अधिपति हुन्, जसले द्वेषलाई शक्ति र ऊर्जामा रुपान्तरण गर्दछ । त्यहाँ रहेका तीनवटा म्हने यसै तीनमध्ये सेतो रङ्ग लगाइएको म्हने अवलोकितेश्वरको प्रतीक मानिन्छ भने पहेँलो सुन्तला रङ्गको म्हने मञ्जुश्रीको प्रतीक र गाढा निलो रङ्गको म्हने बज्रपाणीको प्रतीक मानिन्छ।

हिमाली क्षेत्रतिर गाउँमा प्रवेश गर्ने प्रवेशद्वारमा यस्ता त्रिमूर्तिको प्रतीक छ्योर्तेन राखिने चलन पाइन्छ । यो परम्परा गुरुङ लामाहरूले पनि गाउँको प्रवेश मार्ग वा देउरालीमा सिमेभूमे स्थानीय देवीदेवताले रक्षा गर्न, मञ्जुश्री पात्रोअनुसार ल्हो वर्ग गणना, विद्याधन ऐश्वर्य प्राप्त गर्न मञ्जुश्रीको प्रतीक पहेँलो म्हने बनाउने साथै सबै पापकर्मबाट मुक्ति दिलाउन करुणाको प्रतिरूप चेन्रेसीको प्रतीक सेतो म्हने बनाउने र लागोभागो दोष हटाउन गाउँघरको रक्षा गर्न छेनादोर्जेको प्रतीक निलो रङ्गको म्हने बनाउने चलन गुरुङ लामा परम्परामा धेरै अघिदेखि रहेको पाइन्छ। यसप्रकारको रिगसुम गोन्पोको प्रतीक निर्मित म्हने गुरुङ परम्परा अनुरूप गरिने चारसुर मिलेको गुरुङ शैलीको छ्योर्तेन हुन् ।

**गुरुङ संस्कारअनुरूप गरिने कर्मकाण्डमा यहाँका लामाहरूको भूमिकाः**

सामान्यतया गुरुङ समुदायमा पितृकार्य अर्घौं गर्दा क्ल्हेब्री पुरोहित बोलाउनेले पच्यु पनि संयुक्त रूपमा बोलाउने गरिन्छ भने डाँडाखर्कका लामाहरूले पितृकार्य गर्दा धेरै लामो समय अघिदेखि पच्यु र लामा मिलेर संयुक्त रूपमा अर्घौं गर्ने गरेको पाइन्छ । पच्यु र क्ल्हेब्रीको पे

पौराणिक कथा एवम् शास्त्र तमू भाषामा मौखिक रूपमा हुन्छ भने लामाको ग्रन्थ भोट भाषामा लेखिएको हुन्छ, जसमा भगवान् बुद्धको उपदेश र दर्शन पाइन्छ। गुरुङ समाज खेगी (पुरोहित), चोंगी (भलाद्मी) र पैंडी (ज्योतिष) मिलेर बनेको समृद्ध समाज हो। गुरुङ पुरोहितहरूमा पच्यु, क्लेह्ब्री र लामामध्ये यी पुरानो गुरुङ गृहस्थी लामाहरूको दुई किसिमको शास्त्रको ठेली पे छ्योए र त्हैं छ्योए हुन्छन्।

पे छ्योए पितृकार्यमा (अर्घौं) गर्दा पढ्ने गरिन्छ भने त्हैं छ्योए महाँकाल पूजा वा फैलु पूजापाठ गर्दा, ह्यो खुवा गर्दा पढ्ने गरिन्छ। यी त्हैं छ्योए र पे छ्योएहरूमा पच्यु, क्लेह्ब्रीले गर्ने गुरुङ संस्कार र लामा शास्त्रअनुसारको कर्मकाण्ड विधि मिसिएको हुन्छ। यसैअनुरूप कर्मकाण्ड गर्ने यस डाँडाखर्क गोन्पाका लामाहरूले लामो समयदेखि गुरुङ परम्परा र संस्कार धानेर आइरहेको छ। गुरुङको रीतिथितिअनुरूप कर्मकाण्ड गर्ने विशेषगरी पितृकार्य गर्दा आस्यौं (मावली), छोरीचेलीको भूमिका रहने, ऋलुमैलु गरेर काजकिरिया गर्ने, पच्यु समेतसँग संयुक्त रूपमा अर्घौं गर्ने हुँदा गुरुङ संस्कारअनुरूपको कर्मकाण्ड विधि यस गोन्पाका लामाहरूले लामो समयदेखि धान्दै आइरहेको छ।

लामा परम्पराको सुरुवातमा गुरुङ गृहस्थी लामाहरूले मनाङको नार गोन्पाबाट श्री ज्ञान चतुर्बाहु महाँकाल (पलह्येसे गोन्पो छ्याग)को पूजा गर्ने विधि ल्याएको मानिन्छ। गुरुङ गृहस्थी लामाहरूको सम्बन्ध तिब्बतको पुरानो निङ्मापा सम्प्रदायको (ङाग्पा) गृहस्थी लामाहरूसँग रहेको हुन्छ। यसैले यिनीहरू निङ्मापा सम्प्रदायका हुन्। निङ्मापा सम्प्रदायमा पनि आ-आफ्नो गुरु परम्पराअनुसार विभिन्न इष्टदेवताहरू (हिदम) हुन्छन्। यी निङ्मापा गृहस्थी लामाहरूले अति पुरानो कर्मकाण्ड उत्तरनिधि (झ्याङ्तेर) विधिद्वारा पितृकार्य अर्घौं गर्दै आएको पाइन्छ।

भोट भाषामा झ्याङ्तेरको अर्थ उत्तरनिधि हो। यसमा १०८ (छ्योका) पूजा विधिहरू हुन्छन्। भोटमा विकास भएको विभिन्न प्राचीन तन्त्र साधना निधिका रूपमा अभ्यासमा रहेका जति पनि विधिहरू छन्। त्यसलाई उत्तरनिधि (झ्याङ्तेर) भनिन्छ। यो प्रायः पुरानो

**लामा परम्पराको सुरुवातमा गुरुङ गृहस्थी लामाहरूले मनाङको नार गोन्पाबाट श्री ज्ञान चतुर्बाहु महाँकाल (पलह्येसे गोन्पो छ्याग)को पूजा गर्ने विधि ल्याएको मानिन्छ। गुरुङ गृहस्थी लामाहरूको सम्बन्ध तिब्बतको पुरानो निङ्मापा सम्प्रदायको (ङाग्पा) गृहस्थी लामाहरूसँग रहेको हुन्छ। यसैले यिनीहरू निङ्मापा सम्प्रदायका हुन्। निङ्मापा सम्प्रदायमा पनि आ-आफ्नो गुरु परम्पराअनुसार विभिन्न इष्टदेवताहरू (हिदम) हुन्छन्। यी निङ्मापा गृहस्थी लामाहरूले अति पुरानो कर्मकाण्ड उत्तरनिधि (झ्याङ्तेर) विधिद्वारा पितृकार्य अर्घौं गर्दै आएको पाइन्छ।**

निङ्मापा परम्पराका लामाहरूले अभ्यास गर्ने गर्दछन्। झ्याङ्तेर विधिमा झ्यामल सिन्जी, चित्त साधना (थुडुप), सर्वगतिबाट मुक्ति (ढोवा कुण्डोल), बज्रकिलाय (दोर्जे फुर्वा) आदि इष्टदेवता (हिदम) पर्दछन्। गुरुङ गृहस्थी लामाहरूमध्ये स्याङ्जा सिरुबारीतिरका लामाहरूले झ्यामल सिन्जी (हिदम) झ्याङ्तेर विधिमा अर्घौं गर्दछन् भने यस डाँडाखर्कका लामाहरूले थुडुप हिदम चित्त साधना विधिबाट गर्ने गर्दछन् र कोल्मातिरका लामाहरू र घान्द्रुकतिरका लामाहरूले ढोवा कुण्डोल विधिबाट गर्ने गरिन्छ। यसैगरी लमजुङतिरका लामाहरू र गोरखा बारपाकतिरका लामाहरूले प्रायः दोर्जेफुर्वा हिदम (बज्रकिलाय) विधिद्वारा पितृकार्य गर्ने गर्दछन्।

प्रारम्भमा भोटबाट हिमाली भञ्ज्याङ पार गरेर क्होलसोंथरमा आई पहिलो बस्ती बसालेका गुरुङ जातिले पछि त्यहीँबाट शाखाबन्दी भई मनाङको नार फूमा गई लामा विद्या सिकेर गुरुङ समाजमा बौद्ध धर्म भित्र्याएको मानिन्छ। पछि क्होलसोंथरबाट पश्चिमतिर कास्की, स्याङ्जा र पर्वत बसाइँ सर्दै गएका गुरुङ लामाहरू कालीगण्डकीको तीरैतीर तल्लो मुस्ताङस्थित कालीगण्डकी वरिपरिका गोन्पाहरूमा

गई त्यहाँका थकाली लामाहरूसँग लामा विद्या सिकेर फर्कन्थे। कोबाङस्थित म्हि कि ल्हाखाङ गोन्पा, खान्तीको नारसाङ गोन्पा, टुकुचेको रानी गोन्पा, महाँकाल गोन्पा, किपर गोन्पा, छाईरो गाउँको छईरो गोन्पा, मार्फाको तासी ल्हाखाङ गोन्पा र स्याङ गाउँको धिंछिलिङ गोन्पाहरू कालीगण्डकी नदीको वरिपरि रहेका गाउँहरूमा अवस्थित गोन्पाहरू हुन् र गुरुङ लामाहरू त्यहाँ गई अध्ययन गर्ने परम्परा केही दशक अगाडिसम्म थियो। यसको एउटा उदाहरण विसं. १८३६ मा निर्मित यस डाँडाखर्क गोन्पा अर्थात् साङ्ङाग दोर्जे छ्योएलिङ गोन्पालाई लिन सकिन्छ।

यस डाँडाखर्कका गृहस्थी निङ्मापा सम्प्रदायका लामाहरूले गर्ने पितृकार्यमा उनीहरू पच्युहरूसँग मिलेर अर्घौं गर्ने, अलाँ ठड्याउने, ह्नितेब, प्ल रोब गर्ने, च्यहु खु गर्ने, न्हम्से खुव सातो बोलाउने, रिच्हमी ऋसा गर्ने, आस्यौं चाहिने आदि गर्दछन्, जुन गुरुङ लामा परम्पराअनुरूपको बौद्ध संस्कारको स्थापित रूप हो। अर्घौं गर्दा लामा बासमा किलखोर गरी जग्गे चारपाटे नौ तले गर्ने, न्हार सिठो मान्ने आदि गर्दछन्। यसमा न्हार भनेको नरक सि भनेको शान्त र ठो भनेको रौद्र अर्थात् अशान्त भन्ने बुझाउँछ।

यसमा बाघ, मान्छे, स्याल, गिद्ध आदिको टाउको भएको १०८ पत्ताहरू टाँस्ने र चार दिशामा चारवटा थाङ्का टाँस्ने। लामाहरूले पूर्वतिर आङ फर्काएर जग्गे बसाल्ने र अगाडिपट्टि साङ्गे च्योम्देन्दे मारविजय भगवान् बुद्धको थाङ्का टाँस्ने, उत्तरतर्फ गुरु रिम्पोर्छेको चित्र अङ्कित थाङ्का टाँस्ने गर्दछ। दक्षिणतर्फ (देशे खोर्लो) सम्बरको थाङ्का टाँस्ने, पश्चिमतर्फ (पल यशे गोन्पो छ्याग) चतुर्बाहु महाँकालको थाङ्का टाँस्ने गर्दछ। यस्ता थाङ्काहरू आ-आफ्नो हिदमअनुसार बेग्लाबेग्लै देवताको टाँस्ने गरिन्छ। यस्ता पितृकार्य (पय) तीन दिनको हुने गर्दछ। पय चुव, ह्नितेव, पय लिव गरी तीन दिनसम्म गर्ने गरिन्छ। पहिलो दिन थाल्ने दोस्रो दिनमा अस्तु ल्याउने र तेस्रो दिनमा च्याङ्पर (क्हो) प्रतीक बनाई नाम लेख्ने र अर्घौंको अन्तिम क्षणमा मृतकको नाम लेखिएको चित्त स्वरूपको झण्डा च्याङ्पर जलाउने गरिन्छ। च्याङ्पर जलाउनेलाई गुरुङ भाषामा ङ्होबर खोंब पनि भनिन्छ। यो भोट भाषाको गुरुङकरण हो। यसरी यी सम्पूर्ण विधिमा माथिको (पय छ्योए)का विभिन्न अध्यायहरू पाठ गरी पितृकार्य (अर्घौं) को बिसर्जन गर्ने गरिन्छ। अन्तमा लामाले ग्रहदशा काट्ने दोषदोखलो पन्छाउने, आयु वृद्धिको पूजा गर्ने, सुख, समृद्धि तथा ऐश्वर्यको ह्यो खुवा पूजा गर्ने आदि गरिन्छ। यसका लागि लामाहरूले त्हये छ्योए पाठ गर्ने गरिन्छ।

**नयाँ कर्मकाण्ड विधिमा रूपान्तरणः**

हिजोआज यहाँका गृहस्थी लामाहरूले परम्परादेखि आफूहरूले गरी आइरहेका विधिलाई समयसापेक्षिक तरिकाले मृत्यु संस्कार अर्घौंलाई सप्ताह (दुन्ठक झ्याङ्पर) विधिमा रुपान्तरण गरेको पाइन्छ। दुन्ठक झ्याङ्पर भनेको भोट भाषामा दुनको अर्थ सात र दुन्ठकको अर्थ सप्ताह र झ्याङ्पर भनेको झ्याङ्को अर्थ शुद्धि र परको अर्थ नक्सा, फोटो भन्ने अर्थ लाग्छ। यसको दार्शनिक आधार खोज्ने हो भने यसको सम्बन्ध भगवान् बुद्धकै दर्शन र अभ्याससँग सम्बन्धित रहेको हुन्छ। मानिसको मृत्युपश्चात् स्थुल शरीरबाट च्युत भएको चित्त विज्ञानले अर्को स्थान पाउन ४९ दिन लाग्ने र सो अवधिभरिको अवस्थालाई अन्तराभव भनिन्छ। यो विधिमा लामाले आवश्यक सामाग्रीहरू जम्मा गरेर पूजाको निम्ति मण्डल अर्थात् जग्गे तयार गर्ने गरिन्छ। उक्त मण्डल निर्माण विधि पनि फरक-फरक हुने गर्दछ र थाङ्का पनि मण्डलअनुरूप बज्रसत्व, अमिताभ बुद्ध वा लोकेश्वर कुन विधिबाट गर्ने हो सोहीअनुसार थाङ्का झुण्ड्याइने गरिन्छ।

सामान्यतया मण्डल बनाउँदा अमिताभ बुद्धको, सिठोको, बज्रसत्वको बनाउने गर्दछ। यसमा यी देवताहरूको प्रतीक रूपमा लामाले उवा वा चम्बाको पिठोको कैंदु (तोर्मा) बनाएर राखिन्छ र त्यसपछि दायाँ-बायाँ वा अगाडि एक तह तल धर्मपालको तोर्मा बनाइ राखिन्छ। धर्मपाल भन्नाले महाँकाललाई लिने गरिन्छ। धर्मपालको अगाडि सप्त विधान पूजाको प्रतीकका रूपमा अर्घ, पाद्यम्, पुष्प (माला), धूप, दीप (आलोक्य), गन्धे (अत्तर), नैवेध र शब्द आदिले मनबाट पूजा गरिनुका साथै सप्त विधानोत्तर पूजामा वन्दना, पुजना, देशना, अनुमोदना, अध्येषण (अनुरोध), याचना र परिणामना जस्ता क्रियाको

प्रतीकात्मक रूपमा सातवटा कटौरामा पानी, वरिपरि फलफुल आदि राखेर सजाइन्छ। यसपछि सुरुवातमा लामा गुरुहरूले अष्टमङ्गल पाठ गरी साङ्सेरक्यम धुपधयाँर पूजा गरिन्छ। यो सामन्यतया पूजा गर्दा पूरा गरिने आवश्यक प्रक्रिया हुन्।

यस्ता पितृकार्यहरू सामान्यतया दुई प्रकारले गर्ने गरिन्छ। पहिलो होद्छ्योग विधिबाट र दोस्रो कोन्छ्योग चिदुई साधना विधिको आधारमा गरिन्छ। होद्छ्योग विधि साङ्ग्यहोपामे अर्थात् अमिताभ बुद्धको क्षेत्र सुखावती भुवनमा मृतकको चुति चित्तविज्ञानलाई पुऱ्याउने विधि हुनाले होद्छ्योग अमिताभ बुद्धको साधना गर्ने पूजा विधि हो। होद् भनेको अनन्ताभ भएको अमिताभ र छ्योग भनेको पूजा विधि हो र कोन्ज्यो चिदुई विधि गुरु पद्मसम्भवको निधि मानिन्छ, यसमा झ्याङ्तेर विधिको समेत केही मिलाएर सजिलो तवरले बनाइएको हुन्छ।

पहिलो होद्छ्योग विधि दुन्ठक झ्याङ्पर विधिअनुरूप गरिने अर्घौंमा गर्ने गरिन्छ भने कोन्छ्यो चिदुई विधिमा त्रिरत्न समुच्चय विधिमा प्रवेश गरी त्रिमुल साधना अर्थात् गुरुदेव र डाकिनीको साधनामा पद्मसम्भव, हेरुका (दोर्जे ट्हक्पो) हिदम र डाकिनी अर्थात् खाण्डोमा एकाजटि जस्ता देवीको तन्त्र साधना गरिने हुनाले दुन्ठक झ्याङ्पर विधिमा भन्दा एक राते वा तीन राते अर्घौंमा कोन्छ्योग चिदुई विधिअनुरूप गर्ने गरिन्छ।

पूजाको विधिअनुरूप पूजा फरक-फरक हुने गर्दछ। दुन्ठक झ्याङ्पर होद्छ्योग विधिबाट गरिने हुँदा मृतकको झ्याङ्पर बनाउँदा करिब डेढ फिट जति लामो बाँसको सुइरोमा मृतकको नाम लेखी म्रही अक्षर अङ्कित सानो कागजको टुक्रामा पछाडिपट्टि सिठोको मन्त्र सुङ् अङ्कित रहेको हुन्छ। तर परम्परागत लामाहरूले भने यसको सट्टामा प्ल अर्थात् मृतकको प्रतीक बनाउने गरिन्छ। यसरी सुरुमा शरणगमन गरी क्रमागत रूपमा चित्तोत्पाद, स्थान अधिष्ठान, आह्वान अर्पण, प्रशंसा साधना गरी त्यसपछि महाँकाल पूजा, सिठो पूजा, गणचक्र पूजा गरी मृतकको अन्तराभव (भार्दो) ठोटल पाठ गरी मृतकको फोटो अर्थात् झ्याङ्पर बत्तीमा मूल लामाले जलाउने गरिन्छ र अन्तमा बत्ती अर्पण, पाप देशना, गल्ती भए माफी पाउँ भनेर परिणामना पाठको मङ्गल वाचन गरी कार्यक्रम समापन गरिन्छ।

यसरी शास्त्रअनुसारको पाठ र अभ्यास गरी गरिने पूजा सबै समान किसिमकै हुन्छन्। विधि मात्र केही फरक हुन्छन् र अन्ततः मृतकको झ्याङ्पर पोल्ने कार्य गरी समापन गरिने हुँदा गुरुङ जातिले गर्दै आइरहेको सांस्कारिक पक्षको यसमा अभ्यास गरेको देखिँदैन। तर अन्तमा गुरुङ परम्परा अनुसार मावली (आस्यौँ)ले टीका लगाइ चोख्याइ सकेपछि मावली (आस्यौँ), छोरी-ज्वाइँ (रिच्हमी, म्हो) आदिलाई दान दिई यस प्रकारको होईछ्योग विधिमा दुन्ठक झ्याङ्परबाट छोटकरीमा अर्घौं सम्पन्न गरिन्छ।

**निष्कर्ष:**

डाँडाखर्क गोन्पा गुरुङ समुदायको सबैभन्दा पुरानो ऐतिहासिक गोन्पा मानिन्छ। लामा रतन गुरुङले मुस्ताङमा गई लामा विद्या सिकेपश्चात् यहाँका लामाहरू लामा विद्या सिक्न मनाङको सट्टा मुस्ताङमा जाने प्रचलनको थालनी भएको देखिन्छ। यस गोन्पाका लामाहरू धेरै अघिदेखि मुस्ताङस्थित किपर गोन्पामा गई लामा विद्या सिकेर फर्कने हुँदा किपर गोन्पाको लामालाई आफ्नो चावैलामा मान्दछ। यस गोन्पाका लामाहरूले आफ्नो इष्टदेवता (हिदम), चित्तसाधना (थुडुप) मान्ने गर्दछ र यहाँका सबै लामाहरू (ङाग्पा) गृहस्थी लामाहरू हुन्। यहाँका लामाहरूले पच्यु राखेर अलाँ, प्ल बनाई अर्घौं झ्याङ्तेर विधिद्वारा गर्ने गुरुङ संस्कारको बलियो थिति बसालेको देखिन्छ। तर हिजोआज समयको माग बमोजिम एकराते अर्घौं गर्ने वा होद्छ्योग विधिद्वारा दुन्ठक झ्याङ्पर गरी अर्घौं गर्ने प्रचलन बढेकाले सोहीअनुरूप नयाँ रुपान्तरित विधिद्वारासमेत गरिरहेको देखिन्छ।

*लेखक तमू बौद्ध सेवा समिति नेपालका महासचिव हुनुहुन्छ।*

# गुरुङ समुदायको पै संस्कारमा आत्मा यात्रा



✍ डा.पोलबहादुर गुरुङ

**१. परिचय**

नेपाली आदिवासी जनजातिहरूमध्ये गुरुङ समुदाय पनि एक हो। गुरुङ समुदायले आफ्नो छुट्टै मौलिक परम्परा, इतिहास, घटना, कथा, रीतिथिति, संस्कार-संस्कृति र विश्वास प्रणालीको अभ्यास गर्छन्। यिनीहरूको फरक खालका सामाजिक परिवेश र सामाजिक मुल्य-मान्यता रहेका हुन्छन्। गुरुङहरूको आफ्नो पौराणिक र परम्परागत पुरोहित रहेका हुन्छन्, जसलाई उनीहरू खेकी (पच्यु र ल्हौरी) भनी चिनाउँछन्। पच्यु र ल्हौरीले संस्कारहरूमा गुरुङको इतिहास, घटना, कथा, मिथकहरू मौखिक पाठ गर्छन्, जसलाई 'प्ये' भनिन्छ। यो प्ये गुरुङहरूको शास्त्रीय भाषामा हुन्छ, जसलाई उनीहरू चों क्यूई भन्छन्। जुन गुरुङहरू उत्तरी भेगबाट नेपाल आउनुअघिको ठाउँ र भाषा भएको विश्वास गरिन्छ। गुरुङहरूको यो मौखिक प्येअनुसार यिनीहरूको सामाजिक र सांस्कृतिक उद्‌विकास हुने क्रममा उत्तरी भागहुँदै नेपालमा अहिलेको अन्नपूर्ण हिमश्रृङ्खलाको सेरोफेरोमा बसोबास गरेको पाइन्छ। म्याकफर्लेन र गुरुङ (१९९०) काअनुसार, "गुरुङहरू अन्नपूर्ण क्षेत्रका प्रमुख समूह हुन् तर उनीहरू अन्य समूहहरूद्वारा घेरिएका छन् र केही हदसम्म तिनीहरूसँग मिश्रित छन्। यीमध्ये केही तिब्बती-बर्मन समूहका हुन् र भाषा र संस्कृतिमा गुरुङसँग अलिकति समान छन्।"

गुरुङहरूको मौखिक प्येमा पनि गुरुङहरू उत्तरी भागहुँदै नेपालको अहिलेको मुस्ताङ, मनाङ, लमजुङ र कास्कीको हिमाली भागहरूमा आएर बसेको इतिहास पाइन्छ। अहिलेको कास्कीको क्होलासोंथरको भौगोलिक र पुरातात्विक अध्ययन र अनुसन्धान भइरहेको छ। यही अन्नपूर्ण हिमश्रृङ्खलाको सेरोफेरो नै कालान्तरमा गुरुङ समुदायका लागि पशुपालन, खेतीपाती, सिकारी पेशा र आफ्नो मौलिक संस्कार, संस्कृतिको अभ्यास र निरन्तरताका लागि उपयुक्त ठाउँ बन्यो।

यस अध्ययनले नेपालको कास्की जिल्लाको सिक्लेस गाउँमा बस्ने गुरुङ समुदायका पै संस्कारमा मृतकको आत्माको यात्रा गराउँछ अर्थात् मृतकको आत्मालाई पितृहरूको भूमीमा पुऱ्याउँछ। यो संस्कार परम्परागत गुरुङ संस्कार विशेषज्ञहरू जसलाई खेकी भनिन्छ, पच्यु र ल्हौरीद्वारा मौखिक पाठहरू (प्ये) प्रयोग गरेर सम्पन्न गरिन्छ। यो लेखको उद्देश्य यो संस्कारमा निहीत सांस्कृतिक अर्थहरूको खोजी र व्याख्या गर्नु हो, जसमा मौखिक पाठहरू र गुरुङ संस्कार खेकीहरूले दिएका व्याख्याहरूको विश्लेषण गरिएको छ। यो मानव विज्ञान अध्ययन मेरो विद्यावारिधिका लागि सिक्लेस गाउँमा सन् २०१७ देखि २०१९ सम्मको अवधिमा सञ्चालन गरिएको थियो र यो



लेख यसै विद्यावारिधिको क्रममा गरिएको अध्ययन र अनुसन्धानमा आधारित छ। पैलाई यसरी हेर्न सकिन्छः

पेट्टीग्रीउ (१९९९) काअनुसार पै गुरुङहरूको एकदमै महत्त्वपूर्ण र आवश्यक संस्कार हो। पै गुरुङहरूको मृत्यु संस्कारको एउटा पाटो हो जुन मृत्युपरान्त गरिन्छ। यो मृतक परिवार सामाजिक र आर्थिक रूपमा तयार र सहज भएपछि गरिन्छ। यो संस्कार मृतकको आत्मालाई पितृहरूको लोकमा पुऱ्याउनका लागि गरिन्छ। पै संस्कारमा मृतकको आत्मालाई सुरक्षित तरिकाले पितृलोक अथवा पवित्र लोकमा पुऱ्याइन्छ। मैले यसलाई आत्माको यात्रा संस्कार भनी सम्बोधन गरेको छु।

यसैगरी कुल्सभिन (१९९९) काअनुसार अन्त्यमा आत्मालाई घरबाट पितृकहाँ पुऱ्याउन उनीहरूले प्ये पाठ गर्छन्। विभिन्न ठाउँहरूको नाम लिँदै पच्युहरू पुर्खाहरूको लोकमा पुग्छन्। उनीहरू मृतकको घर भएर उत्तरी भागहुँदै अग्ला डाँडा र क्होला भएर हिमालतिर पुग्छन्। पच्युहरूले धेरै ठाउँहरूको नाम लिँदै जान्छन्। ती सबै ठाउँहरू बिसाउने ठाउँ, नदीनाला, हिमाल भएर अर्कै ठाउँहरू आउँछन् र अन्त्यमा मृतकको आत्मालाई पितृलोकमा पुऱ्याइछ।

**२. पै गर्ने योजना**

गुरुङको समाज परापूर्वकालदेखि अनौपचारिक संस्था र यसको सामाजिक-सांस्कारिक नियम र नाता सम्बन्ध अनुसार चल्दै आएका छन्। समाजमा विभिन्न अङ्गहरूले आफ्नो सामाजिक र सांस्कारिक उत्तरदायित्व वहन गर्छन्। त्यसैले पै संस्कार पनि सामाजिक रूपमै सम्पन्न गराउँछन्। पै गर्नुअघि पैंडी (गुरुङ ज्योतिषी)ले पै सुरु गर्ने दिन हेर्छन्। गुरुङको प्ये ताँ ल्हु ताँ र ज्योतिषअनुसार बिजोर दिन, बिजोर महिना, बिजोर वर्ष र बिजोर ल्होमा पै गरिन्छ अथवा जोर दिन, महिना, वर्ष र वर्गमा गरिँदा अशुभ हुन्छ भन्ने शास्त्रीय मान्यता छ। पहिला-पहिला गाउँघरमा विशेषगरी हिउँद महिनाहरूमा पै गर्ने चलन थियो। यसो गर्दा पैका लागि चाहिने आवश्यक सामानहरू जुटाउन सजिलो हुन्थ्यो तर आजकल वर्षभरि नै पै गरिन्छ। पैमा मुख्यगरी आस्यौँ (मावली), छोरा-बुहारी, छोरी-ज्वाईं, खैंची (व्यवस्थापक), पुरोहित (पच्यु, ल्हौरी), ल ल्हे (पात व्यवस्थापक), पा ल्हे (जाँड-रक्सी व्यवस्थापक), स्ये ल्हे (मासु व्यवस्थापक), सौंक्या (वर्षभरिको शुभ-अशुभ उम्काउने वर्ग), त्हक्र (दाजुभाइ), ट्होँ (गाउँले), व्ह ल्हे (भान्से), पैंडी आदिको मुख्य भूमिका रहन्छन्। योसँगै धान/चामल, दाउरा आदिको व्यवस्थापन पनि समूहमा नै

हुन्छन् । यहाँ मैले वर्णन गर्न खोजेको संस्कार पैको हो, त्यसैले यो संस्कार क्रमशः पहिलो दिन पै चुँपा (पै सुरुवात गर्ने), दोस्रो दिन पै पापा/र्ही त्हैंपा (अस्तुको स्वागत गर्ने) र तेस्रो दिन पै लीपा (पैको अन्त्येष्टि) गरेर तीन दिनको हुन्छ ।

## २.१. पै चुँपाः

यो लेखमा पैको विस्तृतमा वर्णन हुन सक्दैन । त्यसैले पैको पहिलो र दोस्रो दिनको अर्थ वा परिचय मात्र गरी अन्तिम दिन अथवा पच्युले पाठ गर्ने सर्क प्येको केही अंशहरूको मात्र वर्णन गरिन्छ । गुरुङ समुदायमा प्रचलित यो संस्कारको पहिलो दिनलाई पै चुँपा भनिन्छ र यसको नेपाली अर्थ पै सुरुवात भन्ने हुन्छ । पच्यु र ल्हौरी यो संस्कारका पुरोहित हुन् । पहिलो दिनमा पुरोहितहरूले मृतकको आत्मालाई पै संस्कारबारे सूचना दिने प्येहरू अध्ययन गर्छन् र त्यसै प्येमार्फत मृतकको आत्मालाई घरमा स्वागत गर्छन् । त्यसैले पै चुँपाको अर्को अर्थ मृतकको आत्मालाई स्वागत गर्ने पनि भन्न सकिन्छ । यसबेला छोरी-ज्वाईं, दाजुभाइ, पैंडीलगायत पैमा आवश्यक पात्रहरू सबैको उत्तिकै भूमिका रहन्छ । पुरोहितहरूले पै चुँपाको बेलादेखि रातभरि आफ्नो जग्गे बसालेर प्येका अध्ययहरू पाठ गरिरहन्छन् । त्यसैअनुसार अन्य क्रियाकलापहरू चलिरहन्छ ।

## २.२. पै पापा/र्ही त्हैंपाः

पैको दोस्रो दिनलाई पै पापा अथवा सामान्य भाषामा र्ही त्हैंपा (अस्तुको स्वागत गर्ने) भनिन्छ । मृत्यु कार्यमा मृतकको नङ (जसलाई हड्डी मानिन्छ) काटेर गाउँघरदेखि केही पर सफा ठाउँतिर सुरक्षित राखिएको हुन्छ र पैको दोस्रो दिनमा प्ये र छ्याअनुसार उक्त र्हीलाई पुरोहितलगायत सम्पूर्ण गाउँलेहरू गएर स्वागत गरी घरमा ल्याई प्लउमा राखिन्छ । यसैलाई पै पापा वा र्ही त्हैंपा भनिन्छ । यो प्ये र छ्या पँला व्हुरुको इतिहास र घटनासँग सम्बन्धित छ । यसैगरी जङ्गलका विभिन्न सांस्कारिक बुट्टाहरू, झारपातहरूबाट बनाइने प्लउलाई महिला/पुरुषअनुसारको कपडा लगाइन्छ । प्लउलाई मृतकको प्रतीक मानिन्छ । यो प्ये र छ्या प्रयचीको इतिहास र घटनासँग सम्बन्धित छ । त्यसैले पैको र्ही त्हैंपा दिनमा मुख्य प्ये र क्रियाकलापहरू र्ही र प्लउमा अर्पण गर्ने कामहरू हुन्छन् । राति पच्युद्वारा प्ल्ह उइपा (मृतकको आत्मा बोलाउने) र ल्हौरीद्वारा क्हो क्यु, थु क्यु (मृतकरुपी भेंडा र साथी)को प्येका अध्यायहरू पाठ गरिन्छ । यी दुवै काममा घरपरिवार, इष्टमित्र र गाउँलेहरूले खाना, फलफुल, पेय पदार्थ चढाउँछन् ।

गुरुङ पैवा 'आत्माको यात्रा संस्कार' मृत्यु संस्कारको केही दिन, महिना वा वर्षपछि मृतकको आत्मालाई पितृहरूको भूमीमा पुऱ्याउनका लागि गरिन्छ । यो तीन दिनसम्म चल्ने मृत्युपछिको विस्तृत संस्कार हो, जसमा खेकीहरूले पहिले मृतकको आत्मालाई दुष्टहरूको संसारबाट जीवितहरूको संसारमा ल्याउँछन् । यो भनेको प्ये (मौखिक शास्त्र)अनुसार ङ्यल्वा अर्थात् नर्कलोकबाट स्वो म्हि नाँस (जीवित लोक अर्थात् नरलोक)मा ल्याउनु हो । त्यसपछि उनीहरूले मृतकको आत्मा वा 'प्ल्ह'लाई विशिष्ट भौगोलिक मार्गहरू हुँदै पितृहरूको संसारमा सांस्कारिक रूपमा लैजान्छन् । यसरी यो संस्कारले मृतकलाई जीवितहरू, पितृहरू, विभिन्न संसारहरू र त्यहाँका भूगोलहरूसँग जोड्दछ ।

## ३. अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य पै संस्कारमा गरिने आत्माको यात्रा प्रक्रियाहरूको अर्थ खोज्नु हो ।

## ४. सैद्धान्तिक दृष्टिकोण

मैले मानवशास्त्रमा संस्कारहरूको अध्ययनका लागि दुईवटा सैद्धान्तिक दृष्टिकोणहरू प्रयोग गरेको छु । पहिलो, प्रतीकात्मक-व्याख्यात्मक दृष्टिकोण हो, जसलाई गिर्ट्ज (१९७३) र ओर्टनर (१९७३)ले उदाहरण दिएका छन् । संस्कारहरू विशेष प्रकारका कामहरू (डुरखेम, १९९५/१९१२, पृ.३४) वा धार्मिक अभ्यासहरू हुन्, जसले धर्मका मूल अर्थहरूलाई नाटकीय बनाउँछ र सार्वजनिक गर्छ (टर्नर, १९६५; गिर्ट्ज, १९७३) । गिर्ट्ज (१९७३) काअनुसार संस्कारहरूले महत्त्वपूर्ण सांस्कृतिक नीति, विश्वदृष्टि र वास्तविकताको सांस्कृतिक निर्माणलाई नाटकीय बनाउँछ, जसलाई उनी 'वास्तविकताको नमूना'

भन्छन् । यसले वास्तविकताका लागि नमूनालाई आकार दिँदै प्रभावित गर्छ । यो बदलेमा यसले मानिसहरूको त्यो वास्तविकताप्रतिको बुझाइ र व्यवहारलाई प्रभावित गर्छ । मैले 'एमिक' बुझाइलाई अर्थात् गुरुङ सांस्कारिक विशेषज्ञहरूद्वारा कथन र व्याख्या गरिएको प्येमा आधारित गुरुङ सांस्कारिक प्रतीकवादको यो व्याख्यालाई एकीकृत गरेको छु ।

दोस्रो सैद्धान्तिक दृष्टिकोण आत्मावाद-दृष्टिकोणवाद (animism–perspectivism) हो, जुन हालका दशकहरूमा विवेइरोस डे क्यास्ट्रो (२००४) र स्वानकट (२०२३) का कामहरूले पुनः जन्माएको छ । यसका साथै मैले सिक्लेस गाउँमा मानव, गैरमानव र प्रकृतिबिचको सांस्कारिक मध्यस्थतायुक्त सम्बन्धहरूको चर्चा गर्न रोय र्‍यापापोर्टको ज्ञानात्मक वातावरण (cognized environment) अवधारणा (र्‍यापापोर्ट, १९७९)लाई पनि समावेश गरेको छु । मैले स्वानकट (२००३)को कामलाई आधार बनाएर सांस्कारिक विश्वास र अभ्यासहरूले सिक्लेसका गुरुङहरू समग्रमा आत्मावादी विश्वदृष्टिकोणलाई अनुशरण गर्छन् भन्ने कुरालाई पुष्टि गर्छ भनेर तर्क गरेको छु । मानवशास्त्रमा आत्मावादलाई सामान्यतया 'आत्मा र आत्माहरूमा विश्वास'का रूपमा परिभाषित गरिन्छ, जसलाई पहिलोपटक ई.बी. टैलरले सन् १८७१ मा परिभाषित गरेका थिए (स्वानकट, २०२३/२०१९, पृ. २) । तर, टैलरको आत्मावादलाई 'आदिम धर्म'को विशेषताका रूपमा लिएर विकासवादको विचारमा आधारित धर्मको सिद्धान्तलाई पछि मानवशास्त्रमा खारेज गरियो । हालै मानवशास्त्रीहरूले विकासवादी अर्थबिना आत्मावादको अवधारणालाई पुनर्जीवन दिएका छन् (स्वानकट, २०२३) । क्याथरिन स्वानकट (२००३/२०१९) काअनुसार नयाँ आत्मावादको अवधारणा पुरानो 'अलौकिक प्राणीमा विश्वास'को अवधारणासँग समान छैन बरु यो गतिशील छ, जसमा आत्मावादी संवेदनशीलता भएको व्यक्ति वा सामाजिक समूहले विश्वका विभिन्न प्राणीहरू, जस्तै वातावरण, अन्य व्यक्ति, जनावर, बोटबिरुवा, आत्मा र प्रकृतिका शक्तिहरू जस्तै समुद्र, हावा, सूर्य वा चन्द्रमालाई चेतना वा 'जीवन्त' गुणको विशेषता प्रदान गर्छ (पृ.१) ।

आत्मावादमा 'मन' र 'आत्मा'को अवधारणा महत्त्वपूर्ण छ तर "मनहरूलाई व्यापक अर्थमा बुझिन्छ, जसले प्राणी वा वस्तुहरूका निहीत मन, देवताहरू र ऊर्जाहरूलाई समेट्छ। आत्माहरू प्रायः प्राणी र वस्तुहरूका मन हुन्छन्, जुन सामाजिक सन्दर्भमा निर्भर गर्दछ" (स्वानकट, २००३/२०१९, पृ.१) । मेरो अध्ययनले गुरुङहरू विश्वविज्ञान र वातावरणमा (मानव र गैरमानव दुवै) रहेका तत्वहरूले साझा प्रकारको आत्मा राख्छन् भन्ने विश्वास गर्छन्, जसले सबै संलग्नलाई प्रभावित गर्छ। यसो गर्दा मैले यी संस्कारहरूले 'आत्मावाद' र 'दृष्टिकोणवाद' (विवेइरोस डेक्यास्ट्रो, १९९८)को अवधारणाहरूको ठोस मानवविज्ञान चित्रण कसरी प्रदान गर्छन् भन्ने देखाएको छु।

**५. प्रमुख प्राप्ति**

पै (आत्माको यात्रा) संस्कार र यसको अर्थः

पै संस्कारले गुरुङको प्ल्ह (आत्मा)को अवधारणा र तीनवटा संसारहरू (जगतहरू)सँग सम्बन्धित उनीहरूको विश्वास र यी संसारहरू कसरी अन्तरसम्बन्धित छन् भन्ने व्याख्या गर्छ । मृतकको आत्मालाई पितृहरूको संसारमा पुर्‍याउनु आवश्यक हुन्छ ताकि उक्त व्यक्तिले पितृहरूको भूमी वा स्वर्गमा आफ्नो परलोक जीवन सुखमय रूपमा बिताउन सकुन् । प्येको ज्ञान राख्ने सांस्कारिक खेकीहरूले जीवित मानिसहरू, आत्मा, दुष्ट शक्तिहरू र तीनवटा संसारमा अवस्थित पितृहरूबिच मध्यस्थता र सञ्चार गर्छन् । त्यसकारण सांस्कारिक खेकीहरूले मात्र आफ्नो ज्ञान र शक्तिको आधारमा मृतकको आत्मालाई पाताल लोकबाट जीवितहरूको संसारमा ल्याउन र पितृहरूको भूमीमा लैजान सक्छन् । मौखिक पाठले आत्मालाई पितृहरूको भूमीमा कसरी मार्गदर्शन गर्छ भन्ने कुरा धेरै अन्तर्दृष्टिपूर्ण छ।

गुरुङहरूको मृत्युपछि अथवा भौतिक शरीरको दाह संस्कारपछि आत्माको संस्कार गरिन्छ, जसलाई 'पै' भनिन्छ किनभने गुरुङहरूको विश्वास प्रणाली र उनीहरूको

मौखिक शास्त्रअनुसार मान्छे मरेपछि उनको/उसको आत्मा (प्ल्ह) रहन्छ अथवा मरेको हुन्न भन्ने विश्वास गरिन्छ। मृत्यु संस्कारमा जस्तै पै संस्कारमा पनि उनीहरूको दुईथरी आफ्नै मौलिक पुरोहित पच्यु र ल्हौरी संस्कारकर्ता मुख्य रहन्छन्। मेरो विद्यावारिधिको अनुसन्धान गर्ने समयमा दर्जनौँ पै संस्कारहरूमा सहभागी भए पनि यो लेखमा सन् २०१८ को फेब्रुअरीमा सिक्लेसमा सञ्चालन भएको काशीराम गुरुङको पै संस्कारमा पच्यु पुरोहितहरूले आफ्नो मौखिक शास्त्रबाट उनको आत्मालाई पितृलोकमा उनका पितृहरूलाई जिम्मा लगाइएको विषयलाई छोटकरीमा जानकारी गराउन चाहन्छु।

पै संस्कारको तेस्रो वा अन्तिम दिनमा पच्युहरूबाट गराइने मृतकको आत्मा यात्रा निकै महत्त्वपूर्ण मानिन्छ, जसलाई सर्क भनिन्छ। यो आत्मा यात्राको प्रक्रियामा पच्युहरू मुख्य कर्ता हुन्छन् भने छोराछोरीहरू, दिदीबहिनीहरू र गाउँलेहरू सबै आँगनमा गोलाकार भएर पच्युहरूको मौखिक शास्त्रको पाठ र बजाइने सङ्गीतको तालमा घडीको सुईको विपरीत दिशामा विस्तारै घुम्ने गर्छन्। यो प्रक्रिया सम्पन्न गर्न आठदेखि दश घण्टासम्म लाग्दछ। त्यसबेलाको एकजना पच्यु खिमबहादुर गुरुङका अनुसार मृतकको आत्मा यात्रामा बाह्रवटा मुख्य अध्यायहरू पाठ गरिन्छ। जसमध्ये अन्तिम अध्यायमा ङ्यल्वा वा प्ल्ह सप (आत्मा यात्रा वा पुऱ्याउने) काम गरिन्छ। गुरुङहरूको यो शास्त्रअनुसार कुनैबेला पुरोहितहरू मृतकको आत्मासँग एकोहोरो बोलिरहन्छन्, सुनाइरहन्छन् भने कुनैबेला मृतकको आत्मा र पुरोहितबिच दोहोरो संवाद पनि हुन्छ। यसैबेला पुरोहितहरूले घरपरिवार र इष्टमित्रहरूलाई मृतकको नाम गरेको क्हो क्युर थुक्युलाई विभिन्न खानाहरू खुवाउने काम गर्छन्, यसलाई क्युकोपा भनिन्छ। काशीराम गुरुङको पैको आत्मा यात्रा संस्कारमा पच्युहरूले मृतकको आत्मालाई ङ्यल्वामा पुऱ्याए। यसलाई उनीहरूको शास्त्रमा 'मर्के ट्ही' पनि भनिन्छ। यसलाई शास्त्रमा यसरी पाठ गरिन्छः

***चुर ङ्यल्वा नासर क्योँ च्हुयुचै***
***चुर ङ्यल्वा नासर क्योँ स्हुयुचै***
***चुर ङ्यल्वा नासर मोक्यपाको***
***चुर ङ्यल्वा नासर मो स्युपाको***
***चुर ङ्यल्वा नासर आउँ ल्होंपाको***
***चुर ङ्यल्वा नासर त्हल्हे प्लोंपाको***
***चुर ङ्यल्वा नासर टिपै आतपको***
***चुर ङ्यल्वा नासर स्युपै आतपको***

अर्थात्,

यहाँ ङ्यल्वा गाउँ/राज्यमा तिमी सामेल भइ आयौ।
यहाँ ङ्यल्वा गाउँ/राज्यमा तिमी बस्न आयौ।
यहाँ ङ्यल्वा गाउँ/राज्यमा भूतप्रेतको उत्पत्ति हुनेछ।
यहाँ ङ्यल्वा गाउँ/राज्यमा भूतप्रेत बस्नेछ।
यहाँ ङ्यल्वा गाउँ/राज्यमा बैराग चल्नेछ।
यहाँ ङ्यल्वा गाउँ/राज्यमा दुःख उम्लिनेछ।
यहाँ ङ्यल्वा गाउँ/राज्यमा बस्न नहुनेछ।
यहाँ ङ्यल्वा गाउँ/राज्यमा बास नहुनेछ।

गुरुङहरूको मौखिक शास्त्रहरूमा पच्युहरूले पाठ गर्ने ठाउँ वा राज्यहरू पाँचवटा छन्, जहाँ मृतकको आत्माले दुःख, अभाव, पीडा, अशान्ति, भोग र रोग मात्र पाउँछन्। यी पाँचवटा ठाउँ भनेका अशुभ शक्ति वा भूतप्रेतको भनी चिनिन्छन् र प्येमा यसलाई मो भनेर सम्बोधन गरिएको छ। त्यसैले यो ङ्यल्वा र ङ्यल्वा राज्यजस्तै तिमीले दुःख, पीडा, अभाव, अशान्ति मात्र पाउने अन्य राज्यहरूमा तिम्रो बास हुन सक्दैन भनी मृतकको आत्मालाई ती अशान्त राज्यहरूबाट छुटाएर मान्छे बस्ने राज्य (सों म्हि नाँस)मा ल्याइन्छ। यसबेला पच्युहरूले यसरी पाठ गर्छन्ः

***चुर सो म्हि नासर क्योँ च्हुखाचै***
***चुर सो म्हि नासर क्योँ स्युखाचै***
***चुर फैका क्यों स्युलैया कै***
***चुर फैमोचै क्यों चपाको***

अर्थात्,

यहाँ जीवित मान्छेको राज्यमा तिमी आइपुग्यौ/सामेल भइआयौ।
यहाँ जीवित मान्छेको राज्यमा तिमी बस्न आइपुग्यौ।
यहाँ पितृको थानमा तिमी बस्न खोजे पनि
यहाँ पितृको थानमा वायुले तिमीलाई खानेछ।

मौखिक शास्त्रले यसरी मृतकको आत्मालाई जीवित मान्छेको लोकमा ल्याएपछि उनको/उसको घरभित्र पसाली घरभित्रका विभिन्न बस्न लायक ठाउँहरू देखाए पनि तिमी यहाँ बस्न मिल्दैन, हुँदैन भन्दै सम्झाउने

र डर देखाउने कामहरू हुन्छन् । यो जीवित मान्छेहरू बस्ने लोक/घरमा तिमी मरेको मान्छे वा आत्माको बास हुन सक्दैन भन्दै शास्त्रको मद्दतले फकाउँदै ढोका, पिँढी, आँगन भएर गाउँघर र नाता, कुटुम्बहरू सबैसँग भेटघाट गराउँछन् तर त्यहाँबाट पनि यात्रा गराउँछन् । फकाउने, डर देखाउने, सम्झाउने गर्दै गाउँघर र तिम्रा नाता, कुटुम्बले तिमीलाई रोक्ने छैन, बस भन्ने छैन, तिमी यी सबैबाट अलग भएर जानुपर्छ भन्दै पच्युहरूले मृतकको आत्मालाई आफ्नो बाटोमा यात्रा गराउँदै लान्छन् ।

सिक्लेसको सन्दर्भमा गाउँबस्तीहुँदै मादी नदी पार गरी उकालो बाटो भएर अग्ला डाँडा लेक, कोरी, नामुङ भञ्ज्याङ भएर उपल्लो मनाङ पुग्छन् । यी ठाउँहरूमा पानी हुने ठाउँमा पानी पिलाउने, बस्ने ठाउँमा बिसाउने काम गर्दै लैजान्छन् । पच्युहरूले मृतकको आत्मासँग कुरा गर्दै भन्छन्, "तिमी अब मान्छे रहेन । तिम्रो भौतिक शरीर मरिसकेको छ । तिमी अब पितृको लोकमा जाँदै छौ" भन्दै विभिन्न परीक्षणहरू गरी फकाउँदै, सम्झाउँदै लगिरहन्छ । उपल्लो मनाङ पास भएपछि चौबाटो आउँछ र पितृको बाटोमा यात्रा गराउँछन् । आठौँ तहमा एकदिनका लागि मात्र खाना र पिउन पाइन्छ । जोत्ने गोरु, दुहुने गाई, बोक्ने घोडा र कपडा (ऊन)का लागि भेंडा पाइन्छ तर एकदिन खाएर, पिएर, जोतेर, बोकाएर, लगाएर अपूर्ण हुन्छ भन्दै पच्युहरूले मृतकको आत्मालाई सम्झाउँछ र त्यहाँबाट नवौँ तहमा लगिन्छ । यसरी नौवटा तहहरू वा ठाउँहरू पालैपालो कटेपछि बल्ल तर्के ल अथवा पितृको लोक वा स्वर्गलोक आउँछ । यसबेला पच्युहरूले यसरी पाठ गर्छन्ः

*चुर तिथु प्लुसी कुथुचपै नासर क्यौँ चुखाचे*
*चुर न्हाक प्लुसी ड्र्येसचपै नासर क्यौँ चुखाचै*
*चुर आचीखेमने क्यौं चुखाचै*
*चुर आची मामने क्यौँ चुखाचै*

अर्थात्,

यहाँ एक थोक छरेर नौथोक फल्ने/खाने राज्यमा तिमी सामेल भइ आयौ ।
यहाँ बिहान छरेर बेलुकी पाक्ने/खाने राज्यमा तिमी सामेल भइ आयौ ।
यहाँ तिम्रो पितृसँग तिमी सामेल हुन आयौ ।
यहाँ तिम्रो मातृसँग तिमी सामेल हुन आयौ ।

शास्त्रअनुसार पितृको लोकमा दुहुने गाई, जोत्ने गोरु, बोक्ने घोडा, ऊन दिने (कपडा) भेंडा आदि सबै जनावरहरू हुन्छन्, जहाँ मृतकको आत्माले सबै उपभोग गर्न पाउँछन् । यसैगरी खाने भात, पिउने पानी, बाल्ने आगो पनि उपभोग गर्छन् । एक थोक छर्दा नौ थोक फल्ने, बिहान छर्दा बेलुकी पाक्ने/खाने राज्यमा तिमीलाई ल्याइ पुऱ्यायौँ । तिम्रो पितृहरूसँग तिमीलाई सामेल गरायौँ भनी पितृको लोक अथवा स्वर्गलोकको आनन्द, सुन्दरता र समानताको बयान गर्छन् ।

पै संस्कार गुरुङ समुदायलाई उनीहरूको पुर्ख्यौली क्षेत्रहरूसँग जोड्न र उनीहरूको उत्पत्तिको पुर्ख्यौली भूमीबाट बसाइँ-सराइको इतिहास पुनः कथन गर्नमा समान रूपमा महत्त्वपूर्ण र अन्तर्दृष्टिपूर्ण छ । संस्कार कर्म गर्ने खेकीहरूले पैको दौरान आत्मालाई बोलाउँदा र आत्माको यात्रामा पुऱ्याउँदा लामा लामा मौखिक पाठहरू पढ्छन् । यी सांस्कारिक कथनहरूमा प्येले गुरुङ समुदायको ऐतिहासिक बसाइँ-सराइका विभिन्न भौगोलिक स्थानहरूको पाठ गर्छन् र विगतका विभिन्न गुरुङ राज्यहरूको वर्णन पनि गर्छन् । प्येले पैका विभिन्न विशिष्ट सांस्कारिक कामहरू र अर्पणहरूको सुरुवातलाई यी पौराणिक राज्यहरू, ऐतिहासिक पात्रहरू र स्थानहरूसँग जोड्छ र व्याख्या गर्छ । पाताल लोकबाट जीवितहरूको संसारहुँदै पितृहरूको भूमीमा पुग्ने आत्माको यात्राको दौरान, सांस्कारिक खेकीहरूले नदीहरू (पिउने पानी), पुलहरू, चौबाटाहरू, बस्ने स्थानहरू र वास्तविक भौगोलिक क्षेत्रहरूमा विशिष्ट मार्गहरूमार्फत् आत्माको यात्राबारे कथन गर्छन् । जब आत्मा पिउने पानीको स्थानमा पुग्छ, तब खेकीहरूले पढ्छन्, "अब तिमी यहाँ पिउने पानीमा आइपुगेका छौ, यो पिउनू ।" जब आत्मा पुलमा पुग्छ, तब खेकीहरू भन्छन्, "अब तिमी यहाँ पुलमा छौ, यो पार गर ।" त्यसैगरी आत्मा चौबाटो, बाटो वा चौतारीमा पुग्दा खेकीहरूले आत्मालाई त्यसअनुसार काम गर्न आग्रह गर्छन् ।

पै संस्कारले गुरुङहरूको पितृहरूबारेको सांस्कारिक महत्त्व देखाउँछ । पै संस्कारले मृतकको आत्मालाई आफ्नो पितृको राज्यमा लगी पितृसँग सामेल गरेपछि मात्र जीवित लोकमा रहेका उनका कुल वंशमा पूजापाठ र यस्तै पैहरू गर्दा उनको/उसको नाम पितृहरूसँगै पाठ गरिने गरिन्छ । पै संस्कारको महत्त्वपूर्ण काम भनेको मृतकलाई पितृ बनाई

शक्तिको प्रतीकका रूपमा लिने विश्वास प्रक्रिया हो । अर्को महत्त्वपूर्ण विषय भनेको गुरुङहरूको मौखिक शास्त्रमा तीनवटा लोक ङ्यल्वा/मर्के ट्ही (नर्कलोक), सोंम्ही नाँस (जीवित मान्छेहरूको लोक) र तर्के ल/पितृहरूको लोक (स्वर्गलोक)को बयान गर्नु हो । यी तीनवटा लोकमध्ये ङ्यल्वा/मर्के ट्ही र तर्के ल/स्वर्गलोक शास्त्रीय र सांस्कारिक हुन्छ भने सों म्हि नाँस (जीवित मान्छेको लोक) शास्त्रीय, सांस्कारिक र भौगोलिक हुन्छन् । यसले कुन लोकमा कस्ता खालका चरित्र भएका जीवहरू बस्छन् भन्ने अर्थ लगाउन सकिन्छ ।

### ६. छलफल र व्याख्या

गुरुङ समुदायभित्र पच्यु र ल्हौरी परम्परागत पुरोहित हुन् । यिनीहरूले गुरुङ समुदायको इतिहास, घटना, कथा, बसाइँ-सराइ आदिलाई विभिन्न संस्कारहरूमार्फत पाठ गराउँछन् । यसैगरी सिकारी, पशुपालन, खेतीपाती गर्ने परम्परागत पेशाहरूको पनि बयान गर्छन् । विभिन्न वनस्पति, खोलानाला र जीवजन्तुहरूसँग गुरुङहरूको सामाजिक र सांस्कृतिक सम्बन्ध रहेका गाथाहरू पाठ गर्छन् । यी गाथाहरू सबै पुरोहितको सांस्कारिक भाषा चौँ क्यूई र गुरुङ भाषामा पाठ गर्छन् । त्यसैले गुरुङ समुदायको मौलिकता र पहिचानको अस्तित्व रहेको छ ।

पै संस्कारको मेरो विश्लेषणले गुरुङहरूको आत्मा वा 'प्ल्ह'को अवधारणालाई उजागर गर्छ । प्ल्ह वा आत्मा गुरुङहरूको एक आधारभूत सांस्कृतिक अवधारणा हो, जसले उनीहरूको आत्मा, व्यक्ति र समुदायसँग व्यक्तिको पारस्परिक निर्भरताको नैतिक आधार- परिवार, कुल र अन्यसँगको सम्बन्धलाई परिभाषित गर्छ (म्याक्हग, १९९८; २००१) । साथै प्ल्हहरूको समूह (पुरुषका लागि नौ र महिलाका लागि सात) हुन्छ, जुन जीवनशक्ति हो र शरीरलाई अक्षुण्ण राख्छ । कुनै व्यक्तिको मृत्यु हुँदा उसको आत्मा तीनवटै संसारहरू दुष्ट संसार, जीवितहरूको संसार र पितृहरूको संसारबिच भौतारिन्छ, बिना रोकटोक भ्रममा विचरण गर्छ भनी गुरुङहरू विश्वास गर्छन् । त्यसैले यो भट्किरहेको आत्मालाई फेला पार्न र पितृहरूको संसारमा पुऱ्याउन पै संस्कार आवश्यक र महत्त्वपूर्ण छ ।

संस्कारको दौरान मृतकको आत्मालाई पहिले भौतिक रूपमा ल्याइन्छ र परिवर्तन गरिन्छ ताकि जीवित परिवारका सदस्यहरूले मृत परिवारका सदस्यलाई खाना र आतिथ्य अर्पण गर्न सकुन्, त्यसपछि आत्मालाई तर्के ल (पितृहरूको संसार)मा लैजान सकियोस् । यसरी पै संस्कारले मृतकलाई उसको/उनको परिवार र समुदायसँग पुनः जोड्छ । नातेदारी र सामाजिक सम्बन्धलाई पुनः पुष्टि गर्छ । संस्कारका सहभागीहरूका लागि, यो संस्कारले दुईवटा संसारहरू- ङ्क्यल्वा नाँस (दुष्ट संसार वा दुष्ट भूमी) र तर्के ल (पितृहरूको संसार वा भूमी)लाई नाटकीय बनाउँछ र व्याख्या गर्छ, जुन उनीहरू देख्न र अनुभव गर्न सक्दैनन् । पाताल लोकबाट जीवितहरूको संसारहुँदै पितृहरूको भूमीमा पुग्ने आत्माको यात्राको दौरान, सांस्कारिक खेकीहरूले नदीहरू (पिउने पानी), पुलहरू, चौबाटाहरू, बस्ने स्थानहरू र वास्तविक भौगोलिक क्षेत्रहरूमा विशिष्ट मार्गहरूमार्फत् आत्माको यात्राबारे कथन गर्छन् । अर्को शब्दमा गुरुङको पै संस्कारले गुरुङहरूको बसाइँ-सराइको इतिहास र राजनीतिक इतिहासलाई पनि कथन गर्छ र उनीहरूको पुर्ख्यौली क्षेत्रहरूलाई पुष्टि गर्छ (पेटिग्रु, १९९९; पौडेल, २०१६) । यसरी पै संस्कारले कसरी जातीय इतिहास र क्षेत्रीय सम्बद्धतालाई पुनः कार्यान्वयन र पुनरुत्पादन गर्छ भन्ने देखाउँछ (हिल, १९८८; राई, ज., २०१३; पौडेल, २०१६; गिरी, २०१८) ।

### ७. निष्कर्ष

प्ये (संस्कारिक पाठहरू) र तिनका अर्थहरूको व्याख्या र छलफलले धर्मको मानवशास्त्रका विद्वान्हरूलाई महत्त्वपूर्ण अन्तर्दृष्टि प्रदान गर्छ । उदाहरणका लागि यो अध्ययनले गुरुङहरूको आत्माको अवधारणा, सांस्कारिक मिथकहरूले ऐतिहासिक र क्षेत्रीय सम्बन्धहरूलाई कसरी प्रयोग गर्छ र गुरुङहरूले मृत्युपछि पनि आफ्ना परिवारका सदस्यहरू र नातेदारहरूसँग सम्मान र पारस्परिकताको सम्बन्ध कसरी कायम राख्छन् भन्ने महत्त्वपूर्ण अन्तर्दृष्टि र दृष्टिकोण प्रदान गर्छ । गुरुङहरूको प्ल्ह (आत्मा)को अवधारणाले जीवित र मृतकलाई तीनवटा संसारहरूमा एकीकृत गर्छ । मृतकको आत्मालाई पितृहरूको संसारमा पुऱ्याउनु आवश्यक हुन्छ ताकि उक्त व्यक्ति पितृहरूको भूमी वा 'स्वर्ग'मा आफ्नो स्थायी जीवन सुखमय रूपमा बिताउन सकून् । प्येको ज्ञान राख्ने सांस्कारिक खेकीहरूले जीवित मानिसहरू, आत्मा र दुष्ट शक्तिहरूबिच मध्यस्थता गर्न सक्छन् । त्यसकारण केवल सांस्कारिक खेकीहरूले आफ्नो

ज्ञान र शक्तिको आधारमा, मृतकको आत्मालाई पाताल लोकबाट जीवितहरूको संसारमा ल्याउन र पितृहरूको भूमीमा लैजान सक्छन् । नियमित पूजाद्वारा पितृहरूसँग नियमित मध्यस्थता कायम राखिन्छ । सांस्कारिक विशेषज्ञहरूले जीवितहरू, पितृहरू र भूमी र वातावरणको भाषालाई पनि संवाद गर्न र बुझ्न सक्छन्। उनीहरू जीवित, मृत र आफ्ना वरपरको प्रकृतिबिच सन्तुलन कायम राख्छन्। गुरुङहरूको जीवित, मृत र प्रकृतिको विश्व दृष्टिकोण डे क्यास्ट्रोको अमेजनका स्वदेशी जनजातिहरूले विश्वलाई बुझ्ने तरिका (अमेरिन्डियन दृष्टिकोणवाद) र अन्य मानवशास्त्रीहरूको सांस्कारिक प्रतीकवादको विचारसँग धेरै हदसम्म समान छ।

गुरुङ समुदायको लामो प्ये पच्यु र ल्हौरीले विभिन्न संस्कारहरूमा पाठ गरेपनि यो प्ये सम्पूर्ण गुरुङ समुदायको पहिचान र सम्पत्ति हुन् । पुरोहितहरू संस्कारका संवाहक अभिनयकर्ता र चरित्र मात्र हुन्। प्ये ताँ ल्हु ताँ गुरुङहरूको विश्व दृष्टिकोण हो। त्यसैले प्ये ताँ ल्हु ताँसँग सामाजिक र सांस्कृतिक रूपमा सम्पूर्ण गुरुङहरू जोडिन आवश्यक छ।

*लेखकले गुरुङ जातिको मृत्यु संस्कारमा पिएचडी गर्नुभएको छ।*

**References:**


Geertz, C. (1973). The interpretation of cultures. Basic Books.

Kullsveen, E. (1999). Relation destiny in the beyond: A transmigration ritual among the Gurung of Nepal. [Unpublish thesis]. University of Oslo.

MacFarlane, A. & Gurung, I. B. (1990). Gurung of Nepal: A guide to the Gurung. Ratna Pustak Bhandar.

MacFarlane, A. (1976). Resource and population: A study of the Gurung of Nepal. Cambridge University Press.

Ortner, S. B. (1973). On Key Symbols. American Anthropological Association, 75(5), 1338-1346.

Pettigrew, J. (1995). Shamanic dialogue: History, representation and landscape in Nepal. [Unpublished doctoral dissertation]. University of Cambridge.

Rappaport, R. J. (1979). Ecology, Meanings, and Religion. North Atlantic Book. Swancutt, Katherine. (2019) 2023. “Animism”. In The Open Encyclopedia of Anthropology, edited by Felix Stein. Facsimile of the first edition in The Cambridge Encyclopedia of Anthropology. Online: http://doi.org/10.29164/19anim

Turner, V. (1967). The forest of symbols, aspects of Ndembu ritual. Cornell University Press. Turner, V. (1977). Symbols in African ritual, symbolic anthropology: A reader in the study of symbolic meanings. Columbia University Press.

Tylor, E. B. (1870). The Philosophy of Religion among the Lower Races of Mankind. The Journal of the Ethnological Society of London (1869-1870), 2(4), 369–381.

Viveiros de Castro, E. (1998). Cosmological deixis and Amerindian perspectivism. Journal of Royal Anthropological Institute, 4(3), 469– 88.

Viveiros de Castro, E. (2004). Perspectival anthropology and the method of controlled equivocation. Tipití: Journal of the Society for the Anthropology of Lowland South America, 2(1), 3–22.



# आस्था र अपेक्षाको धरोहर



पूर्वएसपी राजेन्द्र गुरुङ

समयअनुसार समाजको विकास क्रम बदलिँदै जाँदा मानिसहरूको इच्छा, चाहना र आवश्यकताहरूको पनि परिवर्तन हुँदै जाने रहेछ। एक/दुई पुस्ता अगाडिसम्म गाउँमा खेतिपाती गरेर बस्न रमाउने हाम्रा पितापुर्खाका लागि गाउँको रहनसहन र बसाई स्वर्ग समान मान्दथे। तिनै गाउँमा बस्ने हाम्रा पितापुर्खाका सन्तानहरूको चाहना र रुचिको कारण आवश्यकताहरू पनि फेरिन थाल्यो।

हिजो घाँस-दाउरामा रमाउनेहरू आज स्कुल, कलेज धाउनुपर्ने भयो। स्कुल, कलेजका सुविधाहरू गाउँमा उपलब्ध हुन नसकेपछि बाध्य भएर सहरमा सङ्घर्षपूर्ण जीवन जिउनु पर्ने भयो । सङ्घर्षपूर्ण जीवनलाई भावी दिनहरू सहज बनाउनका लागि गाउँबाट सहरको बसाइँ सर्ने क्रममा गाउँबाट काठमाडौँ आएर बस्न थालेका छौँ। काठमाडौँ सरहमा बसोबास गर्ने क्रममा पितापुर्खाले चलन चलाउँदै आएको हाम्रो रहनसहन र परम्परालाई कायम राख्न तमू बौद्ध सेवा समिति नेपालमा हामी सबै एकीकृत हुँदै आइरहेका छौँ।

गाउँबाट काठमाडौँ बसाइँ सरेर आउने हाम्रो जनसङ्ख्याको वृद्धि पनि दिनानुदिन बढिरहेको छ । जनसङ्ख्याको वृद्धिसँगै तमू बौद्ध सेवा समितिमा आएर आफ्नो चलनअनुसार देवकार्य तथा पितृकार्य गर्नेहरूको पनि सङ्ख्या दिनानुदिन वृद्धि भइरहेको छ । हाल तमू बौद्ध सेवा समितिमा रहेको एउटा मात्र गुम्बामा देवकार्य तथा पितृकार्य गर्न चाहेको सङ्ख्या वृद्धिको कारणले गर्दा



देवकार्य तथा पितृकार्य गर्न चाहेको समयमा गुम्बा उपलब्ध हुन नसक्ने अवस्था आएको छ ।

एकै समयमा धेरैजना सदस्यज्यूहरूको गुम्बामा देवकार्य तथा पितृकार्य गर्ने ईच्छा देखाउनु हुँदा एउटा मात्र गुम्बामा धेरैवटा कार्य गर्न सम्भव नहुने भयो । स्थान अभावले आफूले चाहेको समयमा गुम्बामा देवकार्य तथा पितृकार्य गर्न नपाउँदा जोसुकै व्यक्तिको पनि चित्त दुख्न जाने, सानो मन गरेर बस्नुपर्ने बाध्यता आइपर्ने भयो । यस्तो बाध्यात्मक अवस्थामा बस्न नपरोस् र चाहेको समय (दिन) मा गुम्बामा गएर देवकार्य तथा पितृकार्य गर्न पाइयोस् भन्ने उद्देश्यले धार्मिक शास्त्रीय विधिअनुसार नयाँ गुम्बा निर्माण गर्ने प्रस्ताव आएको थियो ।

प्रस्तावअनुसार पूर्वअध्यक्ष चिजबहादुर गुरुङलाई आर्थिक संयोजक चयन गरी वर्तमान अध्यक्ष नारायणबहादुर गुरुङ, कोषाध्यक्ष धनबहादुर गुरुङ र म राजेन्द्र गुरुङ स्वयम् काठमाडौँमा बसोबास गर्नुहुने चन्दादाताज्यूहरूको घरदैलोमा गएर केही रकम सङ्कलन गर्न सफल भयौँ भने सामाजिक सञ्जालमा नयाँ गुम्बा बनाउने जानकारी पाउनु हुने धर्ममित्र चन्दादाताज्यूहरूले पठाउनुभएको रकम सङ्कलन भएको थियो ।

बुद्ध, च्याङ्रेसी, गुरु पद्मसंभवको मूर्तिहरू दाताहरूबाट प्राप्त भयो । गुम्बाभित्रका धार्मिक विधि विधानअनुसारको चित्र निर्माण, गुम्बाभित्र पूजापाठ गर्दाको अवस्थामा धार्मिकजनहरूको सुविधाका लागि वातानुकुलित यन्त्र (एसी), देवकार्य तथा पितृकार्य गर्दा छिमेकीलाई होहल्लाबाट वाधा अट्चन नहोस् भन्नका लागि गुम्बालाई ध्वनीप्रतिरोधात्मक गुम्बा निर्माण गरिएको छ भने श्रद्देय रिम्पोर्छेज्यूको आशन र लामागुरुहरू बस्ने लोबेड र पुस्तक राख्ने टेबल आदि चन्दादाताज्यूहरूबाट प्राप्त भएको हो ।

सुविधा सम्पन्न गुम्बा (पूजा कोठा) निर्माण भएपश्चात् विगत केही वर्षदेखि धार्मिक आस्थावान सदस्यज्यूहरूले आफूले चाहेको समयमा गुम्बामा आएर देवकार्य तथा पितृकार्य गर्न नपाउने गरी भएको असुविधा अब केही थोरै मात्र भए पनि हट्ने छ भन्ने आशा गरेका छौँ र सहज रूपमा धार्मिक कार्य गर्न पाउने भएका छौँ । नयाँ गुम्बा निर्माण गर्नमा सहयोग गर्नुहुने सम्पूर्ण धर्मदाताज्यूहरूप्रति तमू बौद्ध सेवा समिति परिवार आभारी छ साथै यस पुण्यकार्य गर्नमा सहयोग गर्नु भएकोमा धन्यवाद दिन चाहन्छौँ ।

*लेखक तमू बौद्ध सेवा समितिका उपाध्यक्ष हुनुहुन्छ ।*

# पितृस्मृति गर्न तमू बौद्धमा पितृपूजा



✍ धुर्बबहादुर गुरुङ

*"पोले पनि घामै जाती*
*पिटे पनि आमै जाती"*

घाम नभए संसार अँध्यारो हुन्छ। त्यसो त घाम नभए संसार अँध्यारो मात्र होइन, पृथ्वीमा कुनै प्राणी, वनस्पति हुने कल्पना पनि गर्न सकिँदैन । समष्टीमा भन्नुपर्दा यो संसार अर्थात् सृष्टि नै चल्दैन। त्यसैले दिनको चर्को घामले पोले पनि हामीलाई घाम नभई हुँदैन । त्यस्तै आमा नभए कुनै पनि प्राणीको जन्म हुँदैन । मानव जातिमा आमाले नौ महिना बच्चा आफ्नो गर्भमा राखेर जन्म दिन्छिन् । जन्म दिएपछि पनि छातीमा टाँस्दै आफ्नो दूध चुसाएर प्राण भर्छिन्। आमा आफ्नो सन्तानलाई को खाई, को खाई गर्दै हुर्काउँछिन्। ताततेताते गर्दै हिँड्न सिकाउँछिन्। बोल्न, पढ्न र लेख्न सिकाउँछिन्।

बुबा आफ्नो सन्तानको आड, भरोसा हो। बलियो छानो हो। आफू नखाएर पनि, आफू नलाएर पनि, अभावै अभावमा पिल्सिएर पनि परिवार तथा सन्तानको हरेक आवश्यकता पूरा गर्न दिनरात खटिएका हुन्छन् बुबा । सन्तानको खुशीलाई नै आफ्नो खुशी, सन्तानको सुखलाई नै आफ्नो सुख मान्ने आमाबुबाले आफ्नो सन्तानको हरेक पाइलामा साथ दिएका हुन्छन् । आफ्नो सन्तानको सपना पूरा गर्न सदैव तत्पर रहन्छन्। त्यसैले त भनिन्छ, "आमा-बुबा हरेक सन्तानका लागि साक्षात भगवान् हुन्।"

उमेर ढल्किँदै जाँदा शरीर गल्दै जान्छ। बल, तागत घट्दै जान्छ। आफ्नो सन्तानको स्याहार, सुसारमा दिनरात खटिने, आफू भोकै बसेर भए पनि आफ्नो सन्तानलाई भरपेट खाना दिने, आफ्नो सन्तानले जतिसुकै ठुलो गल्ती गरे पनि माफ दिने, दुःख, आपतको बेला आड, भरोसा दिने आमाबुबाको उमेर ढल्किँदै जाँदा सेवा, सत्कारमा समर्पित रहनु हरेक सन्तानको कर्तव्य हो। यो संसारमा अजम्बरी त कोही पनि हुँदैन । कुनै न कुनै दिन त यो संसारबाट बिदा हुने नै हो। त्यसरी दिवंगत भएका आफ्ना आमाबुबा तथा पितृहरूको पुण्य कार्य गरेर पितृमोक्षका लागि किरियाकर्म गरी पितृको गुण र ऋण तिर्नु सन्तानको मुख्य कर्तव्य हुन आउँछ।

गुरुङ समुदायमा पितृहरूको स्मृतिमा समाधिस्थल (चिहान)मा देवल (छ्योर्तेन) निर्माण गरी पितृको सम्मान गर्ने र तिथिहरूमा धुपबत्ती बालेर सम्झना गर्ने चलन पुरानै हो । तर सहरतिर बसाइँ-सराइ गरेपछि विस्तारै यो चलन हराउँदै गएको छ । सहरमा समाधिस्थल तथा छ्योर्तेन निर्माण गर्ने जग्गा पाउन पनि मुस्किल छ। त्यति मात्र घर आँगनमा पितृको स्मरणमा देवल बनाउन पनि सम्भव छैन। गाउँबाट सहर अनि सहरबाट सात समुद्रपारि विदेशसम्म भइरहेको तीव्र बसाइँ-सराइले हाम्रा परम्परागत चालचलन, संस्कार, संस्कृतिको अभ्यासमा समस्या पर्दै आएको छ।

इशाई (क्रिश्चियन) धर्मालम्बीहरूले आफ्ना पितृहरुको सम्झनामा समाधिस्थल (चिहान) बनाउँछन् र त्यहाँ मार्बलमा समवेदना लेखेर राख्ने गर्दछन् । तर अहिले जमिनको अभावलाई मध्यनजर गरेर चर्च परिसर वा समाधिस्थल परिसरमा सामूहिक देवल निर्माण गरी स-साना खोपा बनाई त्यस खोपामा पितृको अस्तु राख्ने चलन सुरु गरेको पाइन्छ । त्यस्तै चाइनिज बुद्धिष्टहरुले पनि स्मृति भवनमा स-साना खोपाहरु बनाएर त्यसमा पितृको अस्तु राखेर तस्बिरसहित जन्म तथा मृत्यु मितिहरू उल्लेख गरेर पितृ स्मृति गर्ने चलन चलाएको पाइन्छ । मैले हङकङको थाउजेण्ड बुद्ध टेम्पल, सिङ्गापुरको क्रान्जी मेमोरियल, अस्ट्रेलियाको नानतीयन टेम्पलहरूमा त्यस्तो देखेको छु ।

विसं. २०४६ सालमा स्थापना भएको तमू बौद्ध सेवा समिति नेपालको संस्थापकदेखि अहिलेसम्मको कार्यसमितिमा रहेकाहरू हेर्ने हो भने दुई तिहाइभन्दा बढी पूर्वगोर्खा अर्थात् लाहुरे छन् । बेलायतले बेलायती गोर्खाहरूलाई बेलायतमा आवासीय सुविधा दिएपछि लाहुरेको परिवार धमाधम बेलायत बसाइँ सर्दै आएका छन् । जसले तमू बौद्ध सेवा समितिमा अहिले पूर्वगोर्खाहरूको सहभागितामा कमी आउँदै गएको देखिन्छ । यद्यपि तमू बौद्ध सेवा समिति नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक विकासमा उल्लेख्य योगदान पुऱ्याउनुभएका पूर्वगोर्खाहरू तथा उनीहरूका सन्तानहरू नेपाल आउँदा तमू बौद्धमा एकपटक चाहिँ आउने गर्नुभएको छ । तमू बौद्धलाई उहाँहरूले माया गर्नुभएको छ । अपनत्व महसुस गर्नुभएको छ ।

तमू बौद्ध सेवा समितिमा उहाँहरूले पुऱ्याउनुभएको योगदान, गर्नुभएको माया, तमू बौद्धमा रहेको गुम्बा अनि त्यसप्रति उहाँहरूको आस्थालाई को उच्च सम्मान गर्दै उहाँहरूका सन्ततिहरूलाई नेपाल भ्रमणमा आउने र नेपाल भ्रमणमा आउँदा तमू बौद्ध सेवा समितिमा आउने वातावरण सिर्जना गर्न मैले केही वर्ष अगाडि नै पितृस्मृति कक्षको अवधारणा ल्याएको थिएँ । मुख्य गुम्बा रहेको तलाको पूर्व-उत्तरमा रहेको खाली कोठालाई त्यस प्रयोजनका लागि प्रयोग गर्न सकिन्छ । मेरो अध्यक्ष कार्यकालमा तमू बौद्ध सेवा समिति नेपालको वार्षिक मुखपत्रमै मैले त्यो अवधारणा स्पष्ट उल्लेख गरेको थिएँ ।


मेरो अवधारणा अनुसार कोठाको भित्तामा करिब एक फिट चौडाई, आधा फिट उचाई र डेढ फिट गहिराई रहेको सयौँ खोपा भएको दराज बनाएर राख्ने हो । चाबी लगाउन मिल्ने ती खोपाहरूमा मृतकको फोटो, तीन पुस्ते आदि राख्ने र चाबी लगाउने । खोपाको बाहिर मृतकको जन्म, मृत्यु मिति, ठेगाना आदि पनि राख्ने योजना रहेको थियो । दुईवटा चाबीमा एउटा परिवारसँग तथा अर्को तमू बौद्ध सेवा समितिमा राख्ने । मृतकलाई स्मरण गर्न गरिने पितृपूजा लगायतका विशेष पूजाहरूमा ती चाबी खोलेर मृतकको विवरण सङ्कलन गरेर पूजामा राख्ने र सम्भव भएसम्म मृतकका परिवारजनलाई पनि पूजामा अनिवार्य रूपमा सहभागी गराउने योजना थियो । त्यस्तै मृतकको वार्षिकी वा त्यस्तै विशेष अवस्था आदिमा विदेशमा रहेका परिवारजन आइपुगेको खण्डमा वा उहाँहरूको आग्रहमा पनि गुम्बामा पूजा आदि गर्नका लागि व्यवस्था मिलाउने गरी पितृस्मृति कक्षमा रहेका खोपाहरूबाट मृतकको विवरण सङ्कलन गरी आवश्यकता अनुसार पूजा आदि गर्ने व्यवस्था मिलाउने गरी पितृस्मृति कक्षको निर्माण गर्ने मेरो अवधारणा थियो ।

पितृस्मृति कक्ष निर्माणका लागि कस्तो खोपा बनाउने भनेर हेर्न मैले सचिव मनिराज गुरुङलाई ललितपुरको धोबीघाटमा रहेको एजम्पसन चर्च जान पनि भनेको थिएँ । मनिराजका अनुसार एजम्पसन चर्चमा पनि पितृस्मृति खोपाहरू रहेका छन् । उनले भनेअनुसार त्यहाँ चाहिँ बाहिर खुला आकाशमुनि नै पर्खाल जस्तो बनाएर त्यहीँ खोपा निर्माण गरिएको छ । ती खोपाहरूमा ढकनजस्तो स-साना मार्बलमा मृतकको नाम लेखिएको छ । तर कोभिड- १९ लगायतका कारण मैले मेरो अवधारणालाई मूर्तरूप दिन भ्याइनँ । त्यो अवधारणालाई अगाडि बढाउन सकिएन ।

मैले त्यसरी अघि बढाएको अवधारणालाई वर्तमान अध्यक्ष क्या. नारायणबहादुर गुरुङको कार्यकालमा उपाध्यक्ष

पूर्वएसपी राजेन्द्र गुरुङको विशेष पहलमा फरकशैलीमा अगाडि बढाइएको छ । त्यसका लागि एक अलग कोषा स्थापना गरिएको छ भने उक्त कोषमा एकमुष्ठ २५ हजार रुपैयाँ बुझाउनु पर्नेछ । त्यसरी कोषमा रकम बुझाएका सबैको पितृको हरेक वर्ष हुने दुईवटा पितृस्मृति पूजामा विवरण उल्लेख गरी पूजा गरिने व्यवस्था मिलाइएको छ । ती सबैको विवरण एउटा फाइलमा सङ्कलन गरिएको छ । मैले यो लेख तयार पर्दासम्ममा ८९ जनाले आफ्नो दिवंगत पितृको विवरणसहित उक्त कोषमा रकम जम्मा गरेका छन् र पितृपूजा गर्न कोषमा रहेको रकमको ब्याज प्रयोग गर्ने गरिएको छ। पितृपूजा निकै खर्चिलो हुन्छ। त्यसैले एक्लैले खर्च धान्न मुस्किल हुने भएकाले सामूहिक रूपमा पूजा गर्दा आर्थिक भारबाट पनि कम पर्ने, पितृहरूको विवरण पनि सुरक्षित हुने तथा तिथि, मिति वा पितृस्मृति पूजा पनि नछुट्ने भएकाले यो निकै व्यवहारिक देखिन्छ। पितृस्मृतिको विवरण राख्ने विषयमा मैले माथि उल्लेख गरेबमोजिम खोपा निर्माण गरेर उनीहरूका फोटो आदि सामाग्रीसमेत सरक्षित राख्ने व्यवस्था मिलाउन सकिए अझ प्रभावकारी हुन सक्ने मेरो ठम्याइ छ ।

जन्म दिने बाबुआमा दिवंगत भएपश्चात् पितृ बन्छन् । ती पितृहरू भनेको हामीलाई यो संसार देखाउने भगवानहरू हुन् । नौ महिनासम्म गर्भमा सुरक्षित गरी हुर्काउने आमा, नवजात शिशुदेखि वयस्क मात्र होइन पाको उमेरसम्मै पनि हाम्रै हेरचाह र चिन्तामा दिन जीवन बिताउने आमाबुबाले आफ्ना सन्तानलाई यो लोक छाडेर जाँदा पनि भौतिक सम्पत्ति छाडेर गएका हुन्छन् । ती पितृहरूको सम्मानमा मृत्यु भएको निश्चित दिनपछि किरिया, अर्घौं आदि गरेपछि पनि हरेक वर्ष पितृमोक्ष पुजा र पुण्य प्राप्ति हुने अन्य कर्म गर्नु हरेक सन्तानको कर्तव्य हो । त्यसैले तमू बौद्ध सेवा समिति नेपालले अगाडि बढाएको यस विषेश अभियानमा सरिक हुन म सबैलाई आह्वानसमेत गर्न चाहन्छु ।






# सनातन संस्कारमा नाग पूजाको महत्त्व



पूर्वएसपी राजेन्द्र गुरुङ

ब्रह्माण्डमा रहेका पञ्चतत्वबाट सृष्टि अनवरत रूपमा चलिरहेको छ । अनि अनन्तकालसम्म यसको प्रक्रिया निरन्तर रहने छ । प्रकृतिले यसभित्रका कयौँ जटिलताको समाधान र व्यवस्थापन गरिरहेको छ । जसको महत्त्व, व्याख्यान र अनुशरण धर्मशास्त्रले गरिरहेको छ । सृष्टिकाल र वैदिक सनातनकालबाट नै यी अति महत्त्वपूर्ण धार्मिक र उपयोगी परम्परालाई धर्मशास्त्रले संरक्षण र पालना गर्दै आइरहेका छन् ।

शास्त्रमा विभिन्न देवीदेवता तथा कुलपितृहरूको वैदिक एवम् तान्त्रिक र परम्परागत पूजापाठ एवम् सेवा अर्चना विधिको व्याख्या र व्यवस्था रहेको छ । यसैबिच नाग पूजाको विशेष महत्त्वका साथ व्याख्या धर्मशास्त्रले गरेको छ ।

**को हुन् नाग ?**

नाग सर्प रूपका राजा हुन् । नाग धर्तीमाताका वरद र सञ्चालक हुन् । नाग पृथ्वीका हर्ताकर्ता हुन् । प्रकृतिका रक्षक हुन् । नाग जलका मालिक हुन् । नाग रत्न एवम् हिरामोती र सुवर्णका अधिकारी हुन् । नाग विषका जन्मदाता हुन् । नाग रोगका केन्द्र र उपचारका वैधसमेत हुन् । नाग प्रत्येक घरको जगमा बस्ने वास्तुका प्रतीक र मालिकसमेत हुन् । नाग पितृका मार्गदर्शक हुन् । नाग सम्पूर्ण चराचर जगतका इष्टदेवसमेत हुन् । नाग यो धर्तीमा उत्पन्न सम्पूर्ण विष, महामारी, रोग, व्याधी, काल, अनिकाल सबैलाई निल्न सक्ने साक्षात् शक्ति हुन् । नाग जलमा शयन गरी यो विराट पृथ्वीलाई धारण गरेका धर्तीका महान् संरक्षकसमेत हुन् ।

यस्ता धेरै गुण र शक्ति भएकाले सम्पूर्ण देवीदेवताले समेत उनै नागको साहारा, साथ र सहयोग बिना कुनै पनि कार्यमा सफलता प्राप्तिका लागि नागको पूजा र साथ सहयोग लिने गर्दछन् । नाग पूजाको प्रचलन वैदिककालदेखि नै सुरु भएको हो । वैदिक मान्यताअनुसार नागलाई सर्पको राजा मानिन्छ । नाग रिसाए भने पानीको अभाव हुने भएकाले पानीका लागि पनि नागलाई खुसी पार्न पूजा गर्ने परम्परा बसेको छ ।

**नाग राजाको बासस्थान**

प्रत्येक घरमा नाग रहेका हुन्छन् । घरका जगमुनि बसेका नाग रिसाएमा घरको जग नै भत्कन्छ भन्ने धार्मिक विश्वासमा पनि नाग पूजा गर्ने परम्परालाई निरन्तरता दिँदै आएको पाइन्छ । नागलाई बिष्णु र शिवका रूपमा मान्ने प्रचलन वैदिक सनातनकालदेखि नै छ । भगवान् शिवले नागको माला लगाउने र भगवान् बिष्णु जलमाथि शेषनागको शैयामा फणको छाता ओढी शयन गर्ने भएकाले दुवै भगवान्लाई नागको रूपमा मान्ने गरिएको हो ।

प्रथम पूजाको अधिकार पाउनुभएका भगवान् गणेशको एक हातमा नाग छन् । भगवान बिष्णुको अवतारको रूपमा जन्म लिनुभएका श्री रामचन्द्रको भाइ लक्ष्मण र कृष्णका दाजु बलरामलाई पनि शेषनागको आशीर्वाद र कृपा रहेको विश्वास गरिन्छ । साक्षात भगवान्को अवतारका रूपमा जन्म लिनुभएका बुद्धको शिरमा मुकुटाकारका रूपमा सर्पको आकृति रहेको हुन्छ । भगवान् बुद्धलाई समेत रिस, राग र मोह त्याग एवम् दीर्घ आयु प्राप्तिमा नाग कै आशीर्वाद र कृपा रहेको थियो ।

मत्स्येन्द्रनाथको घाँटीमा कर्कोटक नागको माला लगाइएको हुन्छ । जैन तीर्थाङ्करहरूको शिरमा समेत सर्पाकार मुकुट हुन्छ । लक्ष्मीको बास त्यो घरमा हुन्छ, जुन घरमा नागको पूजा हुन्छ भन्ने मान्यता हाम्रो समाजमा सनातनदेखि छ ।

**नागको स्वरूप**

नागका विशेषगरी आठवटा शक्तिशाली रूप हुन्छ । अनन्त, बासुकी, पद्मा, महापद्मा, तक्षक, कुलिर, कर्कोटक र शंखपाल । यी नागका विराट रूप र शक्ति रहेको हुन्छ ।

विशेषगरी नागको पूजा नागपञ्चमीमा गरिन्छ । यस दिन नागले धर्तीबाट हिरा र अमृत ग्रहण गरेको धार्मिक मान्यता रहेको छ । यसै दिनबाट हिउँदको आगमनसमेत हुने हुनाले यसै दिनमा घरघरमा नागको थान बनाउने, नाग पूजा गर्ने र नागको फोटो घरघरमा टाँस्ने परम्परा छ । यसबाहेक श्रीपञ्चमीमा समेत नागका पूजाअर्चना हुन्छ । यही दिनबाट वर्षायाम सुरु हुने जलमा रहेर पृथ्वीधारण गरेका नागले काँध फेर्ने विश्वाससमेत गरिन्छ ।

संसारमा नागको शक्ति र कृपालाई सम्मान नगर्ने कुनै पनि धर्म र समुदाय छैन । जुनसुकै धर्म र समुदायले फरक-फरक तरिकाले नागको पूजाअर्चना र भक्ति एवम् विश्वास गर्दछन् । अहिलेको बदलिँदो जीवनशैलीमा मानिसले आफ्नो घर, बस्ती तथा थातथलो छाडेर सुख-सुविधाको खोजीमा संसारका विभिन्न क्षेत्रमा फैलिएर बसेका छन् तर मानिसहरू जहाँजहाँ पुग्दछन्, उनीहरूसँगै उनीहरूका कुलपितृ र आफ्ना पितापुर्खाले स्थापना र सेवन गरेका नाग शक्ति पनि सँगसँगै गएका हुन्छ तर व्यस्त मानवले यी सबै विषयलाई बिर्सेको छ ।

कुलपितृ र नाग सम्झने उसलाई फूर्सद र हेक्का नै छैन । देवपितृहरू खनिएका छन् । अनि घरपरिवार, सन्तान र स्वास्थ्य डामाडोल भइरहेको छ । जब-जब नागको पूजा र अर्चना हुन्छ तब-तब व्यक्ति र परिवारलाई सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको अवसर प्राप्त हुन्छ ।

तमू बौद्ध सेवा समिति नेपालले पहिलोपटक यस वर्ष २०८२ साउन १३ गते नाग पूजा कार्यक्रम आयोजना गरेको थियो भने नाग पूजामा संस्थाका सदस्य तथा शुभेच्छुक धर्ममित्रहरूको उल्लेख्य सहभागिता रहेको थियो । हाम्रा परमपुज्य भगवान् बुद्धका शान्ति प्रणेता नाग देवताको विशेष पूजामा जुटेर आफूलगायत परिवार, कुलपितृहरूको कल्याणको कामना गर्नुभएको सबैप्रति संस्थाको उपाध्यक्ष एवम् धार्मिक समितिको संयोजकको हैसियतले हार्दिक आभार व्यक्त गर्दछु ।

जय सनातन ।




# भाटभटेनी सुपर मार्केट र नेपाली समाज



✍ नरेन्द्रकुमार गुरुङ

सहरीकरण र सुपरमार्केटलाई एकअर्काको परिपूरकका रूपमा लिइन्छ । बाटोघाटोको सरसुविधा भएपश्चात् गाउँबेंसीबाट उक्त बाटोघाटोको आसपासमा पसल र घर बनाएर केही व्यवसाय गरी जिविका निर्वाह गर्न रुचाउँछन् । उक्त कुरा नेपालमा भएको बाटोघाटोको विकास र त्यस वरिपरिका बजारहरू विकास वृद्धिलाई लिन सकिन्छ । सहर-बजारमा जनघनत्वको वृद्धि हुँदै गएपछि मानिसहरूको जीवनशैलीमा परिवर्तनसँगै नयाँ व्यवसाय सुरु हुनु र जीवनशैली पनि पहिलेको भन्दा व्यस्त रहनु अपरिहार्य नै हुन्छ । व्यस्त जीवनशैलीमा समयको उपयोग ज्यादै निपूर्णताका साथ गरिनु नै पर्ने हुन्छ । त्यसै अनुरूप मानिसहरूको दैनिक उपभोग्य वस्तुहरूको किनमेल गर्ने तथा थप जोहो गर्ने काम पनि सीमित समयमा निपूर्णताका साथ गर्नु पर्दछ । यसै सन्दर्भमा नै सुपरमार्केट वा डिपार्टमेन्ट स्टोरहरूको आवश्यकता र उपयोग ज्यादै महत्त्वपूर्ण र मुखरित भएर आएको हुन्छ ।

खेतीपती गर्दाको जीवनशैलीभन्दा केही मात्रामा सहरी जीवनशैलीमा आयको वृद्धि नै हुन्छ । जसले गर्दा उपभोग्य वस्तुहरू पनि पहिलेको भन्दा बढी उपभोग गर्नु स्वभाविकै हुन्छ । वर्तमान समाज भनेको उपभोक्तावादी समाज हो । आयमा वृद्धि भएअनुसार मानिसहरू उपभोगमा पनि वृद्धि गर्दछन् । नेपालको सहरीकरणको दर अन्य विकासोन्मुख देशहरूको भन्दा केही माथि नै रहेको तथ्याङ्कहरूबाट पुष्टि हुन्छ । विशेषतः शिक्षा, स्वास्थ्य, रोजगारी र सहज जीवनयापनका लागि गाउँको बास छाडेर बाटोको नजिक वा बजार तथा सहरतर्फ मानिसहरू दिनानुदिन बसाइँ-सराइ अर्थात् माइग्रेसन भइरहेको अवस्था हो ।

वैदेशिक रोजगारीबाट पर्याप्त आय वृद्धि भएपछि निश्चय नै पनि आफ्नो जीवनस्तर वृद्धि गर्न जोकोही पनि लालयित नै हुन्छन् भन्ने तथ्यगत रिपोर्ट छ/छैन थाहा छैन तर सामान्यतया वैदेशिक रोजगारीमा जाने अधिकांश परिवार हरूको आफ्नो छोराछोरी र परिवारलाई सहर बजारमा नै स्थान्तरण गराई पढाइ, लेखाइ र गरेर जीवनयापन गरिरहेको स्पष्ट नै छ । अझ यिनीहरूले विदेशमा देखेको, भोगेको जीवनशैली साथै सुपरमार्केटका अनुभव पनि आफ्नो जीवनको अभिन्न अङ्ग नै बनाएको हुनुपर्दछ । जसको प्रत्यक्ष प्रभाव नेपालमा सुपरमार्केट उपयोग गर्दा रहेको हुन्छ ।

नेपाली समाजमा मात्रै नभएर सम्भवत विश्वव्यापी रूपमै पनि पनि परिवार, समाजको विकास र स्थान्तरण साथै समग्र विकासलाई एउटा विरोधाभाषपूर्ण अवस्थाबाट हेर्न सकिन्छ । मानिसहरू जन्मे हुर्केको स्थानलाई उजाड बनाएर, छाडेर जानु अवश्य पनि राम्रो सङ्केत होइन । त्यसमा पनि नेपालजस्तो ग्रामीण क्षेत्रको विकासमा सरकारी नीति तथा कार्यक्रमहरूको असन्तुलित योजना र कार्यान्वयनले गर्दा गाउँघर दिनानुदिन उजाड हुँदै गएको छ । युवा र शिक्षित जनशक्तिहरू बाध्यताबस सहरीकरणको आकर्षणमा जानी नजानी होमिनुपर्ने अवस्था रहेको छ । यस्तै सहरीकरणको पृष्ठभूमीलाई अझ सहजता प्रदान गर्न कै लागि पनि भाटभटेनीजस्तो सुपरमार्केटले लगभग चार दशकको समयावधिमै नेपालको प्रायजस्तो सबै सहर र सहरोन्मुख क्षेत्रहरूमा २७ वटा रिटेलर आउटलेटहरूको सुविधा उपलब्ध गराउँदै आएको अवस्था छ ।

सहरी जीवनशैलीमा मानिसहरू कुनै न कुनै प्रकारको व्यवसाय, जागिर वा पढाइ-लेखाइले व्यस्त रहन्छ नै । नयाँ-नयाँ प्रविधिको प्रयोग, शिक्षित जनसमुदायहरूबिचको जीवनशैली, आधुनिक प्रविधि र सुविधाहरूको पर्याप्तता साथै आधुनिकीकरणको कसीमा उत्रँदै एक सभ्य समाज सदस्य भएर बाँच्नका लागि पनि सुपरमार्केटको आवश्यकता केवल विलासिताका रूपमा लिनु हुँदैन । यो त जीवनको अपरिहार्य आवश्यकता कै रूपमा लिइन्छ भन्ने नै हो भने सुपरमार्केट संस्कृति समाजको आभास हो । विकसित देशहरूलाई हेर्ने हो भने सभ्य समाज र उच्च संस्कृतिको वा सभ्यताको द्योतककै रूपमा लिइन्छ सुपरमार्केटलाई ।

जापानमा सुपरमार्केट संस्कृति सन् ११८५ एदो पिरियडभन्दा पहिलेदेखि सुरु भयो अर्थात् लगभग ८०० वर्ष पहिल्यै । हिजोआज जापानिज सुपरमार्केटमा ओवेन्तो अर्थात् रेडिमेट खाना (लन्च वा डिनर) पनि पाइन्छ । यी ओवेन्तोको म्याद एकदिनका लागि हुन्छ साथै आ-आफ्नो परिकारमा के कस्ता पोषण तत्व र भिटामिनहरू प्राप्त हुन्छ भनेर उल्लेख गरिएको हुन्छ । त्यस्तै विकसित क्षेत्रका साथै सुपरमार्केटहरूमा यसरी प्याक लन्च र डिनर उपलब्ध हुन्छ । केही जापानिज सुपरमार्केटमा उपलब्ध हुने कृषिजन्य वस्तुहरूमा बेच्ने किसानको आफ्नो परिचय र ठेगाना खुल्ने खालको तथ्यहरू पनि राखिन्छ । जसले गर्दा उक्त फलफुल वा उपजहरूमा केही कमीकमजोरी आएमा वा प्रशंसा गर्न परेमा तुरुन्तै खबर गर्न सकिन्छ अर्थात् Tracability को प्रावधान रहन्छ ।

जीवनशैली सधैँ नै परिवर्तनशील छ । अधिकांश नेपालीहरूको जीवनयापन निर्वाहमुखी कृषिबाट विस्तारै विस्तारै बजारमुखी कृषिमा मुखरित हुँदैछ । बजारमुखी हुनका लागि आफ्नो कृषिउपज अन्य ग्राहकहरूले किन्नका लागि योग्य हुनुपर्ने वा आकर्षक हुनुपर्ने प्रथम आवश्यकता हो । आकर्षित हुने पक्षहरू प्रथमतः स्वास्थ्यकर, कम मुल्य र हेर्दा चिटिक्क परेको हुनु हो । यसै कुराहरूलाई मध्यनजर गरेर भाटभटेनी सुपरमार्केटले पनि नेपाली वस्तुहरूलाई नै प्रथम प्राथमिकता दिएर विशेष सुविधाका साथ आफ्ना सबै शाखाहरूबाट बिक्री गर्दै आएको तथ्य स्पष्ट नै छ । कृषिजन्य मात्रै नभएर नेपालमा उत्पादन भएका सानाभन्दा साना उद्यमीहरूजस्तो गुन्द्रुक उत्पादन गर्ने, सेलरोटी तयार गर्नेदेखि लिएर धातुका गहना, भाँडाकुँडाहरू, हस्तकला, मानापाथी, नेपाली ढाकाका विभिन्न वस्त्रहरूलगायत ठुला उद्योगहरूबाट उत्पादन हुने उपभोग्य वस्तुहरूलाई ग्राहकहरूसामु उपलब्ध गराएका छन् ।

अर्थशास्त्रीहरूले भन्ने गरेका उक्ति "Supply Creates its own Demand" लाई सम्भने हो भने भाटभटेनी सुपरमार्केटले पनि मानिसको जीवनलाई आवश्यक विविध सामाग्रीहरू उपलब्ध गराएको छ। तब त ग्राहकहरू आफ्नो क्रयशक्ति अनुसार मन परेको सामानहरू वा औकातले भ्याएसम्मको सामानहरू आफू सन्तुष्ट हुनेगरी खरिद गर्न सक्षम छन् अर्थात् सरसामानहरूको आपूर्ति पर्याप्त भएपश्चात् उपभोगहरूले पनि कहिलेकाहीँ आफूले नसोचेको तर आवश्यक वस्तुहरू पनि खरिद गर्न सम्भव भएको छ । सामान्यतया बजार भन्नाले किन्ने र बेच्ने पक्षको भेटघाटको अवस्था हो । वस्तु तथा सेवाहरूलाई आवश्यक हुनेले जुन ठाउँबाट किन्दछ त्यो नै बजार हो । यसरी नै भाटभटेनीले एउटै छानामुनि एउटै भवनमा मानिसलाई चाहिने आवश्यक वस्तुहरू उपलब्ध गराएको छ। जसले गर्दा विभिन्न सामानहरूको उपलब्धता थोरै समयमा नै गर्न सकेको छ।

नेपालको राजनीतिक अस्थिरताका बाबजूद पनि धेरथोर विकासको गतिले आफ्नै ढङ्गको रफ्तार लिइरहेको अवस्था हो, यद्यपि आशातीत रूपमा भने छैन। तर गत भदौ महिनाको २३ र २४ गतेको जेनजी विद्रोह भने नेपालको इतिहासमा सबैभन्दा ठुलो तर विध्वंशात्मक भयो। जेनेरेसन जेड (जेनजी), जो १८ देखि २८ वर्ष उमेर समूहका हुन्। सरकारले पटकपटक आह्वान गर्दा पनि नेपालमा दर्ता नभएको भन्दै सामाजिक सञ्जाल बन्द गरेको थियो । त्यसरी बन्द गरिएको सामाजिक सञ्जाल खुलाउन माग गर्दै जेनजी पुस्ताको नाममा भएको देशव्यापी विरोधका क्रममा जुन विध्वंश भयो, त्यो अकल्पनीय थियो। सोही क्रममा भाटभटेनी सुपरमार्केटका ११ वटा शाखाहरू पनि जलाइए, जसका कारण अर्बौं रुपैयाँको सम्पत्ति खरानी भयो।

त्यसरी भएको विध्वंशको सम्बन्धित निकायबाट विस्तृत अनुसन्धान र तथ्य पहिचानको काम त अवश्य नै होला तर यति थोरै समयमा भएको क्षति निश्चय नै नेपाल र नेपालीहरूले हालसम्म गरेको उपलब्धीमाथिको ठुलो आक्रमण हो। जेनजी विद्रोहको मौकामा घुसपैठ गरेर एउटा साधारण किसान वा उद्यमीदेखि ठुला-ठुला व्यावसायिक व्यापारिक घरानाले सञ्चालन गरेका उद्यमलाई खरानी वा ध्वस्त बनाउने कुरा कुनै तवर वा हिसाबले पनि क्षम्य हुँदैन। यी सबै विध्वंशकारी तत्वहरू आफ्नोलगायत कसैको पनि भलाइ नहोस् भन्ने आपराधिक तत्व हुन्।

भाटभटेनीको जम्मा ११ वटा आउटलेटहरू र एउटा स्टोरहाउस ध्वस्त भएका छन्। त्यस ध्वस्त भएका संरचनाको भौतिक क्षति अर्बौंको त छ नै त्यससँग जोडिएका लाखौं उपभोक्ताहरू भाटभटेनीको अभावबाट के र कति दुःख व्यहोरिरहेका होलान्। आफूले भनेजस्तो गुणस्तरयुक्त सामानहरू उपयुक्त समयमा नपाएर ती लाखौं उपभोक्ताहरूले टाढाको अन्य पसलहरूबाट सामानहरू खरिद गर्दा के कति समय खर्चिनु परेको होला।

हालसम्म घरेलु कृषकहरू साना, मझौलादेखि ठुला-ठुला उद्यमीहरूले पनि भाटभटेनीमा सप्लाई गर्दै आएका सरसामानहरू अवश्य पनि आपूर्ति भएनन् । ती सामानहरू के कसरी र कहाँ बजारीकरण गरिँदै होला ? अझ संवेदनशील पक्ष त ती सबै भेन्डर्सहरूले ती जलेर ध्वस्त भएका सामानहरूको बैङ्क लोन (साँवा र ब्याज) कसरी भुक्तानी गर्ने ? नयाँ सामानहरू उत्पादन गर्न पनि फेरि बैङ्क लोन ब्याजसहित त आवश्यक भयो नै। यसरी ऋणमाथि ऋण थपिँदा अर्थतन्त्र कति धेरै पछाडि धकेलिएको अवस्था छ ? आगजनी गर्ने ती सबै विध्वंशकारी तत्वहरू स्वयम्ले पनि भाटभटेनीको अभावबाट छटपटी महसुस गरेका होलान् ? अरुका घर सम्पत्ति जलाउने तत्वहरू आफ्नै सम्पत्ति संरक्षण गर्छन् कि गर्दैनन् ?

झलक्क हेर्दा भाटभटेनीको ११ वटा आउटलेट र एउटा ठुलो गोदामघर (Warehouse) ध्वस्त भएको प्रत्यक्ष देखे पनि मिहीन रूपमा हेर्दा भाटभटेनीसँग जोडिएका सम्पूर्ण भेन्डर्सहरू र त्यससँग सम्बन्धित मुल्यअनुसारको सबै पसलहरू प्रत्यक्ष रूपमा आहात भएका छन्। त्यसबाट सृजित आर्थिक र सामाजिक पक्षहरूमाथि व्यापक रूपमा नकारात्मक प्रभाव परेको छ। अझ अभौतिक पक्षलाई गहन ढङ्गले हेर्ने र मनन् गर्ने हो भने नेपालीहरूले दुःखसुखले

आर्जन गर्दै ल्याएको आधुनिकीकरण र बजारीकरणको अभ्यास वा नेपाली पारको सभ्यताको प्रारम्भिक चरणमा नै कुठराघात गर्ने कुत्सित प्रयास भएको छ। भौतिक, वित्तीय र ग्राहक उपभोक्ताहरूले भोग्नुपरेको व्यवधानको अलावा नेपालीहरूप्रति विदेशीहरू वा पराइले हेर्ने दृष्टिकोण भने अवश्य नै ठुलो प्रश्नको सूचीमा रहेको छ।

भाटभटेनी समूहले रिटेल सप (खुद्रा व्यापार)बाट जे-जस्तो सुविधा उपलब्ध गराएको छ, त्यसका साथसाथै हस्पिटलको निर्माण र चिकित्साशास्त्रमा धेरै छात्रछात्रालाई डाक्टरको अध्ययन गराएर सहयोग पुऱ्याइरहेको कुरा सबैसमक्ष प्रष्ट छ। टिचिङ हस्पिटलको परिसरमा इमर्जेन्सी बिल्डिङ बनाइसकेको छ भने बालबालिकाहरूको लागि नवनिर्मित हस्पिटल बनाउन सहयोग भइरहेको छ। भदौ २४ गते ११ वटा स्टोरहरू खरानीमा परिणत भएपश्चात् त्यहाँ काम गर्ने सयौँ कर्मचारीहरूको भविश्य के हुने हो भन्ने कुराले सबै नै अप्रत्यासित थिए तर भाटभटेनी समूहले कुनै पनि कर्मचारीहरूलाई जागिरबाट ननिकाल्ने घोषणा गऱ्यो। उक्त घटना नेपालीहरूको मुख्य चाड दसैँको मुखैमा घटेको थियो। ती सबै कर्मचारीहरूको जागिर निरन्तरता हुनका साथै सधैँ पाइरहको दसैँ बोनस पनि उपलब्ध गराउने निर्णयले भाटभटेनी समूह साँच्चै नै नेपालजस्तो गरिब देशमा लोक कल्याणकारी संस्थाको सशक्त नमूनाका रूपमा प्रस्तुत भएको छ।



यी विभिन्न भाटभटेनीमा कलेजको विद्यार्थीहरूले विभिन्न सिफ्ट गरेर पार्टटाइम काम गर्दै आएको पढाइलाई पनि निरन्तरता दिइरहेको अवस्था थियो तर ती सबै विद्यार्थीहरू हाल आएर आफ्नै ढङ्गले पढाइलाई निरन्तरता दिँदै आएका होलान् । यिनीहरूलाई अवश्यै पनि दूरगामी असर परेको छ ।

यतिका आफ्नो सम्पत्तिको क्षति भएको अवस्थामा पनि भाटभटेनी समूहका अध्यक्ष मीनबहादुर गुरुङले ती सबै ११ वटा आउटलेटलाई यथाशक्य चाँडै नै ग्राहकहरूको सेवार्थ प्रस्तुत गर्ने अठोट गर्नुभएको छ ।

यतिका विध्वंश गरी क्षति भएको अवस्थामा पनि एक हप्ता नबित्दै कतिपय भाटभटेनीको पुनर्निर्माणका लागि सरसफाइको काम गुरु गरिनुले भाटभटेनी समूह नेपाली उपभोक्ताहरूप्रति कति धेरै उत्तरदायी र जिम्मेवार महसुस गरेका रहेछन् भन्ने आभास हुन्छ । विगत ४० वर्षमा आम उपभोक्ताहरूले भाटभटेनीप्रति कमाएको विश्वास, आस्था, मूल्य र मान्यता वास्तवमा भाटभटेनी समूहको ज्यादै ठुलो सम्पत्ति हो । यी नदेखिएका सम्पत्ति वास्तवमै भाटभटेनी समूहको मात्रै नभएर सुपरमार्केटको मूल्य शृङ्खलाका सबै सम्बद्ध पक्षहरूबिचको दोहोरो सम्बन्धमा अन्तरनिहीत हुन्छ । अनि त्यसरी नै आम उपभोक्ताहरू त्यसभित्र नै आबद्ध हुन्छन् ।

समाज र परिवार सधैँ नै अग्रगमनको दिशामा अग्रसर रहन्छ । एकाइसौँ शताब्दीको पहिलो क्वाटर (चौथाई) अवधि पूरा हुनै लागेको छ । भूमण्डलीकरण र डिजिटल युगमा प्रवेश गरेको समाज निश्चय नै नयाँनयाँ प्रविधिमा आधारित हुन्छ । सोहीअनुरूप भाटभटेनी सुपरमार्केटले पनि भविश्यमा अनलाइन सपिङमा प्रवेश गर्नेछ । नेपालीहरूको डिजिटल साक्षरता बढ्दो दरमा छ । सोहीअनुसार स्मार्टफोनमा नेपालीहरूको पहुँच पनि बढ्दो दरमा छ । फिनरेकले व्यापकता पाइरहेको सँगसँगै संसारभरि नै जस्तो अमेजन, अलिबाबा, कालमार्ट र रिकुटेन रिटेल मार्केटहरूले जस्तै भाटभटेनीले पनि अबका दिनमा अनलाइन सपिङमा जानुपर्ने प्रबल सम्भावना रहेको छ ।

नेपालको भौगोलिक बनावट ज्यादै रोचक र अद्वितीय रहेको छ । ज्यादै थोरै उचाइको भिन्नतामा मौसम (Climate)को भिन्नता भने व्यापक हुन्छ । त्यसैअनुरूपको माटो जलवायु भएकाले त्यस्ता स्थानमा उब्जाउ हुने फलफुल, सागसब्जीहरू आ-आफ्नै स्वाद र प्रकारको हुन्छ, जुन नेपालको एउटा अद्वितीयपन (uniqueness) नै हो । यस्तो भौगोलिक विविधता भएको स्थानमा उत्पादन हुने वस्तुहरूलाई भाटभटेनी सुपरमार्केटले तत्तत् स्थानको पहिचान खुल्ने गरी बजारीकरण गरेमा उक्त उपजहरूको बजारीकरणले दिगो रूपको बजारीकरण हुने थियो । यसमा पनि आजभोलि स्थान विशेष सिङ्गल ओरिजिन वस्तुको उपभोग गर्ने र सोहीअनुसारको माग रहेको अवस्था छ ।

आर्थिक वृद्धि कुनै पनि समाज र देश विकासको पहिलो आधारबिन्दु हो । नेपालको भौगोलिक विविधतालाई समेटेर उत्पादन गरिएको विविध वस्तुहरू उत्पादन गर्ने किसान वा सहकारीकर्मीहरूलाई भाटभटेनी सुपरमार्केटले एउटा अभिन्न अङ्ग वा कुनैप्रकारको सदस्यता दिलाएर सम्बन्ध विस्तार गरेमा त्यसको दीर्घकालीन दिगोपन रहने अपेक्षा गरिन्छ । जसले गर्दा उत्पादनहरूको भाटभटेनीप्रति अपनत्वमा प्रगाढ भएर रहनेछ, जसरी हाल भाटभटेनीले ग्राहकहरूलाई विभिन्न प्रकारको स्किमद्वारा आफ्नो ग्रिपमा राख्ने प्रयास गरिरहेको छ । यसरी भाटभटेनीलगायत कुनै पनि सुपरमार्केट आर्थिक विकासको सशक्त माध्यम (Engine of Economic Growth) बन्नका कुनै शङ्का नरहन सक्दछ ।

यसरी हाल भाटभटेनीले आफ्ना २७ शाखाहरूबाट जति सप्लायर्स भेन्डर्सहरू र आम उपभोक्तालाई जोड्न सफल भएको छ, यसैगरी जति-जति सहरीकरण बढ्दै जान्छ, त्यसरी नै भविश्यमा पनि नयाँ-नयाँ प्रविधिहरूका साथ अझ धेरैभन्दा धेरै उपभोक्ताहरूलाई अत्याधुनिक सेवासुविधा पुऱ्याउन सकोस् भन्ने कामना गर्दछौँ ।

*लेखक तमू बौद्ध सेवा समितिका पूर्वमहासचिव हुनुहुन्छ ।*

# मैले देखेको जेनजी आन्दोलन





✍ राजेश गुरुङ

गत भदौ २३ भन्दा चार/पाँच दिन अघिदेखि सामाजिक सञ्जालहरूमा विभिन्न व्यक्ति तथा समूहद्वारा राजधानीमा हुन गइरहेको जेनजी आन्दोलनबारे व्यापक प्रचारप्रसार हुँदै थियो । मैले राम्रोसँग बुझ्न नसकेको जेनजी आन्दोलन वा क्रान्ति विभिन्न माध्यमबाट बुझ्ने कोसिसपछि भदौ २३ गते खाना खाएर साथी सागर श्रेष्ठसँग माइतीघर मण्डला गयौँ ।

पहिलो दिन अर्थात् भदौ २३ गते बिहान ८ बजेदखि नै माइतीघर सडकमा चाप बढ्न थालेपछि ट्राफिक व्यवस्थापन प्रभावित भएको थियो। डिजिटल युगमा हुर्किएको नयाँपुस्ताले नेतृत्व गरेको आन्दोलनले व्यापक ध्यान खिच्यो । डिजिटल युगमा हुर्किएको पुस्ताले असमानता, बेरोजगारी, सुशासनको








कमी, पारदर्शिताको अभाव तथा नयाँपुस्ताको आवाजलाई सम्बोधन नगर्ने प्रवृत्तिलाई मूल कारण ठानेर प्रदर्शन थालेका थिए। आन्दोलन सामाजिक सञ्जालमा छोटो समयमै ह्यासट्याग अभियानबाट व्यापक फैलिएको थियो।

स्कुल, कलेज पढ्दै गरेका हजारौँ युवाहरू माइतीघर आसपासमा बसेर नारा लगाउँदै थिए। यसै क्रममा केही आक्रोशित युवाहरू अराजक नारा लगाउँदै बिजुलीबजारतर्फ दौडँदै अगाडि बढे। उनीहरूको पछिपछि अरु पनि दौडिए। बानेश्वरस्थित एभरेष्ट होटल नजिक थोरै सङ्ख्यामा प्रहरी बल तैनाथ थियो। प्रहरी युवा जोसका उग्र देखिएका प्रदर्शनकारीलाई रोक्न असमर्थ भयो। केहीबेरमै प्रहरीले पानीको फोहोरा हान्न सुरु गरेलगत्तै स्कुल र कलेजको ड्रेसमै रहेका युवायुवतीहरू नारा लगाउँदै र भागदौड गर्दै प्रहरीसँग मुठभेडमा रहेको भिडियोहरू तुरुन्तै सामाजिक सञ्जालहरूमा लाइभ हुन थाले।

हामी सञ्चारकर्मीहरूले भदौ २३ अघि २०६२/६३ को आन्दोलनमा मात्र प्रदर्शनकारी प्रहरीको घेरा तोडेर अघि बढेको देखेका थियौँ। प्रदर्शनकारी आकाशे पुल पार गरेर बानेश्वर चोकतिर अघि बढ्न थालेसँगै अब चाहिँ केही अनिष्ट हुन सक्छ भन्ने हामीले अनुमान गरिसकेका थियौँ। पुरानो बानेश्वर, अनामनगर, शङ्खमुल र तीनकुनेतिरबाट पनि हजारौँको सङ्ख्यामा प्रदर्शनकारीहरू आउन थाले। हामी प्रदर्शनकारी र प्रहरीबिच मुठभेड भएको फोटो खिच्न व्यस्त थियौँ।

प्रदर्शनकारीको घेरामा पर्न लागेका प्रहरीहरू विस्तारै विस्तारै अघि बढ्दै संसद भवन परिसरभित्र पसे। प्रहरी संसद भवन परिसरमा खुम्चिएपछि अझ उग्र बनेका प्रदर्शनकारीहरूले संसद भवनको दक्षिणतर्फको गेटमा आगो लगाउन थाले। त्यसपछि प्रहरीले पानीको फोहोरा, अश्रुग्याँस, हवाई फायरहुँदै रबरको गोली हान्न सुरु गऱ्यो। प्रदर्शनकारीले संसद भवनको गेटमा लगाएको आगो निभाउन आएको दमकल पनि तोडफोड गरेर ड्राइभरलाई लखेटेपछि आगजनी गरे। चैत १५ मा तिनकुनेमा राजावादीले गरेको प्रदर्शनमा हिंसा भड्किँदा भएको गोली प्रहारमा मेरो खुट्टामा रबरको दुई वटा गोली लागेको थियो। त्यसैले प्रदर्शनकारी झन्-झन् उग्र हुँदै गएपछि म अलि पछि हटेँ।







दिउँसो १ देखि २ बजेको समयमा संसद भवनको पर्खाल भत्काएर भित्र पसेपछि प्रदर्शनकारीले तोडफोड गर्दै संसद भवन जलाउन खोजे । त्यसपछि प्रहरीले प्रदर्शनकारीलाई ताकेर नै गोली हान्न थाल्यो । क्षणभरमै केही प्रदर्शनकारी गोली लागेर ढले । त्यही क्रममा आन्दोलन हेर्न आएका केही विद्यार्थीलाई पनि गोली लाग्यो । पहिल्यै उग्र र अराजक देखिएका प्रदर्शनकारीहरू झनै उग्र भए । प्रदर्शनकारीहरू गोली प्रहारको कुनै वास्ता नगरी प्रहरीसँग जाइलाग्न थाले । केहीबेरमै मृत्यु हुनेको सङ्ख्या १९ पुग्यो । जिल्ला प्रशासन कार्यालय काठमाडौँले कर्फ्यू आदेश जारी गरे पनि प्रदर्शनकारी पछि हटेनन् । सेनाको गाडी अगाडि बसेर नारा लगाउँदै बसे । सेना पनि अनुशासित भएर प्रदर्शनकारीलाई हेरेर मात्र बस्यो ।

आन्दोलनका तस्बिरहरू इमेलमार्फत कार्यालय पठाएपछि केही फोटो र भिडियो विभिन्न सामाजिक सञ्जालमा पनि पोस्ट गरेँ । भोलि के होला भनेर मनमा कुरा खेल्दा राम्ररी निदाउन पनि सकिनँ । भदौ २४ गते बिहानैदेखि सोसल मिडिया र समाचार पोर्टलहरूमा अनेकथरि कुरा आउँदै थियो । अलि चाँडै खाना खाएर













साथी सागर श्रेष्ठलाई फोन गरेँ । उनले मैतिदेवी आसपासमा प्रदर्शन सुरु भइसकेको जानकारी दिए । म बाइकमा मैतिदेवीतर्फ अगाडि बढ्दै गर्दा बौद्ध, महाँकालतिरबाट पनि पसल बन्द गरेर स्थानीयहरू प्रधानमन्त्री केपी ओली, गृहमन्त्री, सञ्चारमन्त्री, सिडियो र प्रहरीविरुद्ध नारा लगाउँदै मुख्य सडकतर्फ लम्कँदै गरेको देखेँ । ज्ञानेश्वर चोकमा सागरसँग भेट भयो । चोकमा टायर बालेर बसेका प्रदर्शनकारीले काङ्ग्रेस महामन्त्री गगन थापाको घरमा तोडफोड गरिसकेका रहेछन् । चोकमा बसेका प्रदर्शनकारी हटाउन आएका प्रहरीको समूहलाई उल्टै प्रदर्शनकारीले लखेटे ।

चोकमा टायर बालेर बसेका आन्दोलनकारीमध्ये एक जनाले भने, “अब हिल्टन होटल जाऔँ ।” त्यसपछि प्रदर्शकारीहरू दौडँदै हिल्टन होटलतर्फ लागे । हामी पनि प्रदर्शनकारीलाई पछ्याउँदै अघि बढ्यौँ । केहीबेरमै प्रदर्शनकारीले हिल्टन होटेल तोडफोड गरेर आगो लगाए। त्यहीबेला एक सञ्चारकर्मी साथीको फोन आयो । उनी भन्दै थिए, “प्रदर्शनकारीले गौशाला प्रहरी चौकीमा आगो लगाए।” हामी गौशाला चोक पुग्दा प्रहरी चौकी जलिरहेको थियो । संसद भवन जलायो रे भन्ने खबर आयो । नयाँ बानेश्वरस्थित संसद भवन पुग्दा त्यहाँ पनि प्रदर्शनकारीले आगो लगाइसकेका रहेछन् । सयौँ प्रदर्शनकारी संसद भवनभित्र र बाहिर विभिन्न हरकत गर्दै थिए । काठमाडौँ जिल्ला अदालत, सर्वोच्च अदालत, सिंहदरबारलगायत धेरै महत्त्वपूर्ण सरकारी भवन, संरचना लगभग एकै समयमा जलाइएका कारण म त्यस्ता संरचनाहरू भएको स्थानसम्म पुग्दा ती संरचनाहरू आगोको लप्काले खाइसकेको थियो ।

जताततै आगजनी । देशकै महत्त्वपूर्ण संरचनाहरू ध्वस्त भएको अवस्थाले मन निकै अत्तालिएको थियो । यो किन र कसले गरेको होला ? केका लागि यी सब गरेका होलान् ? कहाँ र के के मात्र खिच्ने ? एकक्षण त अवाक् नै भएँ । त्यहीबेला काङ्ग्रेस र एमालेका शीर्ष नेताहरूको घरमा आगजनी भएको खबर आएको थियो । हामी सिंहदरबार वरिपरि नै बसेर तस्बिर र भिडियो कैद गरिरहेका थियौँ । फेरि भाटभटेनीका विभिन्न आउटलेटमा पनि आगजनी भएको खबर आयो । साँझपख घर फर्कँदै गर्दा चुच्चेपाटीस्थित भाटभटेनीमा पुगेँ । आगो दन्किरहेको थियो । केही सामान ओसार्दै थिए । अधिकांश चाहिँ रमिते बनेर मोबाइलमा फोटो तथा भिडियो कैद गर्दै थिए ।

जेनजी पुस्ताले गरेको आन्दोलनका क्रममा देखिएको घुसपैठबाट तीन खर्ब बराबरको भौतिक क्षति भएको अनुमान गरिएको छ । यो भनेको देशको एक आर्थिक वर्षको पूरै पुँजीगत खर्च बराबर हो । अब यत्रो



रकम कहाँबाट र कसरी ल्याउने ? यसमा दोष कसको हो ? अनि दसौँ हजारलाई रोजगारी दिँदै नेपालमा सुपरमार्केटमा सपिङ कल्चर विकास गर्ने, वार्षिक करोडौँ कर तिर्ने (गत आर्थिक वर्षमा वस्तुगत व्यापारतर्फ सबैभन्दा बढी कर तिरेकोमा भाटभटेनी कर दिवसको अवसरमा १ मङ्सिरमा सरकारबाट सम्मानित भएको छ) मीनबहादुर गुरुङलाई किन टार्गेट गरियो ? मेरो मनमा यो प्रश्नले बलियोसँग जरा गाडेको छ।

अब नेपालले पुनर्निर्माणका लागि मात्रै खर्बौँ ऋण लिनुको विकल्प छैन। यसले हाम्रो अर्थतन्त्र धेरै खलबलिएको छ । धरासायी भएको छ । आजका दिनसम्मका घटना, परिघटनालाई हेर्ने हो भने तोकिएकै समयमा निर्वाचन हुने सम्भावना पनि निकै कम देखिन्छ। यद्यपि समयमै निर्वाचन गर्नुको विकल्प छैन । फोटो पत्रकारितामा संलग्न भएको करिब तीन दशक भयो। केवल दुई दिनको अवधिमा यति धेरै मानवीय तथा भौतिक क्षति र विध्वंश कहिल्यै भएको थिएन र आउँदो दिनहरूमा पनि यस्ता तस्बिरहरू मेरो क्यामेराबाट कहिल्यै कैद गर्न नपरोस् ।

*राजेश गुरुङ दि हिमालयन टाइम्स दैनिकका फोटो सम्पादक हुन् ।*



# तमू ह्युलको नेतृत्व गर्दै धनमान



✍ मनिराज गुरुङ

२०८२ जेठ १०-१२ मा सम्पन्न गुरुङ समुदायको केन्द्रीय छाता सङ्गठन तमू ह्युल छौंज धीं गुरुङ राष्ट्रिय परिषद्को पाँचौं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा निर्वाचित हुनुभएका धनमान गुरुङ सिङ्गो गुरुङ समुदायको नेतृत्व गर्ने स्थानमा पुग्नुभएको छ । उहाँ तनहुँको व्यास नगरपालिका- ९, क्यामिनका गञ्जसिंह गुरुङ र काली गुरुङका पाँच छोरा र पाँच छोरीमा सबैभन्दा कान्छो सन्तान हुनुहुन्छ । गाउँमै रहेको भाषा पाठशालाबाट कक्षा ५ सम्मको पढाइ पूरा गर्नुभएका उहँले लमजुङको कुन्छाबाट २०२९ सालमा एसएलसी दिनुभयो ।

२०३० सालमा उच्च शिक्षा अध्ययनका लागि काठमाडौं आउनुभएका उहाँ शिक्षा संकायमा पाटन बहुमुखी क्याम्पसमा भर्ना हुनुभयो । त्यसको पछिल्लो वर्ष चितवनबाट युक्त गुरुङ पनि पाटनमै भर्ना हुन आइपुग्नुभयो । युक्त र धनमानको दोस्ती जम्दै गयो । समय क्रममा समकालीन साथीहरू धनमान, युक्त, सूर्यमान (सुवर्ण), हरि (इन्जिनियर), दलबहादुर, दिल गुरुङलगायतको दोस्ती जम्दै गयो । ती ऊर्जावान् युवाहरूलाई परिचालन गर्दै रामकाजी कोने, एकबहादुर गुरुङ आदिले तमू धीं भन्ने संस्था गठन गरे । पूर्वबाट प्रेम दुबो पनि त्योबेला एकदमै सक्रिय भएर लागेका थिए । यद्यपि त्यो संस्था दर्ता भने गरिएन ।

तमू धींले भाषा कक्षा सञ्चालन, वनभोज, अर्थ सङ्कलनका लागि देउसी-भैलोजस्ता कार्यक्रम गर्थ्यो । धनमान भन्नुहुन्छ, "गाउँघरमा हुने विभिन्न भोज, भतेर, मेला, रोधींमा खुट्टै नउचालेको मैले तमू धींको देउसी-भैलोमा पाउँदुरे नाचसमेत नाचेँ ।" तर पढाइलाई अगाडि बढाउनु पर्ने भएपछि धनमानले संस्थामा लगाव विस्तारै कम गर्दै लानुभयो । स्नातक गरेपछि दुईपटक लोकसेवाको परीक्षा पनि दिनुभएका उहाँको जागिरे यात्रा चाहिँ युएसएआईडी फण्डेड एउटा प्रोजेक्टबाट सुरु भयो । कामको सिलसिलामा धेरैजसो काठमाडौं उपत्यका बाहिर फिल्डमा जानुपर्ने भएकाले त्यसपछि चाहिँ उहाँको गुरुङ सङ्घ-संस्थासँगको कनेक्सन करिब करिब टुट्यो ।

२०५९ मा उहाँ फेरि उपत्यकाबाहिर नजाने सोचले काठमाडौं आउनुभयो । प्रा.डा. गणेशमान गुरुङ, गञ्जसिंह गुरुङ, नारायण ल्हेगैं गुरुङलगायतसँग उहाँको राम्रै चिनजान थियो । नारायण ल्हेगैं र उहाँ त मास्टर्स पढ्दाका साथी पनि थिए । यद्यपि ब्रिटिस गोरखामा केही वर्ष सेवा गरेर फर्कनुभएका नारायण ल्हेगैंलाई उहाँ दाइकै रूपमा आदर गर्नुहुन्थ्यो । प्रा.डा. गणेशमान र नारायण ल्हेगैं गुरुङ राष्ट्रिय परिषद्मा सक्रिय थिए भने गञ्जसिंह तमू बौद्ध सेवा समितिमा महासचिव थिए ।

उनीहरूले धनमानलाई अब गुरुङ सामाजिक संस्थामा सक्रिय भएर लाग्नुपर्छ भनेर आग्रह गरे । अन्ततः धनमान गुरुङ तमू बौद्ध सेवा समिति नेपालको आजीवन सदस्यता लिएर गुरुङ सङ्घ-संस्थामा इन्ट्री गर्नुभयो ।




तमू बौद्ध सेवा समिति नेपालले त्योबेला देशका विभिन्न स्थानमा गुरुङ भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने गरेको थियो । तमू बौद्धले भाषा कक्षा सञ्चालनका लागि आवश्यक पुस्तिका तथा अन्य पठन सामाग्री पनि तयार पारेको थियो भने व्यावसायिक भाषा प्रशिक्षक पनि तयार पारेको थियो । डम्बर गुरुङ, मीना गुरुङ, ममता गुरुङ, शोभा गुरुङ आदि भाषा प्रशिक्षक थिए । उनीहरूलाई भाषा प्रशिक्षक बनाउन तथा भाषा कक्षा सञ्चालनका लागि आवश्यक पुस्तिका र अन्य पठन सामाग्री तयार पार्न गुरुङ भाषाविद् रत्नबहादुर गुरुङको अत्यन्तै ठुलो योगदान रहेको थियो । धनमान भन्नुहुन्छ, “मलाई आजका दिनमा पनि तमू बौद्ध सेवा समिति नेपालको त्यो महान कार्यको स्मरण हुन्छ । त्यो अत्यन्तै सराहनीय कार्य थियो । त्यसबाट म अत्यन्तै प्रभावित भएको थिएँ ।”

तमू बौद्धको आडैमा थियो गुरुङ राष्ट्रिय परिषद्, जहाँ काठमाडौँ उपत्यका र अन्यत्र पनि गठन भएका विभिन्न तमू सङ्घ-संस्था आबद्ध थिए । पोखरामा भएको महाधिवेशनबाट धनमान परिषद्को प्रचार सचिवमा निर्वाचित हुनुभयो । २०६५ मा तत्कालीन तमू छोँज धीं र गुरुङ राष्ट्रिय परिषद्बिच एकता भएसँगै चितवनमा २०६५ चैतमा सम्पन्न एकता महाधिवेशनबाट पनि उहाँ प्रचार सचिव नै हुनुभयो । झापामा भएको दोस्रो महाधिवेशनबाट भने उहाँ महासचिवमा निर्वाचित हुनुभयो ।

रेशम गुरुङ अध्यक्ष निर्वाचित भएका थिए । रेशम केही गरौँ भन्ने जोस भएको भर्खरका युवा । तमू ह्युलको टिम देश दौडाहामा निस्कन्थ्यो । धनमानलाई बहर गोरुसँग बुढा गोरु भिड्नु परेको जस्तो हुन्थ्यो । घरमा समय दिन त पटक्कै नभ्याउने । घरमा कहिल्यै समय दिइनस् भनेर छोराछोरी र श्रीमतीभन्दा पनि बढी कान्छी दिदीको गुनासो थियो । अन्ततः उहाँ एक कार्यकाल ब्याक हुनुभयो तर उहाँलाई फूर्सद त कहाँ मिल्थ्यो र ! उहाँ आन्तरिक लेखापरीक्षण समितिको संयोजक बनाइए ।

खासमा धनमान गुरुङ पारिवारिक कारणले संस्थाबाट ब्याक बस्नुभएको थियो । तर डेढ दशकभन्दा लामो समय सामाजिक संस्थामा निरन्तर लाग्दै गर्दा

त्यो त उहाँको दैनिकी नै बनेको रहेछ । कार्यसमितिमा नरहँदा उहाँलाई कता कता हराएजस्तो लाग्यो रे । के नभएजस्तो हुने भयो रे । समय दिनुपर्ने, पैसा पनि आफ्नै खल्तीको जाने तर पनि संस्थाको कार्यक्रम भनेपछि छुटाउनै मन नलाग्ने । एकप्रकारको लत नै लागेछ । त्यसैले उहाँ चौथो महाधिवेशनबाट उपाध्यक्षको जिम्मेवारीमा फर्कनुभयो । आफूलाई प्रदान गरिएको जिम्मेवारी उहाँले सकेसम्म इमान्दारीपूर्वक निर्वाह गर्नुभयो । उहाँको विज्ञता प्रपोजल लेख्ने हो । त्यसैले संस्थाकोतर्फबाट प्रपोजल लेख्ने काम प्रायः उहाँले नै गर्नुभयो ।

तमू ह्युलमा सचिव, महासचिव, उपाध्यक्षहुँदै नेतृत्वमा आउँदा धनमानले टिम चाहिँ राम्रो हुनुपर्छ भन्ने बुझ्नु भएको थियो । तर उहाँले निर्वाचनका बेला टिम सेटिङमा भने कुनै चासो दिनुभएन । यद्यपि चुनावबाट एकदमै ऊर्जाशील र राम्रो टिम बनेको उहाँले आभाष गर्नुभएको छ । छोटो समयमा भएका केही सिटिङहरूले नयाँ कार्यसमितिमा सबैको केमेष्ट्री मिलेको पाइएको उहाँको भनाइ छ । संस्थामा प्रणालीको विकास भयो भने नेतृत्व जो र जस्तो आए पनि सिस्टमले काम गर्छ । त्यसैले उहाँ सिस्टम विकासमा जुट्नुभएको छ ।

धनमान नेतृत्वको नयाँ टिमले पाँचवटै महाधिवेशन र जारी भएका घोषणापत्रहरू एक ठाउँमा राखेर अध्ययन गरेको छ । घोषणापत्रमा उल्लेख भएका सबै बुँदालाई कम्पाइल गर्दा काम गर्न सकिने व्यवहारिक ३५/३६ वटा बुँदाहरू बनेको र त्यसलाई पनि सातवटा समूहमा वर्गीकरण गरिएको छ भने प्राथमिकताको आधारमा कुन कुन काम कहिले सम्पन्न गर्ने भन्ने भएसँगै त्यो संस्थाको गाइडलाइन पनि बनेको छ ।

काम गर्न त बजेट चाहिन्छ । तर बजेटको स्रोत के हो, त्यसको टुङ्गो छैन । प्रोजेक्टमा लामो समय काम गरेको हुनाले उहाँ कुनै पनि काम लजिकल फ्रेमवर्क बनाएर गर्न चाहनु हुन्छ । त्यो अन्तर्राष्ट्रिय रूपमै अभ्यासमा रहेको प्रचलन पनि हो । तैपनि बजेटको विषयमा आफू धेरै नआत्तिएको उहाँ बताउनु हुन्छ ।

नयाँ टिमले संगठन सुदृढीकरणअन्तर्गत सातवटै प्रदेशमा गएर अन्तरक्रिया गर्ने योजना बनाएको छ । तमू ह्युलको सांगठनिक संरचना भनेको तलदेखि माथिसम्म भर्टिकल हो । जिल्ला जिल्लामा मात्र होइन, गाउँसम्म पनि इकाइ छन् । उहाँहरू गत बर्खामासमै पनि बागमती प्रदेशका सबैजसो जिल्ला, नगर तथा गाउँसम्म पुग्नुभयो भने अबको गन्तव्य अन्य प्रदेशतिर रहेको अध्यक्ष धनमानले जानकारी दिनुभयो ।

पहिले गुरुङ भाषामै नाम रहेका कास्की, गोरखा, लमजुङका धेरै गाउँको नाम अहिले खसकरण (नेपाली) भइसकेको छ । त्यसले हाम्रो पहिचान बोक्दैन । त्यसैले तमू ह्युलले गुरुङ भाषामा रहेको पुरानो नामलाई नै पुनर्स्थापित गर्ने विषयलाई अभियानकै रूपमा अगाडि बढाएको छ । त्यसमा कास्कीको मादी गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको अत्यन्तै राम्रो रेस्पोन्स र सपोर्ट रहेको थियो भने लमजुङको केही गाउँका अगुवाहरूले 'हामी आफैँ गर्छौं' भन्ने प्रतिबद्धतासमेत जनाएका छन् । यो अभियान खसकरण भएको नाम नामेट गर्ने नभई पहिलेको पहिचान नाम पुनर्स्थापित गर्ने अभियान मात्र रहेको पनि उहाँले स्पष्ट पार्नुभयो ।

त्यस्तै गुरुङ समुदायलाई भावनात्मक एकतामा बाँध्ने अर्को महत्त्वपूर्ण कार्य अभौतिक (अमूर्त) सम्पदा सूचीकरण रहेको धनमान गुरुङको बुझाइ छ । अहिलेसम्म गुरुङ समुदायमा प्रचलित ३०-३५ वटा अभौतिक सम्पदा रहेको सूची बनाइएको छ । ती अभौतिक सम्पदा संस्कृति मन्त्रालयमा सूचीकरण गर्ने प्रक्रिया चाहिँ केही झञ्झटपूर्ण रहेको छ । त्यसको फोटो, भिडियोसहित तोकिएको सूची भर्नुपर्ने हुन्छ । त्यो काम प्रायः चैतको १५ भित्र गरी सक्नुपर्ने हुन्छ । यसका लागि तमू (गुरुङ) कलाकार सङ्घ, विभिन्न जिल्ला समिति तथा आबद्ध संस्थाहरूलाई पनि परिचालन गर्ने योजना रहेको उहाँको भनाइ छ ।

# सार्वजनिक सेवा प्रसारण नेपालमा अनिता गुरुङ



✍ गंगादेवी गुरुङ

सरकारी सञ्चारमाध्यम नेपाल टेलिभिजन र रेडियो नेपाललाई एउटै छानामुनि ल्याउन ऐनको व्यवस्था गरेर गठन गरिएको हो, सार्वजनिक सेवा प्रसारण नेपाल । ऐनमा सार्वजनिक सेवा प्रसारण नेपालमा पाँच सदस्यीय सञ्चालक समिति रहने व्यवस्था गरिएको छ भने सञ्चालक समिति नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, मन्त्रिस्तरीय निर्णयबमोजिम गठन हुन्छ । सोही अनुसार २०८१ पुस १२ को मन्त्रिस्तरीय निर्णयबाट वरिष्ठ सञ्चारकर्मी अनिता गुरुङ चार वर्षका लागि सदस्यमा नियुक्त हुनुभएको हो ।

यसअघि रेडियो नेपालको ७१ वर्षको इतिहासमा पहिलोपटक सञ्चारविज्ञ पद सिर्जना गरिएकोमा सो पद सम्हाल्ने अवसरसमेत प्राप्त गरिसक्नुभएका अनिता गुरुङ त्रिभुवन विश्वविद्यालयअन्तर्गत भाषा विज्ञानको एमफिल/पिएचडीका शोधार्थी पनि हुनुहुन्छ । त्यस्तै उहाँ सवा (SABAH) नेपालको कार्यसमिति सदस्यको जिम्मेवारीमा पनि हुनुहुन्छ । SABAH भनेको SAARC Business Association of Home Based Workers सार्क राष्ट्रका घरेलु कामदारहरूको व्यवसायी सङ्घ हो । यो समुदायमा आधारित गैरनाफामुखी सामाजिक व्यापार सङ्घ हो, जसले नेपालका अनौपचारिक क्षेत्रका आर्थिक रूपमा विपन्न र सीमान्तकृत घरेलु कामदारहरूको जिविकोपार्जनलाई सुदृढ बनाउनका लागि काम गर्दछ ।

चितवनको सूर्यनगरमा जन्मनुभएका अनिता गुरुङले जीवनको महत्त्वपूर्ण २२ वर्ष शिक्षण पेशा र शिक्षण व्यवस्थापनमा खर्चिनुभएको छ भने २५ वर्षदेखि सञ्चार क्षेत्रमा पनि क्रियाशील हुनुहुन्छ । पूर्वाञ्चल विश्वविद्यालयबाट मास्टर इन मिडिया टेक्नोलोजीमा डिग्री हासिल गर्नुभएका उहाँ International Coach and Trainer Association (ICTA) बाट Neuro Linguistic Programming (NLP) को Certified Trainer पनि हुनुहुन्छ ।

२०७२ सालको भूकम्पलगत्तै अनिता गुरुङले नेपाल जेसुइट सोसाइटीमा राहत तथा पुनर्निर्माण कार्यक्रम प्रबन्धक भएर एक वर्षभन्दा बढी काम गर्नुभयो । त्यस्तै बानी व्यवहार परिवर्तन तथा विकास सञ्चारको क्षेत्रमा काम



गर्ने गैरसरकारी संस्था डिजिटल ब्रोडकास्ट इनिसिएटिभ (इक्वेल एक्सेस) नेपालमा करिब दुई दशकदेखि आबद्ध रहेर तीन कार्यकाल त अध्यक्षको पदभार नै सम्हाल्नुभयो। उहाँसँग हालसम्म विभिन्न सत्रहरूमार्फत शिक्षक, विद्यार्थी, अभिभावक, सामुदायिक नेतृत्व वर्ग, पत्रकार, बैङ्कर्स, महिला, युवा आदिका समूहलाई गरेर आठ हजारभन्दा बढी व्यक्तिलाई तालिम प्रदान गरेको अनुभव छ।

पछिल्लो दुई दशकदेखि सञ्चार दक्षता, उद्घोषण कला, नेतृत्व विकास तथा सामाजिक सञ्जाल सञ्चार सचेतना आदि विषयमा प्रशिक्षक तथा परामर्शदाताका रूपमा संलग्न उहाँ विभिन्न अनुसन्धानात्मक कार्यहरूमा पनि संलग्न हुनुहुन्छ। नेपाल प्रज्ञा-प्रतिष्ठानको ६७ वर्षको इतिहासमा पहिलोपटक विसं. २०८२ सालमा प्रकाशित तमू भाषाको म्यागेजिन तमू कए (गुरुङ आवाज)को कार्यकारी सम्पादक रहनुभएका वरिष्ठ सञ्चारकर्मी अनिता गुरुङ यस ऐतिहासिक कदमका लागि नेपाल प्रज्ञा-प्रतिष्ठानप्रति सम्पूर्ण तमू समुदाय कृतज्ञ रहेको बताउनु हुन्छ।

बेलायत सरकारको सहयोगमा सञ्चालित लुम्ले कृषि केन्द्रले विसं. २०५१ चैतमा २७औँ वार्षिकोत्सवको अवसर आयोजना गरेको विभिन्न कार्यक्रमलाई समेटेर टेलिभिजन समाचार कार्यक्रम बनाई लोकल केवल टेलिभिजनमार्फत केन्द्रका कर्मचारीको आवाससम्म प्रसारण गरेको थियो। कार्यक्रम सञ्चालन तथा समाचार वाचनका लागि अनिता गुरुङ छानिनु भएको थियो। पहिले समाचार तयार पारेर कण्ठ गरेपछि उहाँ क्यामेराअघि फरर्र पढ्नु हुन्थ्यो। त्यसरी खिचिएको समाचारको डिभी सोभैँ प्रसारण हुन्थ्यो। सञ्चार क्षेत्रमा परिचित नाम अनिता गुरुङको अनस्क्रिन यात्रा त्यसरी सुरु भएको थियो। त्यसले आफ्नो कण्ठ गर्ने बानी र

स्मरण शक्ति निकै राम्रो बनेको उहाँको भनाइ छ। त्यतिबेला उहाँ केन्द्रले त्यहीँ कार्यरत कर्मचारीका बालबालिकालाई पढाउन स्थापना गरेको स्कुलमा पनि पढाउनु हुन्थ्यो । श्रीमान् डा. टेकबहादुर गुरुङले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)मा काम गर्न थाल्नुभएपछि भने उहाँ पनि काठमाडौँ आउनुभयो र २०५७ देखि २०७० जेठसम्म उहाँले सेन्ट मेरिज हाइस्कुल, जाउलाखेलमा पढाउनुभयो।

स्पष्ट र आकर्षक आवाजकी धनी अनिता गुरुङको सञ्चार यात्रामा थप मलजल काठमाडौँमा आएको केही महिनापछि बिबिसीको च्यानल फोरका लागि एउटा वृत्तचित्र बनाउँदा भयो। च्यानल फोरका लागि विन्डफल फिल्म कम्पनीले विश्वमा औद्योगिक क्रान्ति कसरी भयो भन्नेबारे वृत्तचित्र बनाउँदा उहाँले स्थानीय संयोजकको जिम्मेवारीमा रहेर काम गर्नुभयो । यो २०५६ सालको कुरा हो । त्यसरी वृत्तचित्र तयार पार्ने क्रममा जति मिहिनेत र दुःख गर्नुपर्‍यो, त्यसले उहाँलाई अझ जिम्मेवार बन्न सिकायो । यससँगै मिडियाप्रति उहाँको आकर्षण पनि थप बढ्यो।

कुपण्डोलस्थित मिडिया हाउसबाट रेडियो उद्घोषण तालिम लिएको केही समयपश्चात् नै अनिता गुरुङ दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियो 'रेडियो सगमाथा'मा जोडिनुभयो । उहाँले रेडियो सगरमाथामा अजम्बरी गीत-सङ्गीत कार्यक्रमका प्रस्तोता प्रकाश सायमीसँग सहप्रस्तोता भएर काम गर्नुभयो, जो उहाँको उद्घोषण तालिमको गुरु पनि हुनुहुन्थ्यो । त्यसपछि उहाँले करिब दुई वर्ष चलचित्र नगरी भन्ने छुट्टै कार्यक्रम पनि सञ्चालन गर्नुभयो । २०५९ मा दोस्रो सन्तानको जन्म भएपछि भने रेडियो सगरमाथाबाट बिदा लिनुभयो । केही समयपछि बिबिसी वर्ल्ड सर्भिस ट्रष्टले आँखामा लाग्ने ट्रकोमा रोगका लागि गरेको सचेतना अभियानअन्तर्गतको रेडियो कार्यक्रममा भ्वाइस आर्टिस्टका रूपमा काम गर्नुभयो।

२०६४ साउनमा नेपालकै पहिलो समाचार च्यानल सगरमाथा टेलिभिजन स्थापनासँगै टेलिभिजनमा उहाँ समाचार वाचनका साथै समाचार वाचकको संयोजक बन्नुभयो । समाचार वाचन गरेर आम दर्शकलाई सुसूचित बनाउने जिम्मेवारी त थियो नै, आफूजस्तै अरु सहकर्मीहरूको नेतृत्व गर्नु आफैँमा चुनौतीको विषय पनि थियो । सानै उमेरदेखि नै नेतृत्वदायी भूमिका निर्वाह गर्ने क्षमता भएकी रहेको अनिताले सगरमाथा टेलिभिजनको समाचार शाखामा प्रस्तुत गरेको नेतृत्वले विगतलाई पुष्टि गरेको थियो।

वरिष्ठ सञ्चारकर्मी अनिता गुरुङ २०६४ असोज २४ गतेदेखि गोरखापत्रले प्रकाशन सुरु गरेको विशेष पृष्ठ 'नयाँ नेपाल'मा तमू (गुरुङ) भाषाको पृष्ठ संयोजक पनि हुन पुग्नुभयो । नेपालमा गणतन्त्र स्थापनासँगै गोरखापत्र स्थापनाको करिब १०६ वर्षपछि सरकारी राष्ट्रिय समाचारपत्रमा पहिलोपटक आफ्नो मातृभाषा (गुरुङ)मा समाचार छाप्न पाउँदा गौरवको अनुभुति भएको उहाँ बताउनुहुन्छ। विशेष पृष्ठ 'नयाँ नेपाल'मा तमू (गुरुङ) भाषाको पृष्ठलाई अहिलेसम्म निरन्तर राख्न रविन गुरुङको भूमिका विशेष स्मरणीय रहेको भन्दै उहाँ रविनप्रति आभार व्यक्त गर्नुहुन्छ।

समस्या र चुनौतीलाई आफ्नो क्षमता जाँच्ने अवसरका रूपमा लिनुहुने अनिता गुरुङ कुनै पनि काम सम्पन्न गर्न लगनशील हुनु, सिस्टम्याटिक हुनु, समयको सधैँ कदर गर्नु र आफ्नो कामको सम्मान गर्नु नै सफलताको कडी मान्नुहुन्छ । पढाइका साथै विभिन्न सङ्घ-संस्थामा आबद्धता, समाजसेवा सबैलाई सँगसँगै लिएर जान र समय व्यवस्थापनमा उहाँ कुशल हुनुहुन्छ।

बुबा बुद्धिमान गुरुङ र आमा धनमाया गुरुङका जेठी छोरी अनिता गुरुङका दुई बहिनी र एक भाइ हुनुहुन्छ। २०४८ सालमा टेकबहादुर गुरुङसँग विवाह गर्नुभएका अनिता आफ्नो हरेक पाइलामा श्रीमान्को माया र हौसला सधैँ प्रेरणाको स्रोत बनेको बताउनु हुन्छ। सिङ्गापुर, बेलायत, इण्डोनेसिया, अमेरिका, थाइल्याण्ड र भारतको भ्रमण गरी विविध अनुभव बटुल्नु भएका उहाँ सूचना पाउने अधिकारबाट कोही पनि वञ्चित हुन नहुने बताउनु हुन्छ। त्यस्तै महिलालाई आत्मनिर्भर बनाउन शिक्षामा जोड दिनुपर्ने र महिला आफैँ पनि अग्रसर हुनुपर्ने उहाँको भनाइ छ।

# २०८२ को ल्होफल



✍ लामा लोपेन रामप्रसाद गुरुङ

तमू ल्होछार २०८३ ता ल्हो (घोडा ल्हो)को शुभ उपलक्ष्यमा सुख, शान्ति र समृद्धिको हार्दिक, मङ्गलमय शुभकामना।

तमू (गुरुङ) जातिको महान् पर्व ल्होछार पुस १५ गते सप्ह्री ल्हो (सर्प वर्ग)लाई बिदाई गरी ता ल्हो (घोडा वर्ग)लाई स्वागत गर्दै हर्षोल्लासका साथ मनाइने चाडको शुभअवसरमा ता ल्हो (घोडा वर्ग)ले भोग, गर्ने समय अवधिको वर्गफल तपसिलअनुसार प्रस्तुत गर्दछु। ता ल्हो (घोडा वर्ग)लाई स्वःग्रह (राङ्केग) ग्रह लाग्ने देखिन्छ। यस वर्षमा ता ल्हो वर्गमा सबै स्त्री, पुरुष, बालक तथा वृद्धहरूलाई स्वःग्रह (राङ्केग) लाग्ने गर्दछ। तसर्थ ता ल्हो वर्गका मानिसहरूलाई बिरामी भेट्न, बिरामीको स्याहार गर्न र घर निर्माण कार्य थाल्नसमेत हानीकारक हुनुका साथै स्वास्थ्य, धन र आयुमा समेत हानी हुन सक्ने भएको हुँदा सचेत रहनु पर्दछ।

दुर्घटना हुन सक्ने विवादमा पर्न सक्ने आरोपहरू लाग्न सक्ने, धनको खती हुन सक्ने, दुख, पीडा र शोकले सताउने सम्भावना देखिन्छ। निवारणका लागि पुण्यकार्यमा तन र मन लगाउनु राम्रो हुनेछ। राङ्केग वर्गमा परेको हुनाले आयु पूजा वाङ, अभिषेक, सहपूजा र दोमाङ पाठ छेथर, धुक्कार ङिठि, तोगजुङ र कागदोग आदिको पाठ गराई ग्रहशान्ति गर्दा उत्तम हुन्छ।

जिवा ल्हो (मुसा वर्ग)लाई सप्तकोणी ग्रह लाग्ने छ। मुसा वर्गको सबै स्त्री, पुरुष, बालक तथा वृद्धलाई ध्हुन्सुर (सप्तकोणी) ग्रह चल्ने हुनाले ग्रहको प्रकोपमा परी झैझगडा हुन सक्ने, पारिवारिक तथा स्त्री, पुरुष बालक तथा वृद्धलाई ध्हुन्सुर (सप्तकोणी) ग्रह चल्ने हुनाले ग्रहको प्रकोपमा परी झैझगडा हुन सक्ने, पारिवारिक तथा स्त्री विवादमा फस्न सक्ने, ताकेको कार्यहरू पूरा नहुने, विदेश यात्रा गर्दा स्वास्थ्य, धन र मान प्रतिष्ठानमा हानी हुन सक्ने भएकाले सतर्क रहनुपर्ने हुन्छ। अनावश्यक व्यक्तिहरूसँग सतर्क रही ग्रहशान्तिका लागि ध्हुन्सुरको ग्रह फाल्नुका साथै घ्यूसुम तोबोदे पुङगेन, डाल्हा, ग्याल्छेन चेमो तोकजुङ ग्रन्थ वाचन तथा नाग पूजा आदि गराउनु राम्रो हुनेछ भने टाढाको यात्रा गर्नु परेमा आफ्नो उमेर जतिको सङ्ख्यामा सा छा बनाई दुई च्योएको दिशामा र मार्मे (दिपक) डेङको दिशातर्फ चढाई यात्रा गर्दा दोष लाग्ने छैन।

ताग ल्हो (बाघ), खि ल्हो (कुकुर वर्ग)लाई (त्रि-अनुकुल) ग्रह चल्ने छ। यस वर्गमा सबै बालक, वृद्ध, स्त्री तथा पुरुषलाई धुनसुम (त्रि-अनुकुल) ग्रहद्वारा वर्षभरि प्रभावित हुनेछ। यो वर्षमा लडाइँ, झगडा, विवाद आदिमा पर्न सक्ने र मलामी जान अत्यन्त हानीकारक हुन सक्छ। थ्यिंसुमको दोषबाट ग्रसित मानिसहरूको मन अशान्त, अस्वस्थ हुनका साथै पढाइमा पनि बाधा हुने सम्भावना देखिन्छ। लामो यात्रा गर्न र बसाइँ सर्न पनि हानीकारक हुन सक्नेछ। ग्याब्सी, सिनेन फोल्हको पूजा गरेर ग्रहशान्ति गर्दा राम्रो हुनेछ।

हे ल्हो (बिरालो वर्ग), ज्या ल्हो (चरा वर्ग)लाई चतुर्घाती ग्रह चल्नेछ। यस वर्ष बिरालो वर्ग र चरा वर्गको सबै मानिसलाई शिस्हे (चतुर्घाती) ग्रहले ग्रसित पार्नेछ। शिस्हेद्वारा ग्रसित मानिसहरूले मित्रता गाँस्न, विदेश जान, व्यापारको सुरुवात गर्ने, बसाइँ सर्न, कारोबार गर्न हानीकारक हुन सक्दछ। उक्त ग्रहशान्तिका लागि त्रिठी ङ्मोग्ल मेन्दो, धोमाङ, भर्छे, लम्सेल, सभ्पा, ल्हुन डुप, ग्यातोङ्पा वाचन गराई साङ्ग्ये मेनल्हमको जप साधना गराएमा ग्रहदशा शान्ति हुनेछ।

शुभ ग्रह सगुणी वर्ग डुग ल्हो (गडुल वर्ग), टेल ल्हो (बाँदर वर्ग) यस वर्ष हरेक शुभ कार्यहरूका लागि गडुल वर्ग र बाँदर वर्गबाट शुभारम्भ लाभदायक हुनेछ।

# ल्होफल सफ्ही ल्हो वर्ष २०८२/०८३



लिलबहादुर गुरुङ

यो २०८२/२०८३ साल त ल्हो (घोडा वर्ग) खमअग्नि मेवा (चिकार)अन्तर्गत १ वर्षदेखि ९६ वर्षसम्म उमेर पुगेका व्यक्तिहरूका आयु, स्वास्थ्य, कार्य व्यापार, यात्रा, पारिवारिक, व्यापारिक सम्बन्ध, भाग्य, उपयुक्त, अनुपयुक्त, सहचर, फाप-अफाप, दिशा, राम्रो-नराम्रो पक्ष र दशाग्रहबारे केही सङ्क्षेपमा जानकारी लिनुहोस् र दशाग्रहको प्रभावबाट बीचबचाई यस वर्षका प्राप्त ज्योतिषीय कुशल फल, भाग्य सदुपयोग गरी गराई आफ्नो प्रियजनको हित गर्नु र गराउनुहोस्। बाह्र ल्होका दिनहरूमा गर्नुहुने र नहुने शुभ-अशुभ कार्यहरूको ज्योतिषीय परामर्श गराउनु राम्रो होला।

### १. पार्ग ल्ही (**दक्षिण दिशा**)

घोडा वर्गः १, २५, ४९, ७३ वर्षको पुरुष
घोडा वर्गः १३, ३७, ६१, ८५ वर्षकी स्त्री
बाघ वगः ५, २९, ५३, ७७ वर्षकी स्त्री
बाघ वर्गः १७, ४१, ६५, ८९ वर्षको पुरुष
कुकुर वर्गः ९, ३३, ५७, ८१ वर्षको पुरुष
कुकुर वर्गः२१, ४५, ६९, ९३ वर्षकी स्त्री

यी माथि उल्लेख गरिएका वर्ग र वर्षका पुरुष र स्त्री दुवै दक्षिण ल्हीमा बसेको छ। तर यो पुरुषको जन्मघर हो। यसलाई मेधी आगोको घर भनिन्छ। यो पार्गमा भएका वर्गले आगो लिएर बसेको हुन्छ। यस वर्ष दक्षिण दिशा, आगो र रातो रङ्ग, धनमाल बर्जित हुन्छ। यस दिशामा बस्दा आगोले खाएको, बाघले खाएको, बज्रले खाएको, अगति दोषले पिर्न सक्छ। यो दिशा नजानू। दुःख कष्ट हुन्छ। माछामासुमा दोष अथवा बिगार पर्नेछ। सेतो कपडा नकिन्नू। अशुभ हुन्छ, दुःख-कष्ट हुन्छ। असोज महिनासँग मिल्दैन। दुःख-बिमार हुने सम्भावना हुन्छ। गाईवस्तु लेनदेन नगर्नुहोला। यस पार्गमा बस्ने पुरुषले विवाह गर्न हुन्छ तर स्त्रीले भने विवाह गर्नु हुँदैन। झै-झगडा पर्न सक्छ। मनले आँटेको काम नपुग्न सक्छ। काम गरेर जस पुग्दैन। यो वर्ष बाघ वर्ग र कुकुर वर्ग थिसुँ परेको छ। दुःख-बिमार हुन सक्छ। गरेको काम असफल होला। थिसुँ ग्रह दक्षिणतिर फाल्नु।

### २. पार्ग ख्वँ (**नैऋत्य दिशा**)

सर्प वर्गः २, २६, ५०, ७४ वर्षको पुरुष
भेडा वर्गः १२, ३६, ६०, ८० वर्षकी स्त्री
चरा वर्गः १०, ३४, ५८, ८२ वर्षको पुरुष
मृग वर्गः २०, ४४, ६८, ९२ वर्षकी स्त्री
गाई वर्गः १८, ४२, ६६, ९० वर्षको पुरुष
बिरालो वर्गः १०, ३४, ५८, ८२ वर्षको पुरुष

नैऋत्य पार्ग ख्वैँमा बस्दा पुरुषको घुम्टो हुन्छ। यस ख्वैँमा भएकाले नैऋत्य दिशा नजानु, पहेँलो वस्त्र नलिनु, दुःख-बिमार हुने सम्भावना हुन्छ। चैत महिनासँग मिल्दैन। पुरुषको बुई म्राधौँ भएकाले अचानक नसोचेको नसम्झेको ठाउँमा जानु पर्ला। लड्न सक्छ, होसियार हुनु। बिरामी भए व्यथा लामो हुनेछ। नयाँ घर नबनाउनू, विवाह नगर्नू, झै-झगडा पर्ने, मर्नु भाग्नु हुनेछ। घरको कुलले पिर्नेछ। दुःख-कष्ट होला। ग्रहशान्ति गर्नु राम्रो हुनेछ। यो पुरुषहरुको घुम्टो घर भएकाले महिलालाई भन्दा विशेषगरी पुरुषलाई बढी सताउने छ।

### ३. पार्ग त (पश्चिम दिशा)

बाँदर वर्गः ११, ३५, ५९, ८३ वर्षका पुरुष र स्त्री
मुसा वर्गः १९, ४३, ६७, ९१ वर्षका पुरुष र स्त्री
गरुड वर्गः ३, २७, ५१, ७५ वर्षका पुरुष र स्त्री

यस ल्होमा पार्ग तमा उपर्युक्त वर्षमा मानिसहरूले पश्चिम दिशा नजानू। कालो वस्तु नलिनू। नयाँ हतियार नलिनू। बर्जित हुन्छ। घरगोठ बनाउनु राम्रो छ। जग्गा लिनु हुन्छ। वर्गअनुसारको मरेको ठाउँमा नजानू, मलामी नजानू, असार महिनासँग मिल्दैन। भूतप्रेत, पिशाचले पिर्ने र शरीरको देब्रे हरमा व्यथा लाग्ने सम्भावना देखिन्छ। जन्तरमन्तर गर्नू, राति नहिँड्नू, टाढा नजानू। चोटपटक लाग्ने, डर हुने, कष्ट हुने, खर्च हुने आदि सम्भावना देखिन्छ। उपर्युक्त वर्गका पुरुषहरूले विवाह गर्न राम्रो हुनेछ।

### ४. पार्ग खैँ (वायव्य दिशा)

भेडा वर्गः १२, ३६, ६०, ८४ वर्षको पुरुष
चरा वर्गः १०, ३४, ५८, ८२ वर्षकी स्त्री
मृग वर्गः २०, ४४, ६८, ९२ वर्षको पुरुष
गाई वर्गः १८, ४२, ६६, ९० वर्षकी स्त्री
बिरालो वर्गः ४, २८, ५२, ७६ वर्षको पुरुष
सर्प वर्गः २, २६, ५०, ७४ वर्षकी स्त्री

यस ल्होमा पार्ग खैँमा उपर्युक्त वर्षका मानिसहरू वायव्य दिशा नजानु, पहेँलो वस्त्र नलिनु, वर्जित हुन्छ। यो दिशा महिलाको घुम्टो घर भएकाले महिलालाई दुःख-बिमार हुने सम्भावना हुन्छ। वर्गअनुसारको घरजग्गा बनाउन, किन्न पनि राम्रो हुन्छ। कुनै वर्गको त्हुर्जा त्हैँ गर्नु पर्नेछ। तर वर्ग हेरेर पनि विवाह गर्न राम्रो हुन्छ। वायव्य बस्दा आँशुको बाटो हुन्छ। त्यसैले भीर र आगो जोखिम छ, जोगाउनू। वायुले पिर्नेछ।

### ५. पार्ग खाँ (उत्तर दिशा)

घोडा वर्गः १, २५, ४९, ७३ वर्षकी स्त्री
घोडा वर्गः १३, ३७, ६१, ८५ वर्षको पुरुष
कुकुर वर्गः ९, ३३, ५७, ८१ वर्षकी स्त्री
कुकुर वर्गः २१, ४५, ६९, ९३ वर्षको पुरुष
बाघ वर्गः ५, २९, ५३, ७० वर्षको पुरुष
बाघ वर्गः १७, ४१, ६५, ८९ वर्षकी स्त्री

यस वर्ष उल्लिखित वर्ग र वर्षका मानिसहरू उत्तर दिशा नजानू, सेतो वस्त्र नलिनू, ठुलो खोलानाला नतर्नू, बर्जित हुन्छ। साउन महिनासँग मिल्दैन। दुःख-कष्ट हुन्छ। मानिस मरेको ठाउँमा नजानू, मरेको ठाउँको काट्टो नखानू। सपना नराम्रो देख्छ। सपनामा मरेको मानिससँग हिँडिरहेको हुनेछ। अर्कालाई ऋण नदिनू। त्यो पैसा फर्केर आउँदैन। आए पनि शत्रु भएर आउनेछ। नयाँ घर नबनाउनू। सिमेभुमेको दोषले पिर्नेछ। भाइखलकको बायोले पिर्ने, घरको कुलले पिर्नेछ। जलमा बस्ने भूत, मसान, झाँक्रीको दोषले पिर्ने, पानीले बगाएर मरेकाले पिर्ने, आँटे-ताकेको कुरा नपुग्ने, सोचेजस्तो नहुने, सहन बस्ने आदि हुनेछ। यो वर्ष विवाह नगर्नू, अर्घौं नगर्नू, खति होला। मृग वर्गका पुरुष र स्त्रीहरू बिरामी भएमा ङ्है त्हैँ गर्नु राम्रो हुनेछ।

### ६. पार्ग क्हि (इशान दिशा)

भेडा वर्गः २४, ४८, ७२, ९६ वर्षकी स्त्री
चरा वर्गः २२, ४६, ७०, ९४ वर्षको पुरुष
मृग वर्गः ८, ३२, ५६, ८० वर्षकी स्त्री
गाई वर्गः ६, ३०, ५४, ७८ वर्षको पुरुष
बिरालो वर्गः १६, ४०, ६४, ८८ वर्षकी स्त्री
सर्प वर्गः १४, ३८, ६२, ८६ वर्षको पुरुष

यस वर्ष उल्लिखित वर्ग र वर्षका मानिसहरू इशान दिशा नजानू, पहेँलो वस्त्र नलिनू, मासुको पसल नजानू, जङ्गलमा बास नबस्नू, गाईगोरु नबेच्नू, नकिन्नू, बर्जित हुन्छ । अपुताली भाँडो नलिनू, पिर्छ । माघ महिनासँग मिल्दैन । दुःख-कष्ट हुन्छ । कात्तिक र चैतमा रखबार गर्नू, छेखु≈योखु गर्नू राम्रो हुन्छ। पूर्व र पश्चिम दिशाको दुसातले पिर्ने सम्भावना हुन्छ। घरको कुलदेवताले पिर्छ। तर जङ्गल र खरभीर लेनदेन गर्नु राम्रो हुन्छ।

**७. पार्ग सिं (पूर्व दिशा)**

बाँदर वर्गः २३, ४७, ७१, ९५ वर्षका पुरुष र स्त्री
मुसा वर्गः ७, ३१, ५५, ७९ वर्षका पुरुष र स्त्री
गरुड वर्गः १५, ३९, ६३, ८७ वर्षका पुरुष र स्त्री

यस ल्होमा उपर्युक्त वर्गका मानिसहरू पूर्व दिशा नजानू, हरियो वस्त्र नलिनू । काठसँग मिल्दैन । रुखमुनि नबस्नू, ठुलो रुखमा नचढ्नू, बर्जित हुन्छ। पुस महिनासँग मिल्दैन। दुःख-कष्ट होला। फलफुल, दही, मासुमा कपट, बिगार पर्ने सम्भावना हुन्छ। ख्याल राख्नू। रुखबाट खसेको, भीरबाट खसेको वायो पिशाचले पिर्नेछ। कुटुम्बको वायोले पिर्नेछ। पूर्व दिशाको दुसात र भूत, पिशाचहरू, मसानले पिर्ने सम्भावना हुन्छ। टाउको, ढाड, छाती दुख्छ। यसका लागि जन्तरमन्तर र रखबार गर्नु राम्रो हुनेछ। हातमा सह छ। द्विपाया चौपाया लेनदेन गर्नु राम्रो हुनेछ। वर्गअनुसारको विवाह गर्नु राम्रो हुनेछ।

**८. पार्ग स्वैं (आग्नेय दिशा)**

भेडा वर्गः २४, ४८, ७२, ९६ वर्षको पुरुष
चरा वर्गः २२, ४६, ७०, ९४ वर्षकी स्त्री
मृग वर्गः ८, ३२, ५६, ८० वर्षको पुरुष
गाई वर्गः ६, ३०, ५४, ७८ वर्षकी स्त्री
बिरालो वर्गः १६, ४०, ६४, ८८ वर्षको पुरुष
सर्प वर्गः १४, ३८, ६२, ८६ वर्षकी स्त्री

यो वर्षमा उपर्युक्त ल्होका मानिसहरू आग्नेय दिशा नजानू, पहेँलो वस्त्र नलिनू, माटो पनि बर्जित हुन्छ। आग्नेय दिशाको दुसातले पिर्नेछ। शरीर आलस्य हुने, त्यसै-त्यसै गलेर आउने आदि लक्षण देखापर्ने देखिन्छ । फागुन महिनासँग मिल्दैन, दुःख-कष्ट हुन्छ । कुटुम्बको धन आएमा पिर्नेछ। ग्रह काट्नु, रखबार गर्नु राम्रो हुन्छ। घर बनाउने काममा विशेष विचार पुऱ्याउनु पर्ने देखिन्छ। अरू सबै कुराहरू राम्रो हुनेछ।

**सङ्क्षेपमा**

घोडा वर्ग आउँदा घोडा वर्ग हाल्किको मुखमा बस्छ । रक्षाबन्धन (स्वस्तिशान्ति) गर्नू । गरुड वर्गको सोग्यो (सगुनी वर्ग) हुन्छ। बिरालो वर्ग ४ वर्षको फरक (सिक्यो) घातक छ। ५, ९ वर्षको फरक थिँसु अशुभ छ। १० वर्षको फरक (ह्रोक्या) टाढा हुने वा मध्यम छ।

बिरालो वर्ग ४ वर्षको फरक (सिक्यो) घातकमा पर्छ। यो पार्ग प्रेअनुसार पार्ग खेमा बसेको हुन्छ। माटोको घरमा छ, त्यति राम्रो मान्दैन। यस पार्गलाई पैंडीहरूले हेर्दा चिहान घर (त्हुर्जा धीँ) स्त्रीको ढोका घर (म्रागे धीँ) भनेर बुझिन्छ।


बाघ वर्ग र कुकुर वर्ग पाँचौँ र नवौँमा पर्छ। थिसुँ अशुभ हुन्छ। केटो ल्हीमा, महिलाहरू खाँ, म्ल्वो धींको घरमा बस्दछ। त्यसैले मुलप्ल्हकु गर्दा राम्रो हुन्छ।

चरा वर्ग १०औँमा पर्छ। राम्रो नराम्रो दुवै बराबर हुन्छ। अलि टाढा हुनेछ। मध्यम वर्ग हो।

पार्ग प्रेअनुसार अति नराम्रो दिशाहरू, अति नै नराम्रो, मुडुलो र कपाल फुकाउने घर इशान (क्ही) घर हो। इशानमा बस्दा राम्रा कामहरू कहिल्यै सफल हुँदैन। यसमा बस्दा किरियाकाज गर्नुपर्ने सम्भावना बढी रहन्छ।

मुसा वर्ग सातौँमा पर्दछ । यो शत्रु घर भएकाले पार्गअनुसार त्हैं गर्नु । मृग वर्ग आठौँमा पर्दछ । मर्नु, भाग्नु हुनेछ। रक्षाबन्धन, स्वास्तिशान्ति गर्नु । त्यसकारण पार्गअनुसार त्हैं गर्दा राम्रो हुनेछ।

# बेलायतमा नेपाली डायस्पोराको विगत र वर्तमान



✍ एकेन्द्र गुरुङ

विश्व इतिहासमा बेलायतले आफ्नो नाम सुनौलो अक्षरले लेखेको छ। जुन इतिहास लेखन प्रक्रियामा नेपाली गोर्खाहरूको पनि अतुलनीय योगदान छ। सन् १८१६ मा सुगौली सन्धि भएपछि लप्टन बोयल कार्यबाहक रेजिडेन्ट भएर काठमाडौँ आएका थिए। पछि ई. गार्डनर स्थायी रेजिडेन्ट भएर आए। नेपालको सबैभन्दा पहिले कुटनीतिक सम्बन्ध भएको मुलुक नै बेलायत हो।

सन् १८५२ मा जङ्गबहादुर राणाले बेलायत भ्रमण गर्नुअघिसम्म नेपालका कुनै राजा तथा महाराजाहरू सात समुद्र पार गरेर युरोप गएका थिएनन्। जङ्गबहादुरले बेलायतमा रानी भिक्टोरियालगायत राजपरिवारका सदस्यहरू, प्रधानमन्त्री लर्ड जोन रसल, परराष्ट्रमन्त्री लर्ड पाल्मरस्टन, मन्त्रीहरू, सांसदहरूसँग भेटघाट गरी संसद् भवनसमेत अवलोकन गरेका थिए। जङ्गबहादुरको भ्रमण टोलीमा दोभाषे मोतिलाल सिंह पनि रहेको प्राज्ञ डा. कृष्णप्रसाद अधिकारीद्वारा लिखित बेलायतमा पहिलो नेपाली भन्ने पुस्तकमा उल्लेख छ।

जङ्गबहादुरले बेलायत भ्रमण गरेको ७१ वर्षपछि सन् १९२३ मा बेलायत र नेपालबिच भएको सन्धिपत्रमा बेलायतको तर्फबाट लेफ्टिनेन्ट कर्णेल डब्लुएफटी ओकोनर र नेपालको तर्फबाट तत्कालीन प्रधानमन्त्री चन्द्र सम्शेरले हस्ताक्षर गरेका थिए। त्यससँगै बेलायतले नेपालमा राजदूतावास खोल्न पाउने भयो भने २१ डिसेम्बर १९२३ का दिनदेखि भायसराय लर्ड रिडिङ्ले नेपालको राजालाई हिज म्याजेष्ट्री भनी पत्र लेखेर पठाउन थाले। सन्धिपत्रमा हस्ताक्षर गर्नुअघि राजालाई हिज हाइनेस किङ अफ नेपाल भनी सम्बोधन गरी लेखी पठाउँथे। यसपछि बल्ल नेपाललाई विश्व जगतले सार्वभौम सम्पन्न स्वतन्त्र राष्ट्र भनेर चिनेको हो (प्रमोद सम्शेर राणा-राणा शासनको वृत्तान्त)।

बेलायतमा नेपालले सन् १९३४ मा मात्र नेपाली दूतावास स्थापना गरेको हो। बेलायतका लागि पहिलो नेपाली राजदूत थिए बहादुर सम्शेर। यसरी सुरु भएको बेलायतमा नेपालीहरूको इतिहास आजसम्म आइपुग्दा झण्डै दुई लाख नेपाली पुगेको आँकलन छ। यद्यपि यसको कुनै आधिकारिक अभिलेख दूतावास र नेपाली सङ्घ-संस्थाहरूमा रहेको पाइँदैन। सन् १९६० को दशकसम्म बेलायत आउने नेपालीहरूको पहिलो पुस्तामा बेलायती सेनामा कार्यरत गोर्खाहरू नै थिए। बेलायतमा पहिलो नेपालीको जन्म १९६२ मा टिडवर्थमा भएको देखिन्छ। टिडवर्थ गोर्खा सैनिकहरूको पहिलो क्याम्प थियो। बेलायत सरकारबाट भूपूगोर्खाहरू र उनका परिवारलाई बेलायत



बस्ने आवासीय मान्यता प्राप्त गरेपछि सन् २००० बाट बेलायतमा बसोबास गर्ने नेपालीको सङ्ख्या ह्वात्तै बढेको देखिन्छ।

सन् १९६५/६६ ताका केही नेपाली होटेल तथा रेस्टुरेन्ट व्यवसायमा वर्कपर्मिटमा आएको देखिन्छ । वर्कपर्मिटमा आउने पहिलो नेपाली काठमाडौँस्थित पारस होटेलका हेड सेफ स्व. कृष्णबहादुर थापा र ग्रिन होटेलका हेड सेफ श्याम महर्जन थिए। त्यसपछि कालुराम तामाङ, रामदास महर्जन, हरिविभोर कार्की, मुहमद अलि, ईश्वर मानन्धर र पूर्णदास मधुकर्मी थिए (ईश्वर मानन्धर स्मृतिका पानाहरूबाट)।

सन् १९६० को दशकमा बेलायतमा अध्ययन गर्न आएका नेपालीहरूले 'यति' नाम गरेको संस्था स्थापना गरिसकेका थिए। यसरी ६० को दशकदेखि नै अध्ययन गर्न आएका विद्यार्थीहरू, वर्कपर्मिट लिएर आएकाहरू, नेपाली राजदूतावासका कर्मचारीहरू, बिबिसी नेपाली सेवामा कार्यरत सञ्चारकर्मीहरू र बिग्रेड अफ गोर्खाजका गोर्खा सैनिकहरू बेलायतमा आएको देखिन्छ। विस्तारै डाक्टर, इन्जिनियर, नर्स र एकाउन्टेन्टहरू पनि आउन थाले । जनयुद्धपछि द्वन्द्वपीडित केही राजनीतिक शरणार्थीहरू पनि बेलायत प्रवेश गरेका थिए।

बेलायत सरकारले विद्यार्थीहरूलाई बेलायत आउने प्रक्रिया सरल बनाएपछि पनि धेरै नेपाली विद्यार्थी बेलायत भित्रिए। अहिले प्रोभिजनल भिसा र गोर्खा भूपूका सन्तानलाई दिने सरल भिसा प्रक्रियाले प्रत्येक वर्ष धेरै नेपाली बेलायत आइरहेको अवस्था छ। प्रत्येक वर्ष २२० जना नेपाली युवाहरू ब्रिटिस सेनामा भर्ती भएर आउँछन् र ब्रिटिस गोर्खामा झण्डै ३,५०० जना गोर्खा कार्यरत

छन् भन्ने तथ्याङ्क छ । यसरी बेलायतमा नेपालीहरूको सङ्ख्या बढ्दो क्रममा छ । सुनौलो र सुरक्षित भविष्यको सपना बोकेर आएका नेपालीहरू बेलायतको प्रायः सबै ठाउँमा भेट्न र देख्न सकिन्छ। तापनि अल्डरसट, फार्नबोरो, रिडिङ, प्लमस्टिड, स्वीण्डन, आसफोर्ड र फोक्स्टोन नेपाली बाहुल्य भएका सहर हुन् ।

बेलायत संसारभरकै मानिसहरूको सपनाको देश हो । जोकोही पनि यहाँ आउन लालायित हुन्छन् । संसारकै धनाढ्यहरू, प्राज्ञिक व्यक्तिहरू, कुख्यात तानाशाहहरू सबै अटाउन सक्ने कानुन भएको देश हो यो । यो देश प्रजातन्त्रको जननी मात्रै नभएर मानवअधिकारको पूर्ण प्रत्याभूति हुने मुलुक पनि हो । प्राज्ञिक स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र सञ्चारको हकबाट सुसज्जित हुन पाउने कानुन भएको मुलुक हो । यहाँ आफ्नो पहिचानका लागि आफ्नो धर्म, संस्कार, संस्कृति अवलम्बन गर्न पाउँछन् । एथ्निक माइनरिटिजको हकअधिकार सुनिश्चित छ, त्यसैले बेलायतको संस्कृति मिश्रित छ ।

एथ्निक माइनरिटिजको हकअधिकार सुनिश्चित भएकै कारण नेपाली चाडपर्वहरू दसैँ, तिहार, छठ, ल्होछार, ताक्सङ, इङ्नाम, माङी, माघे संक्रान्ति, उभौली, उधौली, भिन्तुना मनाइन्छ तर आजकल यी परम्परागत नेपाली चाडहरूभन्दा जन्मदिन, वैवाहिक वर्षगाँठ, क्रिसमस, न्यू इयर इभ, हलोइन, बेबी सावर, एनिभर्सरी, मेहेन्दी सेरोमनीजस्ता नयाँ पर्व र उत्सवहरू बढी महत्त्वका साथ मनाइँदै आएको छ । विवाह, व्रतबन्ध पार्टीको भोजमा आफ्नो पुरानो संस्कार झल्किने फेसन (लुगा) भन्दा भड्किलो र अनावश्यक देखासिकी बढी हुन्छ । त्यस्तै युवायुवतीहरू धेरैले आफ्नो परम्परा र चलनलाई छाडेर आफ्नो खुसीले रोजेको साथीहरूसँग विवाह गरिरहेका छन् ।

तर अघिल्लो पुस्ताका नेपालीहरूले चाहिँ संसारको जुनसुकै कुनामा रहे पनि आफ्नो मनमुटुलाई नेपालप्रति नै समर्पित गरिरहेको पाइन्छ । सपना नेपालकै देख्छ, माया नेपाललाई नै गर्दछ । जहाँ जान्छन्, पुग्छन् त्यहाँ आफ्नो संस्कार, संस्कृति सबै आफ्नै मनाउँछन् । चाडपर्वहरू दसैँ, तिहार, छठ पर्व, ल्होछार, माघे संक्रान्ति, साकेला, उधौली, उभौली, म्ह पूजा आस्था र विश्वासका साथ मनाउँछन् । देउसी-भैलो, चण्डी नाच, धान नाच, स्याब्रु नाच, घाँटु, सोरठी, सालैजो र लोकदोहोरी पनि नाचिरहन्छ । पहिले अल्डरसटका निरमाया रोधीं घर, भेटघाट रोधीं घर, प्लमस्टिडको चौतारी र रिडिङको छहारी रेस्टुरेन्टमा दोहोरी गाइथ्यो । नेपालको नाम चलेको स्थापित गायक, गायिका, कलाकार, मोडलहरू प्रायः बेलायतमा कार्यक्रमका लागि बोलाउँछन् । नेपालमा रिलिज भएका चलचित्रहरू यहाँ हेर्न पाइन्छन् ।

अहिले बेलायतको कुना-कुनामा नेपाली रेस्टुरेन्ट सञ्चालनमा छ । अल्डरसट सहरमा मात्रै सयौँ नेपाली रेस्टुरेन्ट सञ्चालनमा छन् । अल्डरसटको ठमेल रेस्टुरेन्टमा दोहोरी, डी लन्च रेस्टुरेन्टमा पप र मालिङ्गो रेस्टुरेन्टमा गजल गायन हुन्छ । थकाली भान्छा घर, नेवारको भिन्तुना, लालीगुराँस मिठाई पसल, मोमो कर्नर, पानस रेस्टुरेन्ट, गोर्खा किचनजस्ता नितान्त नेपाली स्वादका लागि मात्र खोलिएका रेस्टुरेन्ट पनि छन् । बेलायतका नेपालीहरूले सञ्चालन गरेको रेस्टुरेन्ट व्यवसायले नाम र दाम मात्रै हैन, विश्व जगतमा नेपाली स्वाद र नेपाललाई पनि चिनाएका छन् । केही नेपालीले यहीँबाट संसारको कुना-कुनामा आफ्नो व्यापारको फ्रेन्चाइज फैलाएका छन् । हजारौँलाई जागिर दिएका छन्, उद्योग चलाएका छन् । त्यस्तै यहाँ गोर्खा ट्राभल्स, सगरमाथा र चाइना ओरियन्टल सुपरमार्केट, क्वालिटी सुपरमार्केट र एभरेष्ट क्यास एण्ड क्यारी जस्ता सुपरमार्केटहरू नेपालीहरूले सञ्चालन गरिरहेका छन् ।

नयाँ ठाउँ, नयाँ परिवेश र रहनसहनमा एकआपसमा सहयोग, सरसल्लाह र सुझावको आवश्यकता बोध भएर होला, यहाँ थुप्रै सङ्घ-संस्थाहरूको स्थापना भएका छन् । नेपालीहरूको सङ्ख्या बढ्दै गएपछि सङ्घ-संस्थाको सङ्ख्या पनि बढ्दै गएको देखिन्छ । त्यस्तै बौद्ध धर्मावलम्बीहरूका लागि गुम्बा, हिन्दु धर्मावलम्बीका लागि हिन्दु मन्दिर र वोनवादीहरूका लागि क्होइबो निर्माण गरिएको छ । नेपाली डायस्पोरामा स्थापना भएको पहिलो संस्था 'यति' यहीँ

स्थापना भएको हो भने संसारभरि फैलिएको नेपालीहरूको साझा संस्था गैरआवासीय नेपाली सङ्घको जन्म २००३ मा लण्डनमै भएको थियो। नेपाल सरकारसँग दर्ता भएको ८६ मुलुकमा फैलिएको एनआरएनएले विदेशमा बस्ने झण्डै ८० लाख नेपालीको प्रतिनिधित्व गर्छ भनिन्छ।

गैरआवासीय नेपाली सङ्घ, जातीय संस्थाहरू, नेपालको राजनीतिक पार्टीहरूको भ्रातृ सङ्गठन, नेपालको क्षेत्रीय संस्थाहरू, बेलायतको क्षेत्रीय संस्थाहरू, भूपू सैनिकहरूको सङ्गठन, नम्बरीहरूको सङ्गठन, कलाकार सङ्घ, साहित्यकार सङ्घ, चलचित्रकर्मी सङ्घ, खेलकुद सङ्घ, व्यवसायी सङ्घ, धार्मिक सङ्घजस्ता बग्रेल्ती सङ्घ, सङ्गठनहरू स्थापित भएका छन्। एउटै उद्देश्य र सिद्धान्त भएका एउटै संस्था भए पनि हुने ठाउँमा एकभन्दा बढी संस्थाहरू स्थापना गरेका छन्। सन् १९५० बाटै नेपालीहरू बेलायतमा आएर डाक्टर अध्ययन गर्ने गरेको पाइन्छ। उनीहरू प्रायः सबै छात्रवृत्तिमा आउँथे। डा. हेमाङ्ग दीक्षित बेलायत आएर एमबिबिएस गर्ने पहिलो नेपाली हुन्। अहिले बेलायतमा हजारौँ डाक्टर छन् (ताप्लेजुङदेखि अक्सफोर्डसम्म पुस्तकबाट)। इन्जिनियरहरू पनि हजारौँ सङ्ख्यामा रहेका छन्। इन्जिनियरहरूको त छुट्टै संस्था पनि छ।

गैरआवासीय नेपाली सङ्घ, राजनीतिक भ्रातृ संस्था, भूपू सैनिक सङ्घ, जातीय संस्थाहरू प्रायः सबैमा एकभन्दा बढी संस्थाहरू छन्। आफूले भनेजस्तो भएन भने आफैँ समानान्तर संस्था स्थापना गर्छन्। त्यसरी नै नेपालको राजनीतिक पार्टीहरूको पनि आफ्नो छुट्टाछुट्टै भ्रातृ सङ्गठन स्थापना भएका छन्। नेपालमा भएका राजनीतिक आन्दोलनमा यी सङ्गठनहरूले खेलेको भूमिका सराहनीय थियो। अहिले नेपालबाट घुम्न आएका आफ्ना नेताहरूलाई सपिङ गराएर पठाउनु, लेवी तिर्नु, अधिवेशनमा नेपाल जानु सिवाय अरू केही छैन। गैरआवासीय नेपालीहरूको जल्दोबल्दो मुद्दा नेपाली नागरिकता निरन्तरताको विषयमा नेताहरू यहाँ सबैले ठिक छ, हामी पो पूरा गर्छौं भन्छन् तर नेपाल पुगेपछि बिर्सन्छन्। सबै राजनीतिक दलका भ्रातृ संस्थाहरू एक हुने भए नेताहरूलाई चाहिँदो दबाब पुग्थ्यो। त्यसमा पनि नेपाली सङ्गठनहरू गुट, उपगुटमा विभाजित छन्। एउटै दलका दुईवटा भ्रातृ संस्थाहरू पनि छन्।

त्यसरी नै नेपाली साहित्यकारहरूले पनि नेपाली साहित्यको पठन र लेखन संस्कृतिलाई अगाडि बढाइरहेका छन्। सन् १९९५ मा नेपाली साहित्य विकास परिषद् युके, २००० मा प्रवासी नेपाली साहित्य समाज, २००४ मा अन्तर र्राष्ट्रिय नेपाली साहित्य समाज, २००४ मा नेपाली प्रतिभा प्रतिष्ठान, २०१० मा विश्व नेपाली साहित्य महासङ्घ, २०१२ मा अनलाइन नेपाली साहित्य समाज, २०१० मा अन्तर्राष्ट्रिय नेपाली वाङ्मय प्रतिष्ठान, २०१२ मा नेपाली मुक्तक प्रतिष्ठान, २०१५ मा तरङ्ग चौतारीलगायत थुप्रै साहित्यिक सङ्घ-संस्था नेपाली भाषाको कक्षा सञ्चालन गरेर संरक्षण र प्रवर्द्धनमा लागिरहेका छन्।

बेलायतमा सबैभन्दा पहिले १९६९ मा पशुपति सम्शेरको सम्पादनमा 'यति पत्र' प्रकाशन भएको हो। त्यसपछि सगरमाथा टाइम्स् गोविन्द टण्डनको सम्पादनमा प्रकाशित भएको थियो। बिग्रेड अफ गोर्खाजले गोर्खा परिवारका लागि 'पर्वते' प्रकाशन गरेको थियो। पल्टन जहाँ-जहाँ जान्छन्, त्यहीँ-त्यहीँ पर्वते प्रकाशन हुने गर्दथ्यो, अहिले बेलायतबाट यसको प्रकाशन हुन्छ।

सन् १९९९ मा विश्वासदीप तिगेलाको प्रमुख सम्पादनमा 'प्रवासी वेदना' प्रकाशन भएको थियो। २००३ मा दीपक न्यौपानेको सम्पादनमा 'गोर्खा मिरर', २००३ मा सुरेशजङ शाहको सम्पादनमा 'लण्डन पोष्ट', २००४ मा गोबिन्द बेल्बासेले नेपाली सन्देश बजारमा ल्याएका थिए, जुन लामो समयसम्म चलेको थियो। २००५ मा डा. चन्द्र लक्सम्बा र नवीन पोखेलको सम्पादनमा 'युरोपका नेपालीपत्र' प्रकाशन भएको थियो र २००८ मा हरिकुमार गुरुङको सम्पादनमा 'एभरेस्ट टाइम्स' प्रकाशन भएको थियो। यसका अतिरिक्त विभिन्न सङ्घ-संस्था जस्तै मगर सङ्घ युकेले 'कानुङ लाघा', तमु धिं युकेले 'फ्रेंसी', जिआरएनसीले 'चिनारी', सहरा युकेले 'सहारा', लमजुङ समाज युकेले 'लमजुङ दर्पण', दक्षिण-पूर्वी क्षेत्रीय तमु धिं इकाईले 'आशिमलाँ', चारभञ्ज्याङ तमू समाज युकेले 'मुखपत्र', किरात राई यायोख्खाले 'सुम्निमा पारुहाङ', किरात याक्थुङ चुम्लुङले 'मिथला लादे', एनआरएनएले 'एनआरएनए भ्वाइस', पत्रकार महासङ्घ युकेले 'एफएनजे



स्मारिका', फोनिज युकेले 'द जर्नालिष्ट', नेफिन युकेले 'नेफिन युकेको डेढ दशक मुखपत्र' प्रकाशन गरेको थियो।

रेडियो पत्रकारितामा सबैभन्दा पहिले १९६९ मा पुरन अग्रवालले रेडियो कार्यक्रम सञ्चालन गरेका थिए। १९९८ मा विजय थापाले रेडियो एभरेस्ट टाइम्स सञ्चालन गरेका थिए। ब्रिटिश गोर्खा परिवारका लागि सिङ्गापुरमा बिएफबिएस रेडियो स्थापना भएको थियो। अहिले नेपाल, बेलायत र ब्रुनाईमा यो सञ्चालन हुन्छ। यसको पहिलो सञ्चालिका लिना दोधराज थिइन्। सामुदायिक रेडियो, गोर्खा वेलफेयर सोसाइटी रेडियो बिजिडब्लुएस् फार्नबोरोमा सञ्चालन गरेको थियो। २००७ मा मोहन गुरुङले नेपाली टिभी सञ्चालन गरेका थिए। डिजिटल युग सबैलाई हातहातमा मोबाइलबाट सूचना र मनोरञ्जनका सामाग्री सजिलै उपलब्ध हुने भएकाले पत्रकारिताको स्वरूप, कार्यविधि र शैलीमा फरकपन देखिन थालेको छ।

हाल बेलायतमा नेपाली समाचार डटकम, नेपाली लिटरेचर, नेपाली पत्र, एभरेस्ट टाईम्स, गोर्खा मिडिया, वी नेपाली, नेपाली लिङ्क, नेपाल संसार, ग्लोबल नेप्लिज, ग्लोबल दैनिक, सिलिचुङ, नेपाल ब्रिटेन डटकम, च्यानल लण्डन, सितल पाटी, सिलौटी डटकम, नेपाल मामिला, लन्डन नेपाल न्यूज डटकम, हिमालय मेल, खबर युके डटकम आदि सक्रिय अनलाइन पत्रिकाहरू पनि छन्।

सन् १९८६ मा कोसेली नेपाली सांस्कृतिक परिवार युके, १९९७ मा नेपाली कलाकार सङ्घ युके, लोकदोहोरी प्रतिष्ठान युके, सयपत्री नेपाली सांस्कृतिक परिवार युके, तमू कलाकार सांस्कृतिक मञ्च युके, सेवारो सांस्कृतिक कलाकार मञ्च युके र किरात राई सांस्कृतिक कलाकार मञ्च युके, नेवारी कलाकार सङ्घ युके, सुनगाभा परिवार युके स्थापना गरेर नेपाली गीत-सङ्गीत र कलामा उल्लेखनीय सहयोग गरिरहेका छन्।

नेपाली पत्रकारितालाई स्तरीय, मर्यादित र व्यवस्थित बनाउन नेपाल पत्रकार महासङ्घ बेलायत स्थापना भएको हो। त्यस्तै बेलायतमा स्थापना भएको जातीय सङ्गठनहरूको छाता संस्थाका रूपमा नेपाल

आदिवासी जनजाति महासङ्घ युके स्थापना भएको छ। यसमा दुरा, तामाङ घेदुङ, मगर सङ्घ, राई यायोख्खा, याक्थुङ चुम्लुङ, छन्त्याल, तमू धीं, शेर्पा सङ्घ, तोप्केगोला, सुनुवार, ह्योल्मो सङ्घ र किरात राई यायोक्खा गरी जम्मा ११ जातीय संस्थाहरू आबद्ध भएका छन् । बेलायतमा सङ्घ-संस्थाहरूको सङ्ख्याको कुनै आधिकारिक गणना छैन। यी सबैको छाता संस्था गैरआवासीय नेपाली सङ्घ हो, जसलाई एनआरएनए भन्ने गर्छौं । नेपाल सरकारसँग दर्ता भएको यसको शाखा संसारभरि छरिएको छ।

भूपूगोर्खाहरू नेपाललाई चिनाउने गौरवशाली इतिहास बोकेको अमर कथाको बहादुर पात्र हुन्। बेलायतका लागि रगत र पसिना बगाएको वीरताको गाथाको साहसी, मिहिनेती, सरल र वफादार लडाकु हुन् । बेलायतका लागि उनीहरूको योगदानको जति कुरा गरे पनि थोरै हुन्छ। तर, मानवअधिकारको देश भनेर चिनिने बेलायतले आफ्नो देशकै सैनिक र नेपाली मूलको सैनिकबिचको व्यवहार आकाश-जमिन जस्तो छ। एउटै युद्ध मोर्चाको सैनिकबिचको विभेदलाई सम्बोधन गर्न भूपूगोर्खाहरूले आन्दोलन नै गर्नुपरेको छ।

जुन आजसम्म पनि यथावत चलिरहेको छ। समान पेन्सन र सुविधा पाउन गोर्खाहरूबिच एकआपसमा एकता हुन जरुरी छ। तर, विडम्बना नेपालमा जति राजनीतिक पार्टी छन् त्यति नै गोर्खाहरूको पनि सङ्गठन स्थापना भएका छन्। एउटा संस्था बनाएर आफ्ना भनाइहरू बुलन्द गर्ने हो भने सजिलै गोरासरह पेन्सन र सुविधा पाउने थिए। अथवा आफ्ना हकअधिकार छिट्टै सजिलोसँग सुनिश्चित हुने थियो।

अहिले वंशजको नागरिकता पाउनुपर्ने माग उठिरहेको छ, जुन जायज र समय सान्दर्भिक छ, यसमा सबैको ऐक्यबद्धता हुनुपर्छ। राम्रो सबैको भलाइ हुने मुद्दा भए पनि जस अर्कैले पाउने देखेपछि सहयोग गर्नुपर्नेमा विरोध गर्न पछि नपर्ने प्रवृत्ति छ यहाँ । नेपालको संस्कार र तरिका ठ्याक्कै यहाँ भइरहेको छ। यहाँ गेसो, नेसो, बिगेसो, बिजिडब्लुएस, सत्याग्रह, जिटी टु जिटी (गभर्नमेन्ट टु गभर्नमेन्ट- ब्रिटिश), गोर्खा नागरिकता निरन्तरता लगायतका भूपू सैनिक सङ्गठनहरू सक्रिय छन्।

बेलायतको नेपालीहरूको बसाई एक पुस्ता मात्रै भइरहेको छ अर्थात् नेपालीहरू यहाँ सघन रूपमा बस्न थालेको करिब अढाइ दशक मात्र हुँदैछ। छोटो अवधिमा यहाँको नेपालीहरूले धेरै सकारात्मक र सुखद् पक्षको उजागर गरिरहेका छन्। यहाँको प्रसिद्ध विश्वविद्यालयहरूमा छात्रवृत्तिमा नाम निकाल्ने, संयुक्त राष्ट्रसङ्घसँग सम्बन्धित बहुर्राष्ट्रिय कम्पनीहरूमा नाम निकाल्ने, यहाँका सरकारी सेवा, पुलिस र सेनाको उच्च पदहरूमा पुग्न सफल भएका छन् । कानुन व्यवसायी, वित्तीय संस्थामा विज्ञ, सूचना प्रविधिको विज्ञलगायत हरेक क्षेत्रमा आफ्नो पहुँच बढाएका छन्। आफ्नो निजी व्यवसाय चलाएर एउटै व्यक्तिले युरोप, एसियासम्म फ्रेन्चाइजको सञ्जाल फैलाएका छन्। त्यस्तै यहाँको मूलधारको राजनीतिमा पनि नेपालीहरू सक्रिय भएर लागेका छन्। १०-१५ जना त काउन्सिलर नै भइसकेका छन्। केही मेयर पनि भएका छन्।

बेलायतमा विसं. २०६९ को जुनमा चिण्डित दिवसको अवसरमा ग्रेट वेस्टर्न रेल्वेले एउटा रेलको नाम भिसी तुलबहादुर पुन भनेर नामकरण गरिएको छ। गोर्खाहरूको घर भनेर चिनिने अल्डरसट सहरको बिच भागमा प्रथम भिसी कुलवीर थापाको शालिक निर्माण भएको छ। मलाया, सिङ्गापुर र हङकङमा ब्रिटिस सेना रहेको समयमा बेलायतमा तालिममा आउँदा बस्ने आर्मी क्याम्प चर्चक्रुकाम अहिले हटाएर बस्ती बसालिएको छ। त्यो बस्तीको बाटो, चोकहरूको नाम थापा, पुन, गुरुङ, लामा, राई र लिम्बूजस्ता गोर्खालीहरूको थरको आधारमा राखिएको छ। बेलायतको रक्षा मन्त्रालयको अगाडि एउटा गोर्खा सैनिकको शालिक नै राखिएको छ। यसरी वीर गोर्खाको गाथा संसारभरि फैलिरहेको छ।

# आविष्कार



- गौरी तमू
gauritamu82@gmail.com

सम्हाल्दै बागडोर
आदिम युगको
जसरी गरे सृष्टि
स्यापोदी खें र खोपोदी ह्वोंले आगोको
उसैगरी
गरे आविष्कार खुम्दी प्यो र हुम्दी प्योले
मर्चा र जाँडको

पुर्खाहरूले
चो क्यूईमा गाउँदै ल्याए
तिरो प्हन प्हसी पै
ङ्हिरो प्हन क्यासी क्यूई
सोरो प्ह्वन म्होमो चिची सारामे

विडम्बना !
वर्तमानमा
चोरेर नाभी खुम्दीप्यो र हुम्दी प्योको
चलिरहेछ साम्राज्य
विश्व ब्रान्डेड
बियर, रम र ह्विस्कीहरूको
गुमनाम छन् छ्योले नम्र ट्हो
अपहेलित छन् आदिम जाँड र मर्चा ।

स्यापोदी खैं र खोपोदी ह्वो= तमू प्ये (शास्त्र) अनुसार आगोको आविष्कारक
खुम्दी प्यो र हुम्दी प्यो= तमू प्ये (शास्त्र) अनुसार मर्चा र जाँडको आविष्कारक
छ्योले नम्र ट्हो= तमू प्ये (शास्त्र) अनुसार आगो, मर्चा र जाँड आविष्कार भएको ठाउँ

# घुम हो हजुर



- उमा गुरुङ

एकान्त शान्त कुनामा अथाह शान्तिको घुम ओडेर
अपार वहारमय सेता भुवाभैँ उडिरहेका हिउँहरूमा मस्त पर्दै
आज बल्ल जीवनका परिभाषालाई बुझिरहेछु
जिन्दगीका पानाहरूलाई अलौकिकमय आनन्द लिइ बल्ल पल्टाइरहेछु

टाढा.. टाढा... नज़र दौडाउँदै पर.. पर... बस्ती निहार्छु
सबै हिउँका थुप्राहरूले सेताम्मे पारेर छोपिसकेको छ
मानौँ नववधु सर्माएरभैँ गरी
मन कौतुहलतामा रमाइरहेको छ

अँजुलीभरी छन् अकलङ्क प्रेमहरू
न छ कसैको करेउली अतिनै
चारैतिर मुस्कान छरपष्ट भइ छरिएका
लाग्छ मिलन तारूण्यको छ कहानी

निष्पापमय, निस्पृह छन् हरेक दिनहरू
दौडिरहेका छन् गन्तव्य अस्तित्वको मुहान पहिल्याउन
समीर भइ प्राणीहरू विशाल बुभुक्षा लिइ सधैँ नै
शालीनतामा जिन्दगी हरपल रमाउँदै जिउन....।

# मेरो देश



- बालक गुरुङ

जलस्रोत, खनिज बेचेर,
उजाड खहरे बनाइएको मेरो देश ।
विदेशीलाई डाडु पुनेउँ दिएर,
रित्तो कराई बनाइएको मेरो देश ।।

छिमेकीको स्वार्थमा सन्धि गरेर
हात पाउ बाँधी दिएको मेरो देश ।
पटक-पटक सिमाना मिचिएर,
अस्तित्व मेटिँदै साँघुरी रहेको मेरो देश ।।

इमान, स्वभिमान, जिम्मेवारी लत्याएर,
भ्रष्टाचारले कायापलट बनाइएको मेरो देश ।
बल, पाखुरा, श्रम, विवेक थाँती राखेर,
ऋण अनुदानमा भिखारी बनाइएको मेरो देश ।।

भाषणको बेतुक घाँस हालेर,
मान्छेहरू भेडा-बाख्रा बनाइएको मेरो देश ।
बलात्कार, हत्या, हिंसाले संरक्षण पाएर,
डर त्रासमा मृत्यु कुरी रहेको मेरो देश ।।

उद्योग, कारखाना, व्यवसाय ठप्प बन्द गरेर,
युवाहरू परदेश जान, बाध्य बनाइएको मेरो देश ।
युवा शक्ति, श्रम शक्ति, विदेशीलाई सुम्पिएर,
युवा शक्ति विदेशीकै गुलाम, बनाइएको मेरो देश ।।

राणा, राजतन्त्र हटाएर, गणतन्त्र ल्याए पनि
तानशाह बुर्कुसी मारिरहेको, विवश मेरो देश ।
राजनीतिक विकृति र कृपावादले कुरूप भएर,
विश्वभरि बेइज्जत, बदनाम बनाइएको मेरो देश ।।

प्राकृतिक सम्पदा, सुन्दर भूगोल छ मेरो देश,
जातजाति सबै मिलेर, बस्ने साझा घर मेरो देश ।
कृपावाद, हिंसा, भ्रष्टाचार त्यागे बन्छ शान्ति देश,
साझा संकल्प बनाउँ शान्तिको, बुद्धभूमी हो हाम्रो देश ।।

# कोख एकै भए पनि



- *मोहन गुरुङ*

कोख एकै भए पनि सन्तान थरीथरी
भन्छिन् आमा यो मुटुको माया बराबरी
एउटै सास फेर्ने गर्छन् हिमाल, पहाड, तराई
सबै यहाँ छन् सहोदर कोही छैनन् पराई

हिमालले तराईलाई कति माया गर्छ ?
त्यै मायामा पग्लिएर तलतल झर्छ
मनहरू मिस्सिएर हुन्छन् सरीबरी
भन्छिन् आमा यो मुटुको माया बराबरी

मैदान सम्झे मैदान जीवन डाँडा सम्झे डाँडा
फूल सम्झे फूलै बन्छ काँढा सम्झे काँढा
विभेदलाई पन्छाएर बनौ एउटै ढिक्को
अनि मात्र छाउँछ देशमा लहर उन्नतिको

आऊ झुमौँ मिली हामी गाउँदै लोकलहरी
भन्छिन् आमा यो मुटुको माया बराबरी
अनेक जाति, धर्म, रीति अनेक भाषाभाषी
मिली बसे हृदयमा सधैँ पूर्णमासी

वीर सहिदको देशमा जन्म्यौँ हामी भाग्यमानी
त्यसैमाथि नरित्तिने संस्कृतिको खानी
प्रेमनदी बगिरहोस् दिलमा सधैँभरि
भन्छिन् आमा यो मुटुको माया बराबरी
सियाटल, अमेरिका

# जीवन र समय



*- रमेश गुरुङ*

समय कुनै आकार भए समाउनु हुन्थ्यो
राम्रो राख्नु हुन्थ्यो, नराम्रो फ्याँक्नु हुन्थ्यो
पीडा हुँदा कति ठुलो भई ढाकेर आउने
खुशी आए कति छोटो सानो भएर आउने
कताबाट आउँछ कुन्नि जान्न पाए हुन्थ्यो
खेर नफाल्नु धन्छ तर छान्न पाए हुन्थ्यो ।

बाल, युवा, वृद्ध समयको यो भागबण्डा
त्यो आफ्नो बाल्यकाल फर्कन पाए हुन्थ्यो
फूर्तिलो युवावस्था रोक्न पाए पनि हुन्थ्यो
हेर आउने वृद्धावस्था पनि पुग्नै नपरे हुन्थ्यो
त्यस्तै सोच्दा सोच्दै यो जुनी पनि जाने भो
केही गरे पनि सोचमा कुनै सुधार नहुने भो ।

यो समय बग्दो छ नरोकिने प्रकृतिको विधान छ
कहिले सकिने हो जीवनको यात्रा अनिश्चित छ
मृत्यु मात्र एक निश्चित त्यो पनि अनिश्चित छ
अब त सबैले सत्कर्मको सोच राख्नु बेस होला
यो जगकै भलो गरी खुशी कमाउनु बेस होला
सके केही गर्नु नसके कुनै दुःख नदिनु बेस होला ।

# उपर्ना



*- उमा गुरुङ*

प्रकृति सुन्दर हरियाली काखमा
लुटपुटिँदै खुशी अपार भरेर
नयनभरी सुनौला सपना
आनन्दी मन लिएर

आउँछिन् जलपरी रमाउँदै
उमङ्ग अँजुली भरेर
हर्ष, रत्न सजाउने लिप्सा मनको
स्पर्श नुतनको गरेर

आलिङ्गन गर्दछन् वनकुन्ज पनि पो
सौन्दर्यमा उनको भुलेर
चुम्बन गर्छन् मञ्जरी मस्त पर्दै
वनिका उनलाई सम्भिएर

आउँछन् शनैः पवन पनि पो
झुम्दै उत्साह भरिदिएर
वसन नानाथरी पुष्पले सजाई
सृष्टि सुवासमय बनाई दिएर

अस्तित्व रहन्छ सधैँ नै रचनाको
उपर्ना नील गगन फैलिदिएर
झलमल्ल पारी जगतलाई
सुन्दरमय बनाई अति मनोहर ..।

# आगोसँग खेल्ने व्यक्तित्व खगेन्द्रजङ गुरुङ



✍ मनिराज गुरुङ


राणा शासन अन्त्य गर्न विसं. २००७ सालमा भएको क्रान्ति दिल्ली सम्झौतासँगै टुङ्गिएको थियो । १ फागुन २००७ मा भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा राजा भित्रुवन, प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरिरहेको काङ्ग्रेस र राणा शासकका प्रतिनिधिबिच भएको सम्झौता नै दिल्ली सम्झौता हो । यही सम्झौताले १०४ वर्षसम्म चलेको जहानियाँ राणा शासन अन्त्य भएर नेपालमा प्रजातन्त्र स्थापना भएको थियो । तर यो घटनासँगै नेपालको शासन सञ्चालनमा दक्षिण अर्थात् भारतको प्रत्यक्ष हस्तक्षेप सुरु भयो । मन्त्रिपरिषद्को बैठकमै भारतको प्रतिनिधि रहन्थे ।

नेपालको शासन सञ्चालनमा भारतको प्रत्यक्ष हस्तक्षेप तत्कालीन युवराज महेन्द्रलाई पटक्कै मन परेको थिएन । त्यसैले उनी चीनसँग सम्बन्ध बढाएर नेपालको राजनीतिमा भारतीय प्रभाव कम गराउन चाहन्थे । विसं. २०१० सालमा राजा त्रिभुवन युवराज महेन्द्रलाई शासन अधिकारको अख्तियारनामा दिएर उपचारका लागि युरोप गए । त्यही मौका पारेर महेन्द्रले माओत्से तुङलाई एक पत्र लेखे र खगेन्द्रजङ गुरुङलाई त्यो पत्र लिएर गोप्य रूपमा चीन पठाए ।

खगेन्द्रजङलाई महेन्द्रले चिठी दिनुअघि भनेका थिए, “मैले माओलाई सोझै सम्बोधन गरेर पत्र लेखेको छु । यसलाई अत्यन्तै गोप्य रूपमा माओसम्म पुऱ्याउनु पर्छ । भारतलाई यसको छनक पनि दिनु हुँदैन । तिमीले यो पत्र लिएर बोर्डरमा पुग्दा चाइनिजले पत्याए भने त कुरै सिद्धिहाल्यो । तर भारतीय सिआइडी हो कि भनेर आशङ्का गरेर गिरफ्तार गऱ्यो भने मैलै चिन्दिनँ भन्नुपर्छ । त्यसैले यो सफल नहुन पनि सक्छ । विफल भयो भने तिमीलाई जोखिम हुन सक्छ । तर सफल भयो भने देशका लागि ठुलो उपकार हुनेछ ।”

महेन्द्रले खगेन्द्रजङलाई यो कामको जिम्मा लगाउनु एउटा विश्वासको कुरा थियो । खगेन्द्रजङको परिवार बाजेकै पालादेखि लार्के पासहुँदै गोरखा र मनाङको उत्तरतिर तिब्बतसँगको सीमा नाकाको सुरक्षा र सम्बन्धका विषयमा महत्त्वपूर्ण भूमिकामा थिए । त्यसैले उनीहरूको सीमापारिका गाउँमा पनि सम्बन्ध थियो किनकि तिब्बतमा निर्वासनमा गएका कतिपय मनाङे थिए । त्यस्तै त्यहाँ जाँदा-आउँदा खगेन्द्रजङको चिनियाँ जनमुक्ति सेनासँग पनि सम्बन्ध भएको थियो ।

युवराज महेन्द्रले दिएको जिम्मेवारी पूरा गर्न खगेन्द्रजङ मनाङबाट करिब ५० जनाको टोलीसहित ६० वटा चौंरीमा चामल बोकाएर तिब्बततर्फ लागे । उनीहरूले साथमा राइफल पनि बोकेका थिए किनकि उनीहरूसँग नगद रहेको आशङ्कामा खम्पाहरू लुट्न आइहाल्थे । त्यसैले राति पाल टाँगेर सुत्न लाग्दा केहीले राइफल बोकेर पहरा दिन्थे । ड्याङ-ड्याङ केही राउण्ड फायर गरेपछि हतियार



छ भन्ने थाहा पाएर खम्पाहरू नजिक आउन डराउँथे । ब्रह्मपुत्रको किनारमा पुग्नुअघि तिब्बती गाउँ पुगेपछि चाहिँ हतियार लुकाए ।

खगेन्द्रजङको टोली ब्रह्मपुत्र पारि पुगेपछि चिनियाँ जनमुक्ति सेनाको जर्नेलसँग सम्पर्क गरेर उनीहरूको सहयोगमा ल्हासा पुग्यो । तर ल्हासाबाट भने अरु फर्काइए । खगेन्द्रजङ मात्र चीनको राजधानी बेइजिङ (पेकिङ) पुगे । चीनमा खगेन्द्रजङले अध्यक्ष माओ, प्रधानमन्त्री चाउ एन लाई, चु तेहलगायतका नेताहरूसँग भेटे । माओसँग त एक/डेढ घण्टा वान टु वान कुरा गर्न पाएका उनी त्यतिबेला २२/२३ वर्षका मात्र थिए । त्यसले नेपालको दरबार र चिनियाँ कम्युनिष्ट पार्टी तथा सरकारबिच लामो र मित्रतापूर्ण सम्बन्ध विस्तार गर्न मद्दत पुगेको थियो ।

पत्रमा महेन्द्रले हामी भारतको सांस्कृतिक, राजनीतिक, आर्थिक सबै प्रभावबाट मुक्त हुन चाहेको कुरा उल्लेख गरेका रहेछन् । पत्रमा नेपालमा भारतको बढ्दो प्रभाव रोक्न भारतीय मूलइतरका मूलबासीहरूलाई आ-आफ्नो क्षेत्रमा स्वायत्तता (स्वशासन) दिएर अघि बढाए मात्रै भारतीय प्रभाव क्रमशः घट्दै जाने तर त्यसो गर्दा भारतले नेपालमा अशान्ति र विद्रोह गराइदिन सक्ने उल्लेख थियो । महेन्द्रले त्यस्तो परिस्थिति सिर्जना भएमा त्यसलाई समाधान गर्न चीनसँग सहयोगसमेत मागेका रहेछन् र परिआएमा आफू राजगद्दी त्याग्न र कम्युनिष्ट बन्न पनि तयार रहेको बताएका रहेछन् । महेन्द्रको चिठी दोभाषेमार्फत सुनेपछि माओले खगेन्द्रजङसँग भने, "आफ्नो देशको लागि सम्पूर्ण त्याग्न तयार मैले दुई राजा मात्र देखेँ । एउटा कम्बोडियाको सिंहानुक र अर्को तिम्रो राजा ।"

महेन्द्रले चीनसँग दौत्य सम्बन्ध कायम गर्न चाहेको तर नेपालले सोझै यो इच्छा जाहेर गरेमा भारतले कडा प्रतिवाद गर्ने भएकाले चिनियाँ पक्षबाट सो पहल गर्नका लागिसमेत माओलाई पत्रमा अनुरोध गरेका थिए । त्यस्तै संयुक्त राष्ट्रसङ्घमा भिटो पावर भएको राष्ट्र रुससँग समन्वय गरेर नेपाललाई स्वीजरल्याण्ड जस्तो तटस्थ देश बनाउन सहयोग माग्दै एसिया मामिला हेर्ने राष्ट्रसङ्घको एउटा शाखा काठमाडौँमा राख्न पनि प्रस्ताव गरेका थिए । हुन त त्योबेला चीन पनि संयुक्त राष्ट्रसङ्घको सदस्य बनिसकेको थिएन । तर चीन र रुसको सम्बन्ध अत्यन्तै निकट थियो ।

त्यही सम्बन्धको प्रयोग गरेर चीनले चाहेमा रुससँग आग्रह गर्न सक्ने महेन्द्रको बुझाइ थियो ।

खगेन्द्रजङले ठुलो जोखिम मोलेर तत्कालीन युवराज महेन्द्रले दिएको जिम्मेवारी फत्ते गरेका थिए । त्यही गुन तिर्न होला राजा महेन्द्रले २०१७ सालमा शासन हत्याएपछि पहिलो मन्त्रीमण्डलमा खगेन्द्रजङलाई स्वास्थ्य सहायकमन्त्री बनाएका थिए । राजा महेन्द्रले कहिलेकाहीँ लमजुङसम्मै मान्छे पठाएर खगेन्द्रजङलाई बोलाउन पठाउँथे ।

महेन्द्रले कोसी ब्यारेजको उद्‌घाटन समारोहमा पनि खगेन्द्रजङलाई साथै लिएर गएका थिए । त्यहाँ खगेन्द्रजङले महेन्द्र र भारतीय प्रधानमन्त्री नेहरूबिच भएको संवाद नजिकबाट सुन्ने मौका पाएका थिए । नेपालका राजालाई खुसी पार्नुपर्छ भन्दै नेहरूले गर्न लगाएको भव्य तयारी पनि उनले देखेका थिए । नेहरू राजा महेन्द्र नजिक आएर सम्मान गर्न झुकेका थिए । तर शासन सञ्चालनमा भारतीय हस्तक्षेपबाट रुष्ट महेन्द्रले नेहरू आउँदै गरेको देखे पनि नदेखेझैँ गरेर अपमान गर्न अर्कोतर्फ हेरेका थिए ।

२०२३ को चुनावपछि खगेन्द्रजङले लमजुङ र कास्कीसहित गण्डकीका राष्ट्रिय पञ्चायत सदस्यहरू, १० जिल्लाका जिल्ला पञ्चायत सभापतिलगायत निर्वाचित पञ्चहरूको दस्तखत गराएर राजा महेन्द्रसँग जातीय पहिचान र अधिकारको खोजी गर्दै तमुवान राज्यको माग पेश गर्ने प्रयास गरेका थिए । उनलाई यसमा चन्द्रसिंह घले, लक्ष्यबहादुर गुरुङ, गणेशबहादुर गुरुङ, खड्गबहादुर गुरुङलगायतले साथ दिएका थिए । उनले नेपालमा जनजातिको अधिकारको कुरालाई लिएर राखेको अडान कम्युनिष्टहरूसँगको निकटता पनि रहेको बुझ्न सकिन्छ । तर यो थाहा पाएका महेन्द्रले खगेन्द्रजङलाई पक्राउ गरेर थुन्न पठाए । २९ दिन अनसन बसेपछि उनी छुटेर लमजुङ फर्के तर लगत्तै पक्राउ परेका उनले डेढ वर्ष जति पोखरा र काठमाडौँका जेलमा बिताए ।

१ जनवरी १९५० मा जनवादी गणतन्त्र चीनले स्वशासित क्षेत्र तिब्बतमाथि हस्तक्षेप गरेको थियो । विसं. २०१६ सालतिरबाट हजारौँ तिब्बती भागेर नेपाल र भारत पस्न थाले । त्यसरी नेपाल पसेका पूर्वी तिब्बतको खाम क्षेत्रका बासिन्दा (खाम/खम्पा)हरूले चिनियाँ सेनासँग छापामार शैलीमा युद्ध सुरु गरे । जसलाई खम्पा विद्रोह भनिन्छ । खम्पा विद्रोहलाई चीनको सेखी झार्ने नीति लिएर अमेरिका, युरोपेली राष्ट्रहरू तथा भारतले पनि साथ दिएको थियो । खम्पा विद्राहीहरूले अवैध रूपमा तिब्बतसँग सीमा जोडिएको मुस्ताङ र मनाङको नेपाली भूमी मात्र प्रयोग गरेका थिएनन्, नेपाली सेना र प्रहरीका हतियारहरू खोसेर आतङ्क मच्चाउने, लुटपाट गर्ने कार्य गर्न थालेका थिए ।

राजा महेन्द्रले खगेन्द्रजङलाई फेरि काठमाडौँ बोलाएर भेटे अनि मनाङ र मुस्ताङमा रहेको वाङ्दी नेतत्वको खम्पा विद्रोहीहरूको गतिविधि अनुगमन तथा हतियार बिसाउन सम्झाउने विशेष दूतका रूपमा खटाए । खगेन्द्रजङ आफ्नो मिलिसियासमेत लिएर गए र वाङ्दीसँग वार्ता गरे । नेपालीलाई अनावश्यक दुःख नदिन र तनाव सिर्जना गर्ने काम नगर्न सम्झाए । सायद सिआईए र बेलायतले दवाब दिइरहेकाले होला राजा महेन्द्र खम्पाहरूलाई पूरै तह लगाउने सोचमा भने थिएनन् । वीरेन्द्र राजा भएपछि चाहिँ खम्पाहरूलाई निर्णायक रूपमा दमन गरिएको थियो ।

खगेन्द्रजङका बाजेले श्री ३ रणोद्धिप सिंहको समयमा विसं. १९४१ तिरै लमजुङ, मनाङ र मुस्ताङको नुन व्यापारको ठेक्का हात पारेका थिए । लार्के पासबाट तिब्बतीहरू जडिबुटीको व्यापार गर्न मर्स्याङ्दीको बाटो आउँथे र यताबाट खरिद गरेका सामान बोकेर फर्कन्थे । पहाडका मान्छेहरू नुन लिन या त कालीगण्डकीको तीरैतीर मुस्ताङ पुग्थे या मर्स्याङ्दी तीरबाट मनाङ । उनका बाजेले मर्स्याङ्दी किनारमा पहरा खोपेर मान्छे आवत-जावत गर्ने बाटो बनाइदिए भने लार्के पास पारिपट्टि तिब्बतमा केही बस्ती पनि बसालेका थिए ।

खगेन्द्रजङको बाबु नरजङलाई मुस्ताङको व्यापारमा घाटा लागेको भन्दै बटौली नाकाको ठेक्का पनि दिइएको थियो । सम्पन्न र शक्तिशाली रूपमा आफ्नो इलाकामा स्थापित भएको खगेन्द्रजङको परिवारलाई सीमा सुरक्षा र न्याय प्रशासनका लागि पाँच सय जना मिलिसिया राख्न पाउने छुट थियो । हतियारसहितको जनशक्ति भएपछि स्थानीय मुद्दा-मामिला, जमिनको बाँडफाँट, कर र कोसेलीमा उनको परिवारको नियन्त्रण हुनु स्वभाविक

थियो । त्यसैले मनाङमा जन्मे पनि लमजुङको घनपोखरामा हुर्के बढेका खगेन्द्रजङ गुरुङको अलग्गै शान थियो । राजसी ठाँट र हैकम थियो ।

खगेन्द्रजङ गुरुङको राजनीति र सम्बन्ध चीन र दरबारसँग मात्र जोडिएको थिएन । सन् १९७५ मा सिक्किमलाई भारतमा गाभ्ने समयको वरपर भारतका तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले नेपालका जनजाति र मधेसी नेताहरूलाई पटनामा बोलाएर गोप्य भेट गरेकी थिइन् । त्यो भेटमा खगेन्द्रजङ पनि सामेल थिए । उक्त भेटघाटमा इन्दिरा गान्धीले नेपाललाई भारतको स्याटेलाइट स्टेट बनाउने कुरामा साथ दिन अनुरोध गर्दै त्यस्तो भएमा सबै जनजाति र मधेसीलाई स्वायत्त प्रदेशका रूपमा बस्न व्यवस्था गरिदिने प्रस्ताव गरेकी थिइन् । तर त्यो प्रस्तावलाई सहभागीहरूले स्वीकार गरेनन् ।

त्यसो त सन् १९४७ मा भारत स्वतन्त्र हुनुअघि अङ्ग्रेजहरूले पूर्व दार्जीलिङ र पश्चिम देहरादूनतिरका भूभागका विषयमा नेपालीहरू के चाहन्छन् ? भन्ने खबर पठाएका थिए । प्रस्तावमा छलफल गर्न दार्जीलिङ र देहरादूनतिरका प्रतिनिधि वनारसमा भेला भए । त्यसका एक दर्शक खगेन्द्रजङ पनि थिए । देहरादून र कुमाउँबाट आउनेहरूले नेपालमा नमिसिने बताएका थिए भने दार्जीलिङबाट आएका डम्बरसिंह गुरुङ, रणधीर सुब्बा, हरिबहादुर गुरुङलगायतले चाहिँ नेपालमा मिसाउनुपर्छ भन्ने तर्क गरेका थिए । यद्यपि त्यो सम्मेलन कुनै निष्कर्षबिना सकिएको थियो ।

अङ्ग्रेजले नेपालको दरबारमा औपचारिक पत्र नै पठाएका थिए । विसं. २००४ को आरम्भमा श्री ३ पद्म सम्शेरले अङ्ग्रेजले पठाएको त्यही पत्रमाथि विचार गर्न भारदारी सभा बोलाएका थिए । सिंहदरबारको ग्यालरी बैठकमा भएको सभामा देशभरका भारदार र शासक खलकका हरू जम्मा भएका थिए । लमजुङबाट खगेन्द्रजङका दाजुले प्रतिनिधित्व गरेका थिए । वनारसमा पढेका खगेन्द्रजङलाई पनि दाजुले सँगै लगेका थिए । खगेन्द्रजङ ढोका बाहिर बसेर भित्रका कुरा सुनिरहेका थिए ।

सभाका सहभागी कवि शिरोमणि लेखनाथ पौडेल, राममणि आचार्य दीक्षित (आ.दी.)लगायतका ब्राह्मणहरूले पढे/लेखेका र क्रिश्चियन बनिसकेका दार्जीलिङेहरूले आफू (ब्राह्मण)हरूलाई नढोग्ने र पछि राणाको शासन मान्दैनौँ भनेर हाँक दिन सक्ने भन्दै दार्जीलिङ र अन्य भूभाग नेपालमा मिलाउन नहुने राय दिएका थिए । त्यस्तै ब्रिटिसबाट स्वतन्त्र हुन लागेको भारतले पनि यसमा नराम्रो मान्न सक्ने भन्दै राय दिएपछि उक्त भूभाग नेपालमा नगाभ्ने निर्णय गरेर ब्रिटिस इन्डिया सरकारलाई पत्र पठाइएको थियो ।

भारतमा रहेको बेला नेपाली काङ्ग्रेसका नेताहरूलाई नजिकबाट देखे/सुनेका खगेन्द्रजङलाई विस्तारै भारत र काङ्ग्रेसको विरोधीका रूपमा उभ्याउन थालियो । भारत र काङ्ग्रेसविरोधी तथा कम्युनिष्ट भएको आरोप लगाएर पक्राउ गर्न सेना खटाइएपछि पछि उनी भागेर तिब्बत पुगे र केही समय उतै बसे । उतैबाट कालिम्पोङहुँदै दिल्ली पुगे । दिल्लीमा उनको भेट राजा त्रिभुवन उपचारका लागि स्वीट्जरल्याण्ड पठाउन पुगेका युवराज महेन्द्रसँग भएको थियो । त्यहीँबाट उनको दरबारसँग निरन्तर संवाद र सम्बन्ध कायम रहेको थियो । राजा महेन्द्रसँग खगेन्द्रजङको सम्बन्ध अधिकांश समय मित्रका रूपमा रहे पनि एकल नश्लवादी राजा महेन्द्रले उनलाई साइजमा राख्दै प्रयोग गरेका थिए ।

२०२५ देखि २०२८ सम्मको समय नक्सलवादी आन्दोलन र चीनको सांस्कृतिक क्रान्तिको प्रभावले नेपाली वामपन्थी युवाहरू उत्साहित भएको बेला थियो । वामपन्थी युवाहरू कलेज र विश्वविद्यालयका पढाइ छाडेर (उनीहरूको भाषामा बुर्जुवा शिक्षा बहिस्कार) क्रान्ति गर्ने भन्दै गाउँगाउँ जाने गर्थे । यस्तैमध्येका एकजना खगेन्द्र सङ्ग्रौला त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा एमएड पढ्दै गर्दा झोलाभरि माओका 'रेड बुक' बोकेर लमजुङको खुदी पुगेका थिए । खगेन्द्रजङ खुदी हाइस्कुलमा विद्यालय सञ्चालक (व्यवस्थापन) समितिको सभापति थिए । सोही समयमा आसामबाट स्वदेश फर्केका खगेन्द्र पूर्वेली (पूर्वराष्ट्रपति विद्या भण्डारीका काका) पनि खुदीमै पुगे ।

खगेन्द्रजङ गुरुङ क्युवाली क्रान्तिकारी नेता चे ग्वेभाराबाट प्रभावित थिए । उनी चेकै शैलीमा नेपालमा छापामार युद्ध गरेर कम्युनिष्ट व्यवस्था ल्याउन सकिन्छ भन्नेमा विश्वास गर्थे । खगेन्द्रजङलाई तमुवान स्थापना

गर्नु थियो । यसका लागि कम्युनिष्टहरूसँग मिलेर क्रान्ति गर्नुको विकल्प थिएन । एकदिन खगेन्द्रजङ क्रान्ति नै गर्नुछ भने हतियारको तालिम लिनुपर्छ भन्ने प्रस्ताव राखेर दुवै खगेन्द्रलाई लिएर मर्स्याङ्दी किनार झरे । प्रशासनले दमन गर्न थालेपछि खगेन्द्र सङ्ग्रौला तनहुँको टुहुरे पसल पुगे । खगेन्द्र पूर्वेलीलाई चाहिँ मनाङ पठाए । खगेन्द्रजङ आफैँ चाहिँ केही समय पक्राउ परे र छुटे ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्वहाली भएसँगै आदिवासी जनजाति समुदायहरू अधिकार प्राप्तिका लागि सङ्गठित हुन थालेका थिए । सोही क्रममा राजनीतिक दल नै खोल्ने भन्ने भएपछि देशैभरका आदिवासी समुदाय भेला भएका थिए । राई, लिम्बू, मगर, गुरुङ, तामाङ तथा तराईको पनि प्रतिनिधित्व भएको भेलाले नेपाल राष्ट्रिय जनजाति पार्टी स्थापना गर्ने निर्णय गऱ्यो । खगेन्द्रजङ सर्वसम्मत अध्यक्ष चुनिए । पार्टीको उपाध्यक्ष चन्द्रप्रसाद माङ्या, काजीमान कन्दङ्वा महासचिव, नगेन्द्र तामाङ सह-सचिव र सुश्री भद्रकुमारी घले कोषाध्यक्ष भए । राष्ट्रिय सदस्यहरूमा भीमबहादुर थेबे, देवदास राई, कृष्णराज आङ्देम्बे, खगेन्द्र आङ्बुहाङ, सैनध्वज गुरुङ, मनकुमार दनुवार, सूर्यबहादुर गुरुङ, डा. सहदेव थुलुङ, दिलिप देवान, जितेन्द्र चेम्जोङ, सन्तकुमार बान्तवा, घनबहादुर गुरुङ, द्रपलाल धिमाल, स्वालिग किराँत, बलिराज इङ्बाङ, रामकुमार बान्तवा, मछिन्द्र योङहाङ, दलविक्रम थेबे र युरेन्द्रराज थेबे रहेका थिए ।

पार्टी निर्माण र सङ्गठनको सिलसिलामा उर्लाबारीमा विशाल सभा आयोजना भएको थियो । इलाम, पाँचथर, ताप्लेजुङ, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुमदेखि मान्छे आएका थिए । पचासौँ हजार मान्छे भेला भएका थिए । राष्ट्रिय जनजाति पार्टीको विधान, घोषणापत्र तयार भयो । तमुवान, मगरात, खम्बुवान, लिम्बुवान, थारुवानलगायत १४ वटा स्वायत्त राज्यको अवधारणा ल्याएका थिए । तर निर्वाचन आयोगले पार्टी दर्ता गर्न अस्वीकार गऱ्यो । उनीहरू सर्वोच्च अदालत गए तर सर्वोच्च अदालतले पनि राष्ट्रिय जनजाति पार्टीलाई मान्यता दिन इन्कार गऱ्यो । त्यसको केही समयपछि त्यहाँबाट छिन्नभिन्न भएका केहीले राष्ट्रिय जनमुक्ति पार्टी गठन गरे ।

आफ्नो योजना असफल भए पनि खगेन्द्रजङले पहिचानको राजनीतिक मुद्दा भने छाडेका थिएनन् । २०५८ मा युद्धविरामको समयमा सशस्त्र विद्रोहमा रहेको माओवादीहरूले राखेको एउटा सम्मानसहितको कार्यक्रममा सहभागी हुन उनी भारतको पटनासम्म गए । गण्डकीलाई तमुवान राज्य बनाउन माओवादीले राखेको प्रस्तावको उनले समर्थन गरे । तर त्यहाँबाट फर्केको केही महिनापछि उनलाई सेनाले पक्राउ गरेर थुनामा राख्यो । ७३ वर्षका उनलाई सङ्कटकालमा एक वर्ष बेंसीसहरको सैन्य क्याम्पभित्र आधा शरीर बालुवामा पर्ने गरी खाल्डोमा बस्न बाध्य पारेको थियो । त्यसअगाडि दिएको यातना र चिसोका कारण उहाँको शरीर निकै थिलथिलो र कमजोर भएको थियो ।

जीवनको अन्तिम क्षणसम्म पनि आदिवासी जनजाति समुदायको अधिकार प्राप्ति र तमुवानको पक्षमा वकालत गर्दै आएका खगेन्द्रजङलाई कतिपय दरबारियाहरूले उनको र महेन्द्रको सम्बन्धलाई लिएर दरबारिया वा कथित राष्ट्रवादीको घेरामा सीमित गर्न खोजे । यता पहिचानवादी र कम्युनिष्टहरूले पनि उनलाई उपयोग गर्ने तर सम्मान नगर्ने नीति लिए । घनपोखराको सम्भ्रान्त परिवारबाट हुर्केर राष्ट्रिय राजनीतिमा आफ्नो निरन्तर उपस्थिति जनाएका उनको कतैबाट पनि उचित सम्मान चाहिँ भएन । खरो स्वभाव, शासकीय ठाँट र सामन्ती जीवनशैली, शङ्कालु उनी जीवनमा र मृत्युपछि पनि एक्लो रहे ।

पञ्चायतकालमा दरबारसँग जोरी खोज्नु भनेको तरबारको धारमा हिँड्नु जस्तो थियो । तर खगेन्द्रजङ गुरुङ त्यस्ता व्यक्तित्व थिए, जो अधिकांश समय दरबारको निकट रहे तर दरबारसँग जोरी खोज्ने हिम्मत पनि जुटाइरहन्थे । दरबारले बेलाबेलामा उनलाई साइजमा ल्याउन जेल हाल्ने गरे पनि उनको क्षमताको कदर गर्दै कहिल्यै पनि टाढा राखेन । राजा अर्थात् आगोसँग खेल्ने व्यक्तित्व खगेन्द्रजङ गुरुङको गत २०८२ असार ४ गते ९५ वर्षको उमेरमा निधन भयो ।

उनको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

# फुटबलमै बिताएको सैनिक जीवन



✍ डण्ड गुरुङ

नेपाली सेनाको प्रमुख सेनानीबाट अवकाशप्राप्त मणिन्द्र गुरुङ फुटबल खेलाडी र खेलप्रेमीका लागि नयाँ नाम होइन । अझ नेपाली सेनाको खेल जीवनमा त मणिन्द्र गुरुङको योगदान अतुलनीय नै छ । कर्णेल गुरुङले आफ्नो वृत्तिविकासतिर खासै ध्यान नदिए पनि सैनिक खेल जीवनका लागि भने उच्च योगदान दिए ।

२०३२ सालमा तत्कालीन शाही नेपाली सेनाको सेकेण्ड लेफ्टिनेन्टबाट सेवा प्रारम्भ गरेका गुरुङले नेपाली सेनामा सङ्गठित खेल विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनले बाल्यकालदेखि नै खेलप्रति देखाएको लगाव र उत्कृष्ठ प्रदर्शनकै कारण सेनाको जागिरे जीवनमा पनि खेल क्षेत्रकै उन्नति प्रगति गर्ने अवसर पाएका हुन् ।

उनी देहरादूनमा २००६ सालमा बाबा क्या. वृत्तसिंह गुरुङ र आमा बिष्णुमाया गुरुङको कोखबाट जन्मिएका हुन् । उनको पुर्ख्यौली घर भने कास्कीको तत्कालीन विजयपुर पोखरी गाविस हो । देहरादूनमा कक्षा ६ सम्म पढे । त्यसपछि उनको बाबा भारतीय सैनिक सेवाबाट अवकाशपछि आफ्नै थातथलोमा फर्किए । पोखराको अमरसिंह चोकमा रहेको सोल्जर्स बोर्ड भोकेशनल ट्रेनिङ हाइस्कुलमा आएर कक्षा ६ मा भर्ना भए । सोही स्कुलबाट २०२३ सालमा एसएलसी उत्तीर्ण गरे । सोही स्कुलमा पढ्दापढ्दै फुटबल खेल्न थालेका थिए ।

छालाको 'ठुलो फुटबल' त त्यो बेला पाउनै मुस्किल थियो । स्कुलको होस्टलमा बस्दा थाङ्ना र मोजाको फुटबल खेल्दाखेल्दै रुचि बढ्यो । सुरुवाती चरणमै अरुको तुलनामा मणिन्द्र अब्बल थिए ।

पोखरामा ब्रिटिस र भारतीय गोर्खाहरूको जगजगी थियो । छुट्टीमा आएका बेला उनीहरू फुटबल खेल्थे । उनीहरू सिनियर खेलाडी हुन्थे । त्यो देखेर पनि मणिन्द्रले 'यसरी फुटबल खेल्नुपर्दो रहेछ' भन्ने सिक्थे । त्यसबेलासम्म भलिबल खेलका प्रतियोगिताहरू बाक्लै हुन्थे । फुटबलचाहिँ त्यति खेल्दैनथे । छुट्टीमा आएका लाहुरेहरूले फुटबल खेलेको देखेर सबै छक्क पर्थे ।

लाहुरेहरूले फुटबल खेलेको देखेपछि उनीहरूले पनि प्रतियोगिताकै रूपमा फुटबल खेल्न थाले । उनीहरू सेती वारि र सेती पारि टीम बनाएर फुटबल खेल्थे । मणिन्द्रचाहिँ सेती वारि टीमबाट खेल्थे । भद्रकाली साइटतिरकालाई सेती वारि भन्थे । फुलबारीतिरका लागि सेती पारि टीम भन्थे ।

रानीपौवाका राधेश्याम दाइको नेतृत्वमा फुटबल खेल्थे । उनीहरूको टीममा कल्याण शेरचन, हेम गुरुङ, शिवशङ्कर पालिखेलगायत थिए । टीममा सबैभन्दा फुच्चे मणिन्द्र थिए तर उनी फरवार्डका रूपमा खेल्थे । कुनै पुरस्कारको रूपमा खेल हुँदैनथ्यो । जसले जित्छ, हार्ने टीमलाई टीन ठटाएर लखेट्ने चलन थियो । रमाइलोका

लागि खेलिन्थ्यो । त्यहीँबाट उनको खेल यात्रा सुरु भयो । यो २०२४ सालको कुरा हो ।

नर सम्शेर जबराको सम्मानमा नर ट्रफी हुँदै आएको थियो । प्रायः काठमाडौँमा हुने प्रतियोगिता २०२४ सालमा भने वीरगञ्जमा आयोजना भएको थियो । पोखराबाट पनि एउटा टीम बनाएर सहभागी भएको थियो । टीमले हार्‍यो तर मणिन्द्रले भने 'बेष्ट प्लेयर' उपाधि जिते ।

बेष्ट प्लेयरको उपाधि जितेपछि मणिन्द्रमा थप हौसला बढ्यो । क्याम्पस पनि पढ्ने र फुटबल पनि खेल्ने नियमित प्रक्रिया चलिरह्यो । २०२९ देखि २०३१ सालमम्म भने गण्डकी टीमकै नेतृत्व उनले गरे । गण्डकी टीमको तर्फबाट उनले नै नेतृत्व गरेर राजा वीरेन्द्रको जन्मोत्सवमा खेले । उपविजेता बन्यो उनको टीम । वीरगञ्जले उपाधि जितेको थियो । मणिन्द्रले भने कोरोनेसन मेडल (राज्यभिषेक) हात पारे ।

राजाको जन्मोत्सवलगत्तै अर्को प्रतियोगिता पोखरामै भएको थियो । त्यो टीममा लक्ष्मीप्रसाद गुरुङ, कृष्ण आले, चेतबहादुर आले, एलबी गुरुङ, गणेश गुरुङलगायत राखेर मणिन्द्रले टीम बनाएका थिए तर उनीहरू सबै लाहुरे । त्यसैले स्थानीय खेलाडी भएकाले टीम क्याप्टेन बन्ने सौभाग्य चाहिँ मणिन्द्रले पाएका थिए ।

फुटबल प्रतियोगिताहरूमा सहभागिता जनाउँदै आएका थिए । तर, खास प्रशिक्षण भने उनीहरूले पाएकै थिएनन् । पोखरामै तालिम गराउन केन्द्रबाट पदम श्रेष्ठ र केदार श्रेष्ठ प्रशिक्षकका रूपमा आए । उनीहरूले प्रशिक्षण गराए ।

प्रशिक्षणसँगसँगै उनीहरूले खेल पनि हेरे । मणिन्द्रको खेल उत्कृष्ट देखेपछि प्रशिक्षकहरूले उनलाई राष्ट्रिय टीमका लागि छनौट गरे । तर, उनले राष्ट्रिय टीमबाट भने खेल्न भ्याएनन् । उनले आफ्नो करिअरका लागि नेपाली सेनामा भर्ती हुनेतिर ध्यान दिए । २०३२ सालमा उनले स्नातक उत्तीर्ण गरेका थिए । सोही बेला तत्कालीन शाही नेपाली सेनामा सेकेण्ड लेफ्टिनेन्टमा भर्ना खुलेको थियो ।

"खेल भनेको त पछि पनि खेलौँला । पहिले आफू सक्षम बन्नुपर्छ" भन्ने भावना उनमा आयो । त्यसपछि उनी तत्काललाई फुटबल छाडेर सहायक सेनानी (सेकेण्ड लेफ्टिनेन्ट) पदमा भर्ना भए । सेनामा भर्ना भएपछि उनी फुटबलको नेसनल टीममा गएनन् । त्यसबेला उनका नेसनल टीमका साथीहरू रूपक शर्मा, अशोक केसीलगायत थिए ।

त्यसबेला सेनामा किङ्स ब्यानर कम्पिटिसन हुन्थ्यो । गणको अलग्गै, गुल्मको अलग्गै प्रतिस्पर्धा हुने गर्दथ्यो । त्यो ब्यानरमा फुटबल, भलिबल, एथ्लेटिक्स, ब्याडमिन्टनलगायत खेलका प्रतिस्पर्धा हुन्थ्यो ।

विगतदेखि नै फुटबल खेलेकाले पनि मणिन्द्रले सेनाको पहिलो फुटबल टीममा खेल्ने मौका पाए । २०३४ सालमा मणिन्द्र सेनाले बनाएको पहिलो फुटबल टीममा छनौट भए । चीनबाट मैत्रीपूर्ण फुटबल खेल्न



आउने भएपछि सेनाले टीम बनाएको थियो । थप सैन्य तालिममा नपठाइ मणिन्द्रलगायत फुटबल खेल्न जान्नेहरूसहितको टीम बनाइएको थियो । त्यसबेला फुटबल सिकाउनका लागि भारतबाट प्रशिक्षक आएका थिए । सो टोलीमा गजेन्द्र लिम्बू, कृष्ण थापा, भीम राई, श्याम सापकोटा, अर्जुन बोहरा, निरन्जन राणा, बिनोद राणालगायत थिए । ११ बेसिकका १७ जनामध्ये तीन जना मणिन्द्रसहित निरन्जन राणा र बिनोद राणा फुटबल टीममा छनौट भएका थिए ।

मणिन्द्रले पहिलोपटक अन्तर्राष्ट्रिय खेलाडीसँग प्रतिस्पर्धामा उत्रने मौका पाएका थिए । चीनका खेलाडी निकै राम्रा थिए । उनीहरूसित खेल्दा नेपाली टोलीले धेरै सिक्ने मौका पनि पायो । सो मैत्रीपूर्ण खेल चीनले नै जित्यो । यो प्रतियोगिता सकिएलगत्तै टीम भङ्ग भयो । जागिरको सिलसिलामा विभिन्न जिम्मेवारीमा खटाइए ।

सेनाले चीनसँग मात्र होइन, भारतसँग पनि धेरैपटक मैत्रीपूर्ण फुटबल खेलेको थियो । मणिन्द्र दिल्ली, देहरादून, लखनउमा मैत्रीपूर्ण फुटबल खेल्न पुगेका थिए ।

फुटबलप्रति लगावका कारण सेनाले २०४२ सालमा उनलाई प्रशिक्षकको तालिम लिन भारत पठायो । उनी भारतको पटियालास्थित 'एनआइएस'मा नौ महिना प्रशिक्षक तालिम लिएर नेपाल आए । त्यसपछि आर्मीको टीमलाई नै प्रशिक्षण दिन थाले । २०४३-४४ सालमा बनेको फुटबल टीमलाई उनले कोच गर्ने मौका पाए । त्रिभुवन आर्मी क्लबका खेलाडीहरूलाई रेखदेख गर्ने, प्रशिक्षण दिने र सक्षम खेलाडी बनाउने काममा उनी दत्तचित्त भएर लागे ।

सैनिक जीवनको ३२ वर्षको सबैभन्दा लामो समय मणिन्द्रले त्रिभुवन आर्मी क्लबमा बिताए । उनले निरन्तर नभए पनि पटक-पटक गरेर १५ वर्षभन्दा बढी समय क्लबमा काम गरे । त्यसबेला दुई-दुई वर्षमा सरुवा हुने गर्दथे । त्यही भएर उनले क्लबबाट सरुवा भएर जाने र फेरि क्लबमै फर्केर खेल क्षेत्रलाई योगदान दिइरहे । क्लबमा कोच मात्र नभई सम्पूर्ण जिम्मेवारीमा रहेर उनले काम गर्ने अवसर पाए ।

सेनानी पदमा रहँदा विभिन्न गुल्मको नेतृत्व गरेर काठमाडौँ बाहिर रहँदा उनी क्लबमा रहेर फुटबलतिर ध्यान दिन त्यति भ्याएनन् । तर, दुई वर्षमा उनको सरुवा भने क्लबमै हुने गर्दथ्यो ।

जर्नेलहरूमा भिक्टर राणा, आमोद नरसिंह राणा, मेजर नरेन्द्र प्रताप महतले पनि प्रशिक्षकको तालिम लिएर आएका थिए । तर, उनीहरूले प्रशिक्षण गर्ने जिम्मेवारी भने मणिन्द्रलाई नै दिए । बढी फुटबलप्रति लगाव रहेकाले पनि मणिन्द्रले जिम्मेवारी पाएका थिए ।

अत्यन्त अनुशासित टीम थियो । हुन पनि नेपाली सेना भनेकै अनुशासनको पर्याय हो । अझ खेलाडी त झन् अनुशासित नहुने कुरै भएन । मणिन्द्रको अनुभव पनि त्यस्तै छ । सानैदेखि फुटबल खेल्ने इच्छा पूरा मात्र भएन, मणिन्द्रले नेपाली सेनाजस्तो गौरवशाली सङ्गठनको खेल क्षेत्रमा आफूले योगदान गर्न पाए ।

सधैँ १० नम्बरको जर्सीमा खेल्ने मणिन्द्रलाई सबैभन्दा आनन्द चाहिँ पेनाल्टी सुट हान्दा हुन्थ्यो किनकि उनले हानेको पेनाल्टी सुट कहिल्यै असफल भएन । खेललाई सकेसम्म ड्र गराएर पेनाल्टीमा पुऱ्याउने ध्याउन्नमा हुन्थे उनी । खेलाडीलाई पनि पेनाल्टी सफल कसरी गर्ने भन्ने विषयमा राम्रो प्रशिक्षण दिन्थे ।

सामाजिक क्षेत्रमा मणिन्द्रको योगदान अतुलनीय रहेको छ । तमू बौद्ध सेवा समितिलगायत धेरै सङ्घ-संस्थामा आबद्ध रहेर सामाजिक र मानवीय सेवामा उनले सक्दो योगदान दिए । समुदायमा आइपरेका समस्यामा जहिले पनि अग्रसर रहेर उनले महत्त्वपूर्ण भूमिकाहरू निर्वाह गरेका छन् । जो समुदायले स्मरण गरिरहेका छन् ।

नेपाली सेनाको सेवाबाट २०६४ मा अवकात्त्पछि पनि फुटबल र खेल क्षेत्र नियालिरहेका कर्णेल मणिन्द्रको गत साउन ३० गते निधन भएको छ । उनको निधनसँगै खेल क्षेत्रले एक कुशल अभिभावक गुमायो ।

# महासचिवको प्रतिवेदन

- पुष्पबहादुर गुरुङ

**सभाअध्यक्ष महोदय,**

प्रमुख अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरू, यस संस्थाका संरक्षकज्यूहरू तथा सल्लाहकारज्यूहरू, लामागुरुज्यू, पूर्वअध्यक्षज्यूहरू, महासचिव तथा सचिवज्यूहरू, कार्यसमिति सदस्यज्यूहरू, आमा समूहका पदाधिकारी एवम् सदस्यज्यूहरू, सहयोगी दाताहरू, अक्षयकोष दाताहरूलगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरू तथा पत्रकार साथीहरूप्रति हार्दिक नमन तथा छ्याजालो ।

आज मिति २०८२ साल पुस १२ गते यस संस्थाको ३६औँ वार्षिक साधारणसभाको अवसरमा यस संस्थालाई यहाँसम्म ल्याई पुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभारका साथै आउँदै गरेको तमू जातिको महान् पर्व तमू ल्होछार (त-ल्हो) १५ पुस २०८२ सालको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

हिजोका दिनहरूमा जातीय संस्था खोल्ने अधिकार नभएको अवस्थामा पोखरास्थित बौद्ध अर्घौं सदनको काठमाडौँ शाखाका रूपमा खोल्ने प्रयासस्वरूप गठन भएको यस तमू बौद्ध सेवा समिति नेपालको उद्देश्य काठमाडौँ उपत्यकामा तत्कालीन अवस्थामा तमूहरूको बढ्दो जनसङ्ख्यालाई ध्यानमा राखी एकता कायम गर्दै पहिचान, धर्म, संस्कृति संरक्षण र संवर्द्धनका खातिर काम गर्नु रहेको थियो । त्यसका लागि घरदैलो गरी सङ्कलन गरिएको कोषले धार्मिक क्रियाकलाप गर्ने गुम्बा हल र अन्य सभा, सम्मेलन गर्ने हलसहितको भवन खडा गरी संस्थाको उद्देश्यअनुरूप अनवरत रूपमा समाजसेवा गरिरहेको छ । म यस संस्थाका संस्थापकज्यूहरूलाई हार्दिक नमन व्यक्त गर्न चाहन्छु । यस गरिमामय संस्थाको महासचिवको हैसियतले विभिन्न उपसमितिहरूको विशेष पहलमा गत वर्ष २०८१ साल र यस वर्ष २०८२ को आजको मितिसम्म आयोजना गरिएका विभिन्न कार्यक्रमहरूको विवरण र संस्थाको भावी कार्ययोजनाहरूबारे बुँदागत रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) तमू ल्होछार १५ पुसको पूर्वसंध्यामा पुस ६ गते यस संस्थाको ३५औँ वार्षिक साधारणसभा तथा १५औँ अधिवेशन सम्पन्न गरी संस्थामा पुनः चयन कार्यसमितिका पदाधिकारीहरू तथा अन्य नयाँ सदस्य र संस्थाका श्रेय, आजीवन तथा साधारण सदस्यहरूबिच शुभकामना आदानप्रदान, सांस्कृतिक कार्यक्रम तथा रात्रिभोज कार्यक्रम डा. हर्क सभाकक्षमा आयोजना गरी भव्य रूपमा मनाइयो । लगत्तै पुस २४ गते उक्त ल्होछार तथा अधिवेशनको समीक्षा कार्यक्रमबाट यस नयाँ कार्यसमितिको नयाँ गतिविधिहरूको सुरुवात गरियो ।

२) २०८१ साल पुस २६ गते सम्पन्न गुरुङ लामा सङ्घद्वारा आयोजित गुरुङ लामा सङ्घको ११औँ वार्षिक साधारणसभा तथा ११औँ स्थापना दिवस कार्यक्रम यसै संस्थाको डा. हर्क सभाकक्षमा आयोजित कार्यक्रममा संस्थाका पदाधिकारीहरू तथा गुरुङ लामा सङ्घ यस संस्थाको अपरिहार्य संस्था हो भन्ने मनसायले उक्त संस्थाप्रति शुभेच्छा राख्ने सम्पूर्ण महानुभावहरूको बाक्लो उपस्थितिसहित सहभागिता जनाइयो ।

३) २०८१ साल माघ १६ गते औँसीका दिन यस संस्थाको गुम्बा हलमा पितृपूजा तथा क्हेप्सी ग्रहशान्ति पूजाका साथै आयु पूजा श्रद्धेय टुल्कु साङ्गे शेडुप गुरुद्वारा सम्पन्न गरियो ।




४) यसैगरी माघ २५ गते आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको २४औँ स्थापना दिवसको अवसरमा प्रतिष्ठानको संस्थापक उपाध्यक्ष एवम् तमू बौद्ध सेवा समितिको पूर्वमहासचिव स्व.प्रा. सन्तबहादुर गुरुङको स्मृतिसभा कार्यक्रममा यस संस्थाद्वारा प्रतिनिधित्व गरी कार्यक्रममा सहभागिता जनाइयो ।

५) फागुन ११ गते यसै संस्थाको डा. हर्क सभाकक्षमा बौद्ध धर्मका भिक्षु भन्ते प्रज्ञाश्री महास्थवीरद्वारा दैनिक जीवनमा अभिधम्मबारे प्रवचन कार्यक्रम आयोजना गरियो ।

६) यसैगरी फागुन २३ गते अमेरिकन नागरिक ब्रटन कर्बनद्वारा ५० वर्ष अगाडिको गुरुङ गाउँ र ५० वर्ष पछिको गुरुङ गाउँबारेको प्रस्तुति र तत्कालीन ८४ वर्षे आमा बिष्णुकुमारी गुरुङको अमेरिका यात्रा नामक वृतचित्र प्रदर्शन कार्यक्रम आयोजना गरियो ।

७) यसैगरी चैत ३१ गते गीत, गजल र शीतल विशेष श्रृङ्खला शीर्षकको साहित्यिक कार्यक्रम घोष्ट राईटिङ नेपालको संयुक्त आयोजनामा कवि एवम् गीतकार मोहन गुरुङको आतिथ्यमा आयोजना गरियो ।

८) २०८२ बैशाख २९ गते २५६९औँ बुद्धजयन्तीको अवसरमा तथा जेठ २८ गते शागाधावा पूर्णिमाको अवसरमा डुपोन खाम्ताङ रिम्पोर्छेज्यूको आतिथ्यमा कुठुई, नाम्याल पूजा, डोल्मा पूजा आयोजना गरी ६० वर्ष र ८४ वर्ष पुगेका सहभागीहरूका लागि सिन्दुप व्रत आयोजना गरी पूजा सम्पन्न गरियो ।

९) बैशाख १२ गते अन्तर्राष्ट्रिय गुरुङ बुद्धिजम परिषद्को आयोजनामा डा. हर्क सभाकक्षमा आयोजित कार्यक्रममा सहभागिता जनाइयो ।

१०) जेठ ३१ गते रानीबारी सामाखुशीस्थित डियर हेल्थ ट्रष्टसँगको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरियो ।

११) असार ७ गते योगिनी एकादशी तिथिमा ललितपुर चापागाउँस्थित बज्रबाराही मन्दिर परिसरमा पूजापाठ गर्न तमू बौद्ध सेवा समितिको आमाहरू उपाध्यक्ष राजेन्द्र गुरुङज्यूको संयोजकत्वमा ३० जना सहभागी भई पूजापाठ तथा अवलोकन भ्रमण सम्पन्न गरियो ।

१२) असार ९ गते तत्कालीन उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री माननीय प्रकाशमान सिंहज्यूलाई यस समितिको सभाहलमा आमन्त्रण गरी यस संस्थाको अवलोकन भ्रमण तथा साक्षात्कार कार्यक्रम आयोजना गरियो ।

१३) साउन ४ गतेका दिन गण्डकी प्रदेशसभाबाट असार २४ गते पारित गुरुङ र मगर भाषालाई गण्डकी




प्रदेशमा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने विधेयक पारित भएको सन्दर्भमा यस संस्थाको प्राङ्गणमा तमू ह्युल छौंज धीं गुरुङ राष्ट्रिय परिषद्का अध्यक्ष धनमान गुरुङको आतिथ्यमा दीप प्रज्ज्वलन कार्यक्रम सम्पन्न गरियो ।

१४) साउन १३ गते नाग पञ्चमीको दिनमा गुम्बा हलमा नागपूजाको आयोजना गरियो ।

१५) साउन २० गते बागमती प्रदेशसभा सदस्य माननीय दिपेन्द्र श्रेष्ठज्यूलाई आमन्त्रण गरी उहाँलाई सस्थाप्रति पुऱ्याएको सहयोगका लागि धन्यवादसहित अभिनन्दन गरियो ।

१६) भदौ २३ र २४ गतेको जेन-जेड अन्दोलनका क्रममा सबैभन्दा बढी क्षति पुगेको भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङप्रति गहिरो सहानुभूति स्वरूप त्यसको न्यायिक छानविनको मागसहितको संस्थाको तर्फबाट प्रेस विज्ञप्ति जारी गरियो ।

१७) असोज ७ गते डा. हर्क गुरुङको स्मृतिसभा डा. हर्क गुरुङ स्मृतिकोषका संस्थापक डा. तेजबहादुर महतको आतिथ्यमा आयोजना गरी सम्पन्न गरियो ।

१८) यसैगरी असोज १३ गते समितिको भवनको माथिल्लो तल्लामा निर्मित नयाँ गुम्बा हलको उद्घाटन पितृपूजाका साथ सम्पन्न गरियो । सो अवसरमा १३ र १४ गते सिन्दुप व्रतको आयोजना गरी १५ र १६ गते जेचुन खाण्ड्रो रिम्पोर्छेद्वारा प्रज्ञापारमिता सम्बन्धी प्रवचन तथा १७ गते संस्थाको ३६औँ स्थापना दिवस भव्यताका साथ सम्पन्न गरियो ।

१९) मङ्सिर ७ गते तनहुँ शुक्लागण्डकी नगरपालिका-१२, ढोर निवासी अक्कल गुरुङको परिवारका तीन सदस्य प्यारालाइसिसका रोगी रहेकाले उहाँको दयनीय अवस्थामा यस संस्थाले चन्दा सङ्कलन गरी करिब २ लाख ३० हजार नगद सहयोग गरियो ।

२०) असहाय, दीनदुःखीहरूलाई वर्षभरि विभिन्न समयहरूमा सहयोग गर्दै हामीले वार्षिक रूपमा सहयोग गर्ने सन्दर्भमा मुटुरोगी र दीर्घरोगीहरूलाई समेत यस्ता सहयोगहरू उपलब्ध गराउँदै आइरहेको छ । यसको अलावा उच्च शिक्षा अध्ययनका लागि विभिन्न विधा जस्तै पत्रकारिता, कानुन, बौद्ध दर्शन तथा अन्य थुप्रै विषयहरूमा अध्ययनरत गत वर्ष ११ जना तमू विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध



गराइएको थियो भने दुई जना मुटु तथा दीर्घरोगीलाई समेत सहयोग उपलब्ध गराइएको थियो । यस्तो कार्यक्रम यस वर्ष पनि हामीले वितरण गर्ने योजना राखेका छौँ ।

यसका साथै आउँदा दिनहरूमा विगतमा पूरा हुन नसकेका कार्यहरू सम्पन्न गर्ने प्रतिबद्धताका साथै भावी प्रस्तावित योजनाहरूको बारेमा बुँदागत रूपमा केही उल्लेख गर्न चाहन्छु ।

१) संस्थाको कार्यालयको पूर्वपट्टि रहेको सार्वजनिक जग्गामा निर्माण गरिएको बुद्धपार्क क्षेत्र र पार्किङको पूर्वी गेटतर्फको क्षेत्रमा कसैको दुषित हकदावीको मुद्दा परेकाले उक्त क्षेत्रको सार्वजनिक हित तथा संरक्षणका लागि आवश्यक पहल गरिरहेका छौँ र गरिरहने छौँ ।

२) गुम्बामा पाल्नु हुने सिनियर सिटिजनको कठिनाईलाई मध्यनजर गर्दै आवश्यक आर्थिक स्रोतको व्यवस्था मिलाई लिफ्ट जडान गर्ने र त्यसका लागि आवश्यक विद्युतको आपूर्ति मिलाउन थ्री फेज लाइन जडान भइसकेकाले यथाशक्य लिफ्ट जडानको कार्ययोजना पेश गर्दछु ।

३) यस संस्थाको विधानअनुरूपको उद्देश्यलाई मूलतः चार बुँदाहरू शिक्षा, संस्कृति, धर्म र समाजसेवा (Education, Culture, Religion and Philanthropy) मा केन्द्रीत गरी संस्थालाई सधैँ क्रियाशील बनाई राख्ने योजना पेश गर्न चाहन्छु ।

४) सामाजिक गतिविधि गर्दै आएको तमू बौद्ध सेवा समितिको अर्को महत्त्वपूर्ण पाटो धार्मिक गतिविधि हो । यो गुरुङ जातिको बौद्ध धर्म अभ्यास गर्ने साझा थलोका रूपमा स्थापित जेठो संस्था हो र आजसम्म जति चन्दा, दान आदि सहयोग जम्मा भएको छ, धार्मिक गतिविधि सञ्चालन गरेर नै जम्मा भएको छ । तसर्थ यस्ता धार्मिक क्रियाकलापलाई अझ प्रभावकारी बनाउन हामीले पूजापाठका लागि एउटा गुम्बा हलले मात्र पर्याप्त नभएको हुनाले अर्को गुम्बा हलकोसमेत भर्खर व्यवस्था गरेका छौँ । यसबाट बढीभन्दा बढीले यसबाट लाभ लिनेछ भन्ने आशा राखेका छौँ ।

५) बौद्धमार्गी गुरुङहरूलाई सहज रूपमा समयसापेक्षिक गुरुङ संस्कार र संस्कृतिअनुरूप गुरुङ बौद्ध धर्म अनुशरण गर्न उत्प्रेरणा गर्नु यस संस्थाको गहन उत्तरदायित्व रहेको देखिन्छ । यसैले काठमाडौँमा सार्वजनिक रूपमा रहेका गुरुङ गुम्बाहरू र गुरुङ समाजका अगुवा म्हिग्रे, चोंगहरूलाई एकत्रित गरी तमू बौद्ध सेवा समितिको अगुवाईमा समयसापेक्षिक बौद्ध धर्म सहज अनुशरणमा जोड दिन पहल गर्ने कार्ययोजना प्रस्ताव गर्दछु । यसका लागि गुरुङ

लामाहरूसँग सहकार्य गरी अगाडि बढाउने योजना राख्दछु ।

६) गुरुङ जातिमा बौद्ध उच्च शिक्षा अध्ययन, अनुसन्धान तथा ग्रन्थ अनुवाद, भाषा, संस्कार, संस्कृति र लिपि संरक्षण तथा विकासमा उत्प्रेरित गर्ने उद्देश्यले संस्थाको तर्फबाट आवश्यक व्यवस्था गर्ने र यस संस्थामा स्थापित छात्रवृत्ति कोषमा बौद्ध दर्शन अध्ययन तथा अनुसन्धानमा टेवा पुऱ्याउन छात्रवृत्ति कोषको वृद्धिका लागि दाताहरूमा अक्षयकोषका लागि आह्वान गर्न चाहन्छु ।

७) युवाहरूलाई लक्षित गरी व्यक्तित्व विकासका लागि विभिन्न किसिमका तालिम, गोष्ठी, सभा, सेमिनार तथा प्राज्ञिक एवम् स्रोत व्यक्तित्व भेला तथा अन्तरक्रिया कार्यक्रम आयोजनालाई अझ प्रभावकारी तवरले कार्यान्वयन गर्ने योजना प्रस्ताव गर्दछु ।

८) बेलाबेलामा यस संस्थाका अग्रज तथा विद्वान्हरूले उठान गर्नुभएका विषयहरूलाई मध्यनजर गर्दै संस्थाको उत्तरतर्फको करिब एक रोपनी आफ्नै जग्गामा तमू (गुरुङ) बहुउद्देश्यीय भवन निर्माण गरी संस्थाको उद्देश्यअनुरूपको धर्म, संस्कृति, शिक्षा र समाजसेवा तथा सिनियर सिटिजन होम्सका लागि प्रयोग गर्ने र बाँकीमा व्यावसायिक प्रयोजनमा समेत लगाउन सक्ने गरी आवश्यक स्रोत जुटाउन पहल गर्ने योजना पेश गर्दछु ।

९) संस्थामा थप अक्षयकोष स्थापना गर्ने सम्बन्धमा गत वर्ष डा. तेजबहादुर महतज्यूद्वारा डा. हर्क गुरुङ अक्षयकोष स्थापना गर्नुभएको थियो भने यस वर्ष तमू धीं जापानले यस संस्थाको छात्रवृत्ति अक्षयकोषमा एक लाख रुपैयाँ प्रदान गरी यस संस्थाको श्रेय सदस्यसमेत लिएको जानकारी गराउँदै यसरी नै आउँदा दिनहरूमा स्वदेश तथा विदेशमा रहेका विभिन्न धार्मिक तथा सामाजिक सङ्घ-संस्थाहरूसँग सहकार्य तथा सहकार्य, सम्बन्धन अघि बढाउन यसरी नै श्रेय सदस्यता दिई संस्थाको आपसी गतिविधिलाई अझ बढी उचाईमा पुऱ्याउने प्रस्ताव पेश गर्दछु ।

संस्थाको उल्लिखित भावी कार्ययोजनाहरूलाई मूर्तरूप दिई भावी सन्ततिका निम्ति पुर्खाको विरासतको रूपमा यस संस्थालाई चिनाई रहने वातावरण मिलोस् भन्ने अपेक्षा राख्दै अन्तमा सम्पूर्ण महानुभावमा आउँदै गरेको तमू ल्होछारको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मेरो भनाइ यहीँ अन्त गर्ने अनुमति चाहन्छु । धन्यवाद ।

जय तमू बौद्ध, भवतु सर्वमंगलम ।

*महासचिव*

*तमू बौद्ध सेवा समिति नेपाल, अनामनगर, काठमाडौँ*

# मुक्तक



*- रामकाजी कोने*

फकाउन जान्दिन म, नरिसाऊ न प्रिय सधैँभरिको लफडा किन  
कुसाइत पर्ला मधुमासमा, देखाउँछौ रिसको रित्तो घडा किन  
सफल हुनलाई प्रेममा कृष्णलीला नै पढ्नुपर्छ र हे प्रभु  
सबैको जोडी त्रिसट्ठी देख्छु, मेरै मात्र छत्तिसको आँकडा किन !

............

भरमा नपर्नू भाग्यको सक्दो मेहनत गर्न नछोड्नू कहिल्यै  
जो हात सो साथ आफूलाई अरूसँग नजोख्नू कहिल्यै  
एकबारको जुनी दुःखी किन हुनी साँच्चै सुखी बन्नु छ भने  
जति छ धन खल्तीमै राख्नू, दिमागमा नबोक्नू कहिल्यै ।

............

पहिलो अनि अन्तिम माया हौ मेरो यत्ति तसल्ली लिए पुग्छ  
तिमी धागो म सियो सम्बन्धलाई मज्जाले सिए पुग्छ  
नङमासु बनौँ घरजम बसाऔँ खर्चको जोहो आफै गर्छु  
नामर्दले गर्छ दाइजोको लोभ, मर्दलाई त दिल दिए पुग्छ ।

............

# तमू बौद्ध सेवा समिति नेपालमा रहेका अक्षयकोषहरु



दाता : श्री गंजसिंह गुरुङ तथा परिवार
नाम : अनु अक्षयकोष
रकम : २,००,०००।-
प्रकार : छात्रवृत्ति अक्षयकोष
स्थापना : २०५५ साल



दाता : क्या. तोरण बहादुर गुरुङ तथा परिवार
नाम : पञ्च अक्षयकोष
रकम : ३,००,०००।-
प्रकार : छात्रवृत्ति अक्षयकोष
स्थापना : २०५९ बैशाख १ गते



दाता : क्या. तोरण बहादुर गुरुङ
नाम : राजकुमारी अक्षयकोष
रकम : ५०,०००।-
प्रकार : छात्रवृत्ति अक्षयकोष
स्थापना : २०६० साल



दाता : श्रीमती निर्मला गुरुङ तथा परिवार
नाम : निर्मला अक्षयकोष
रकम : ४,००,०००।-
प्रकार : छात्रवृत्ति अक्षयकोष
स्थापना : २०६३ मंसिर ८ गते




दाता : क्या. उदयबहादुर/सत्यदेवी गुरुङ परिवार
नाम : सत्य-उदय अक्षयकोष
रकम : १०,०१,१११।-
प्रकार : उत्कृष्ट विद्यार्थी पुरस्कार
स्थापना : २०७१ चैत १२ गते



दाता : श्री रुपबहादुर गुरुङ तथा परिवार
नाम : परबहादुर-देउसुवा अक्षयकोष
रकम : ३,००,०००।-
प्रकार : पत्रकारिता पुरस्कार अक्षयकोष
स्थापना : २०७१ चैत २४ गते

# तमू बौद्ध सेवा समिति नेपालमा रहेका अक्षयकोषहरू



दाता : हेम बहादुर गुरुङ
नाम : राजेन्द्र अक्षयकोष
रकम : २,००,०००।-
प्रकार : छात्रवृत्ति अक्षयकोष
स्थापना : २०७२ साउन २९ गते



दाता : खर्क बहादुर गुरुङ तथा परिवार
नाम : खर्क-बद्री अक्षयकोष
रकम : २,००,०००।-
प्रकार : छात्रवृत्ति अक्षयकोष
स्थापना : २०७२ फागुन २ गते



दाता : क्या. चित्रबहादुर, चन्द्रबहादुर, गणेश बहादुर, कृष्ण बहादुर र दिपक गुरुङ (छोराहरू)
नाम : तेज-नैना अक्षयकोष
रकम : २,५१,५०५।-
प्रकार : छात्रवृत्ति अक्षयकोष (स्थापना : २०७२ चैत्र ११ गते)



दाता : श्रीमती आइतश्री गुरुङ तथा परिवार
नाम : भूपाल-आइतश्री अक्षयकोष
रकम :२,००,०००।-
प्रकार : छात्रवृत्ति अक्षयकोष
स्थापना : २०७३ चैत्र ११ गते




दाता : दिग्विजय कोने
नाम : सकला देवी अक्षयकोष
रकम : ३,००,०००।-
प्रकार : छात्रवृत्ति अक्षयकोष
स्थापना : २०७३ चैत ११ गते



दाता : डा. टोपराज गुरुङ
नाम : जुम प्रसाद-ननश्री अक्षयकोष
रकम : ३,००,१०५।-
प्रकार : छात्रवृत्ति अक्षयकोष
स्थापना : २०७४ बैशाख १० गते

# तमू बौद्ध सेवा समिति नेपालमा रहेका अक्षयकोषहरू



दाता : सुर्य बहादुर/राज कुमारी गुरुङ परिवार
नाम : सुर्य-राजकुमारी अक्षयकोष
रकम : २,५०,०००।-
प्रकार : छात्रवृत्ति अक्षयकोष
स्थापना : २०७४ जेठ २६ गते



दाता : क्या. आशबहादुर गुरुङ
नाम : आशबहादुर/बुद्धिकुमारी अक्षयकोष
रकम : ३,००,०००।-
प्रकार : बृद्ध दर्शन अक्षयकोष
स्थापना : २०७९ कार्तिक ९ गते



दाता : श्रीमती प्रेमकुमारी गुरुङ
नाम : कृष्णबहादुर/प्रेमकुमारी अक्षयकोष
रकम : २,००,०००।-
प्रकार : बुद्ध दर्शन अक्षयकोष
स्थापना : २०८० कार्तिक ९ गते

दाता : तमू धीं जापान
नाम : छात्रवृत्ति अक्षयकोष
रकम : १,००,०००।-
प्रकार : जेहेन्दार छात्रवृत्ति
स्थापना : २०८२



दाता : डा. तेजबहादुर महत/तमू बौद्ध सेवा समिति नेपाल
नाम : डा. हर्क गुरुङ अक्षयकोष
रकम : २,००,०००।-
प्रकार : डा. हर्क स्मृतिसभा सञ्चालन
स्थापना : २०८१ असोज ०७

दाता : द्वारिका गुरुङ
नाम : रादीका अक्षयकोष
रकम : ५०,०००।-
प्रकार : साकाधावा पूजा खर्च
स्थापना : २०८२ असोज १०



दाता : क्या. दिलकाजी गुरुङ
नाम : दिलकाजी अक्षयकोष
रकम : ३,००,०००।-
प्रकार : मानवीय सहायता अक्षयकोष
स्थापना : २०७० असोज १०



दाता : इ. धुर्बबहादुर गुरुङ
नाम : धुर्बबहादुर/टिका अक्षयकोष
रकम : २,००,०००।-
प्रकार : बुद्ध दर्शन अक्षयकोष
स्थापना : २०८० चैत्र १५ गते



दाता : सुश्री भद्रकुमारी घले
नाम : भद्र घले अक्षयकोष
रकम : २,००,०००।-
प्रकार : पितृकार्य अक्षयकोष
स्थापना : २०६६ पुस १०



दाता : सुश्री पुष्पकला गुरुङ
नाम : पुष्पकला अक्षयकोष
रकम : १,००,०९०।-
प्रकार : पितृकार्य अक्षयकोष
स्थापना : २०७१ चैत १५

# संरक्षक समिति तथा पदेन केन्द्रीय सदस्य (पूर्वअध्यक्षहरू)

| क्र.सं. | नाम | पद | ठेगाना | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | क्या. श्री भोकबहादुर गुरुङ | संयोजक | पर्वत, हालः सानेपा | ९८४३१३०९७५ |
| २ | क्या. श्री आशबहादुर गुरुङ | सदस्य | चितवन, हालः चुनदेवी | ९८१०३९२९४० |
| ३ | ले. श्री राजबहादुर गुरुङ | सदस्य | पर्वत, हालः चुनदेवी | ९८५१२२४७९७ |
| ४ | क्या. श्री तोरणबहादुर गुरुङ | सदस्य | पर्वत, हालः थसीखेल | ९८४३४२४१५७ |
| ५ | श्री चीजबहादुर गुरुङ | सदस्य | कास्की, हालः महाराजगन्ज | ९८५१०४७३२७ |
| ६ | श्री रूपबहादुर गुरुङ | सदस्य | कास्की, हालः भैसेपाटी | ९८५११२७२७८ |
| ७ | श्री क्या. रामकाजी गुरुङ | सदस्य | स्याङ्जा, हालः न्यू प्लाजा | ९८५१०६५७६७ |
| ८ | इन्स्पेक्टर धुर्बबहादुर गुरुङ | सदस्य | स्याङ्जा, धापासी | ९८५१०४७३१४ |

## सल्लाहकारहरू

| क्र.सं. | नाम | पद | ठेगाना | मोबाईल नं. |
|---|---|---|---|---|
| १. | पूर्व मा. तोरणबहादुर गुरुङ | प्रमुख सल्लाहकार | स्याङजा, हालः सामाखुसी, काठमाडौँ | ०१-४३५२०६१ ९८५१०६०५२१ |
| २. | सुश्री भद्रकुमारी घले | सल्लाहकार | सिन्धुली, हालः मैतीदेवी | ०१-४४२०४६१ |
| ३. | प्रा. डा. शेखर गुरुङ | सल्लाहकार | इलाम, हालः बालुवाटार | ९८४१४८९९१७ |
| ४. | प्राज्ञ डा. जगमान गुरुङ | सल्लाहकार | कास्की, हालः धापासी | ९८४१७५१२३८ |
| ५. | भू.पू.अ. लालकाजी गुरुङ | सल्लाहकार | पर्वत, हालः गल्फुटार | ९८४९०४०९३३ |
| ६. | श्री रामकाजी कोने गुरुङ | सल्लाहकार | कास्की, हालः महाराजगञ्ज | ९८५१०२४६९६ |
| ७. | श्री डेलमान गुरुङ | सल्लाहकार | ताप्लेजुङ, हालः अनामनगर | ९८४१३०८२८३ |
| ८. | श्री निर्मल गुरुङ | सल्लाहकार | कास्की, हालः पानीपोखरी | ९८५१०४०१५१ |
| ९. | क्या. उदयबहादुर गुरुङ | सल्लाहकार | स्याङ्जा, हालः न्यू प्लाजा | ९८४१५८७८०२ |
| १०. | श्री गर्जबहादुर गुरुङ | सल्लाहकार | लमजुङ, हालः | ९८५१०३४३४२ |
| ११. | श्री बेलबहादुर गुरुङ | कानुनी सल्लाहकार | स्याङ्जा, हालः टोखा | ९८५१०१७०६५ |
| १२. | श्री नरेन्द्र कुमार गुरुङ | सल्लाहकार | इलाम, हालः ललितपुर | |
| १३. | श्रीमती ज्योती गुरुङ | सल्लाहकार | गोरखा, हालः महाराजगञ्ज | |
| १४. | ई. नारायण बहादुर गुरुङ | सल्लाहकार | बागबजार | |
| १५. | डा. टेक बहादुर गुरुङ | सल्लाहकार | भैरहवा, हालः भैंसेपाटी | |

# तमू बौद्ध सेवा समिति नेपालको कार्यसमितिका पदाधिकारी

## तथा सदस्यहरू (२०८१-०८३)

| क्र.सं. | नाम | पद | ठेगाना | मोबाईल नं. |
|---|---|---|---|---|
| १. | क्या. नारायणबहादुर गुरुङ | अध्यक्ष | पर्वत, हालः नखीपोट, ललितपुर | ९८५१०३७०६८ |
| २. | पूर्वएसपी राजेन्द्र गुरुङ | उपाध्यक्ष | पर्वत, हालः बुढानीलकण्ठ, काठमाडौं | ९८५१०४६१८४ |
| ३. | श्रीमती सन्तु घले | उपाध्यक्ष | पर्वत, हालः नखीपोट, ललितपुर | ९८४१२२०४२८ |
| ४. | श्री पुष्पबहादुर गुरुङ | महासचिव | स्याङ्जा, हालः गोंगबु, काठमाडौं | ९८५१०६००४३ |
| ५. | श्री मनिराज गुरुङ | सचिव | संखुवासभा, हालः हात्तीवन, ललितपुर | ९८४१२२३१८७ |
| ६. | श्री लक्ष्मी गुरुङ | सह-सचिव | कास्की, हालः सुन्धारा, काठमाडौं | ९८५१०४४५८३ |
| ७. | क्या. धनबहादुर गुरुङ | कोषाध्यक्ष | पर्वत, हालः ग्रिनल्याण्ड, काठमाडौं | ९८१३४३८१७१ |
| ८. | क्या. तोरणबहादुर गुरुङ | सदस्य | पर्वत, हालः थसिखेल, ललितपुर | ९८४३४२४१५७ |
| ९. | श्री चिजबहादुर गुरुङ | सदस्य | कास्की, हालः महाराजगञ्ज, काठमाडौं | ९८५१०४७३२७ |
| १०. | श्री रुपबहादुर गुरुङ | सदस्य | कास्की, हालः भैंसेपाटी, ललितपुर | ९८५११२७२७८ |
| ११. | श्री भीमलाल गुरुङ | सदस्य | पर्वत हालः काठमाण्डौ | ९८५११३१०४४ |
| १२. | श्री चन्द्रमान गुरुङ | सदस्य | स्याङजा, हालः बुढानीलकण्ठ, काठमाडौं | ९८४१३३२१९९ |
| १३. | क्या. श्री होमबहादुर गुरुङ | सदस्य | कास्की, हालः लाजिम्पाट, काठमाडौं | ९८४१८०२८६२ |
| १४. | श्री नारायणप्रसाद कोने गुरुङ | सदस्य | कास्की, हालः न्यू प्लाजा, काठमाडौं | ९८५१०२६३२६ |
| १५. | सु.मे.श्री भक्तबहादुर गुरुङ | सदस्य | पर्वत, हालः इमाडोल, ललितपुर | ९८४३३३०५३५ |
| १६. | श्री धर्मराज (राजु) गुरुङ | सदस्य | स्याङ्जा, हालः रानीबारी, काठमाडौं | ९८५१०४२०६८ |
| १७. | क्या. चन्द्रमान गुरुङ | सदस्य | स्याङ्जा, हालः हेपाली हाइट, काठमाडौं | ९८४०४२६०९३ |
| १८. | श्री अनिता गुरुङ | सदस्य | चितवन, हालः भैंसेपाटी, ललितपुर | ९८४१२७३५४० |
| १९. | अधिवक्ता लालबहादुर गुरुङ | सदस्य | ओखलढुंगा, हालः महाराजगञ्ज | ९८५१०४५४५९ |
| २०. | श्रीमती लक्ष्मी गुरुङ (हेभेन) | सदस्य | कास्की, हालः सुन्धारा, काठमाडौं | ९८४३३५६८६७ |
| २१. | श्री विजय गुरुङ | सदस्य | पर्वत, हालः सुन्धारा, काठमाडौं | ९८५१०६४७११ |
| २२. | श्री नेत्रप्रसाद गुरुङ | सदस्य | स्याङ्जा, हालः धापासी, काठमाडौं | ९८५१०३४९०३ |
| २३. | श्री रबिन गुरुङ | सदस्य | स्याङ्जा, हालः धापासी, काठमाडौं | ९८५१००५५१३ |
| २४. | श्रीमती बिन्दु गुरुङ | सदस्य | स्याङ्जा, हालः भोटेबहाल, काठमाडौं | ९८५११-१३०६८ |
| २५. | श्रमिती मन्जु गुरुङ | सदस्य | कास्की, हालः सुन्धारा, काठमाडौं | ९८४१६५७५४४ |
| २६. | श्रीमती हरीमाया गृरुङ | सदस्य | गोरखा, हालः लाजिम्पाट, काठमाडौं | ९८५१०५८९४१ |
| २७. | श्रीमती कमला गुरुङ | सदस्य | स्याङ्जा, हालः न्यू प्लाजा, काठमाडौं | ९८५१०२२२०५ |

| | | | | |
|---|---|---|---|---|
| २८. | श्रीमती मीना गुरुङ | सदस्य | कास्की, हालः सुन्धारा, काठमाडौँ | ९८४१३२७०९४ |
| २९. | श्री तेजबहादुर गुरुङ | सदस्य | कास्की, हालः चुनदेवी, काठमाडौँ | ९८४१५५६३८३ |
| ३०. | श्रीमती इन्द्रा गुरुङ | सदस्य | पर्वत, हालः थसिखेल, ललितपुर | ९८४१३५६५४२ |
| ३१. | श्री चन्द्रबहादुर घले | सदस्य | पर्वत, हालः चप्पल कारखाना | ९८४३१२३०६५ |
| ३२. | श्रीमती कृष्णकुमारी गुरुङ | सदस्य | कास्की, हालः लोसाल, काठमाडौँ | ९८४११७८७०५ |
| ३३. | टीकाराम गुरुङ (जिएम) | सदस्य | ताप्लेजुङ, हालः नारायणथान, काठमाडौँ | ९८४१११४०२७ |
| ३४. | श्रीमती सुनिता गुरुङ | सदस्य | रुम्जाटार, हालः गल्फुटार, काठमाडौँ | ९८५१०८३७४३ |
| ३५. | श्री काजी गुरुङ | सदस्य | दाङ्सिङ, हालः बूढानीलकण्ठ, काठमाडौँ | ९८४१५२९२३१ |
| ३६. | श्री शेरजङ गुरुङ | सदस्य | स्याङ्जा, हालः काठमाडौँ | ९८४१३०८१६१ |
| ३७. | श्री राजु गुरुङ | सदस्य | स्याङ्जा, भोटेबहाल, काठमाडौँ | ९८५१०३४८९३ |
| ३८. | श्रीमती ताराकुमारी गुरुङ | सदस्य | संखुवासभा, हालः कपन, काठमाडौँ | ९८४१६०२१०१ |
| ३९. | श्रीमती रेनुका गुरुङ (मीना) | सदस्य | पर्वत लामे, हालः बागडोल, ललितपुर | ९८४९२८६६८७ |
| ४०. | श्रीमती शान्तदेवी गुरुङ | सदस्य | पर्वत, हालः कोटेश्वर, काठमाडौँ | ९८५१०९४५३२ |
| ४१ | श्री राजबहादुर गुरुङ | सदस्य | घान्द्रुक, कास्की, हालः बुढानीलकण्ठ | ९८४१६१५९३६ |
| ४२. | श्री राजेश गुरुङ | सदस्य | इलाम, हालः बौद्ध, काठमाडौँ | ९८५१०५२१३५ |
| ४३. | क्या. बुद्धकुमार गुरुङ | सदस्य | पर्वत, हालः ढोलाहिटी, ललितपुर | ९८६१७५८४८६ |
| ४४. | श्री याम बहादुर गुरुङ | सदस्य | पर्वत, हालः नखीपोट | ९८०८३२७८६६ |
| ४५ | जिएम तुलसी गुरुङ | सदस्य | लमजुङ, हालः पासीकोट, काठमाडौँ | ९८२५१८०९७९ |
| ४६. | श्री बुद्धिबहादुर गुरुङ | सदस्य | गोरखा हालः गल्फुटार, काठमाडौँ | ९८४१४७५४६१ |
| ४७ | श्री विश्वमान गुरुङ | सदस्य | कास्की हालः महाराजगञ्ज | ९८२८९३७८०८ |
| ४८. | श्री मन प्रसाद गुरुङ | सदस्य | स्याङ्जा, हालः न्यूप्लाजा | ९८६१११२२४४ |
| ४९. | श्री विजया गुरुङ | सदस्य | स्याङ्जा, धापासी | ९८२३४०२५२९ |
| ५०. | श्रीमती गाजु गुरुङ | सदस्य | पर्वत, हालः बुढानीलकण्ठ, काठमाडौँ | ९८४१४६१०७९ |
| ५१. | श्री लक्षिन प्रसाद गुरुङ | सदस्य | कास्की, हालः सामाखुसी, काठमाडौँ | ९८१८५६००१३ |

# तमु बौद्ध सेवा समिति नेपालका गतिविधिहरू २०८२


















# तमू बौद्ध सेवा समिति नेपालका गतिविधिहरू २०८२











# तमू बौद्ध सेवा समिति नेपालका गतिविधिहरू २०८२










# तमू बौद्ध सेवा समिति नेपालका गतिविधिहरू २०८२


















# तमू बौद्ध सेवा समिति नेपालका गतिविधिहरू २०८२



















# तमू बौद्ध सेवा समिति नेपालका गतिविधिहरू २०८२















# बधाई तथा शुभकामना

यस तमू बौद्ध सेवा समिति नेपालका सल्लाहकार रामकाजी कोने र बुद्धिलक्ष्मी कोनेका सुपुत्र एवं तमू बौद्ध सेवा समिति नेपालका अक्षयकोषदाता श्री दिग्विजय कोने पूर्वगोर्खा मेजर मकर गुरूङ र दिपा गुरूङकी सुपुत्री कृष्मा गुरूङसँग वैवाहिक बन्धनमा बाँधिनुभएकोमा हार्दिक बधाई व्यक्त गर्दै सफल दाम्पत्य जीवनको शुभकामना व्यक्त गर्दछौं ।



# शुभकामना

तमू बौद्ध सेवा समिति नेपालको ३५औं वार्षिक साधारण सभाको पूर्ण सफलताको शुभकामना तथा त-ल्हो (घोडा वर्ग) आगमनको शुभअवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण गुरूङ तथा नेपालीको सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।



## Gandaki Tours & Travels (P.) Ltd.

ASIANA AIRLNES (G. S. A.)

UZBEKISTAN airways (Sales Agent)





akbartravelsonline.com
*Your Reliable Travel Partner*

## Gandaki Tours & Travels (P.) Ltd.

5th Floor, Kamaladi Complex, Kamaladi-13
Kathmandu, Nepal.
**Tel Office:** 5346404, 5322086,
**E-mail:** gandaki@wlink.com.np,
gandaki@gandakitravels.com
**URL:** www.gandakitravels.com

# शुभकामना

तमू बौद्ध सेवा समिति नेपालको ३५औं वार्षिक साधारण सभाको पूर्ण सफलताको शुभकामना तथा त-ल्हो (घोडा वर्ग) आगमनको शुभअवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण गुरूङ तथा नेपालीको सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

## TRAVEL LIGHT PVT. LTD.

REMEMBER US FOR : DOMESTIC & INTERNATIONAL AIR-TICKETS/ TOUR PACKAGE
(AT REASONABLE FARE WITH GOOD SERVICE)

CONTACT:

**KAMLA GURUNG (M.D.)**
Mob. 9851022205

**TRAVEL LIGHT PVT. LTD.**

*New Plaza Marg, Putali Sadak*
*Kathmandu, Nepal.*
*TEL: 01-4421128, 4431906, 2290997,*
*FAX: 01-4411781*
*E-mail: travel.light@hotmail.com,*
*P.O. BOX- 11320, GPO KTM.*



**JAGDEEP GURUNG**
(Proprietor)

**JAY ENTERPRISES, H. K.**

*Chung King Mansion, Nathan RD,*
*Tsim Sha Tsui Kowloon, Hong Kong.*
*TEL: (852) 27227276, 23685521, 91970151*
*FAX: (852) 27217911*
*E-mail: jayenthk@biznetvigator.com*
*P.O. BOX- 90511, Tst Post Office, Kowloon.*

# शुभकामना

तमू बौद्ध सेवा समिति नेपालको ३५औं वार्षिक साधारण सभाको पूर्ण सफलताको शुभकामना तथा त-ल्हो (घोडा वर्ग) आगमनको शुभअवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण गुरूङ तथा नेपालीको सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछौं।





特色遊

**❄ CHEERFUL HOLIDAY ❄**

**www.cheerfulholiday.com**

**Serving people/s since 2002**

Nepal:
110 New Plaza Rd., Putalisadak
Kathmandu-29, Nepal 44600
Phone: +977-1-4511953, 4517178
Email: koneys@mos.com.np
koneyschts@gmail.com

Hong Kong:
B3, 2/F, Carnarvan Mansion, 12 Carnarvan Rd.,
Tsimshatsui, Kowloon, Hong Kong
Phone: +852-2369333 (8lines)
Email: chts@netvigator.com
emmayuen326@gmail.com

# HOTEL HEAVEN

Sundhara, Kathmandu, Nepal
Email: hotelheaven@hotmail.com
Phone No.: +977-1-5905112 | 5905113





**Proprietor:**
**Bal Kumar Gurung**
**Laxmi Gurung**



# HOTEL SWASTIK PVT. LTD.

Baghdurbar, Sundhara, Kathmandu
Tel.: +977-1-5902786, 5905361, 5905131
Mob.: 9823136147 | Email: hotelswastik@gmail.com












Proprietor:
**Laxmi Gurung**

Managing Director:
**Dhairya Gurung**

# शुभकामना

तमू बौद्ध सेवा समिति नेपालको ३५औं वार्षिक साधारण सभाको पूर्ण सफलताको शुभकामना तथा त-ल्हो (घोडा वर्ग) आगमनको शुभअवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण गुरूङ तथा नेपालीको सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

Stv HD सगरमाथा

**SAGARMATHA TELEVISION**

**सगरमाथा टेलिभिजन**

# HOTEL SINGAPORE

HOSPITALITY STARTS WITH US

Manager
**Bhim Chandra Thapa**
Mob.: 9841786669

P.O. Box: 5074, Baghdurbar, Sundhara
T +977-1-5902767, 5902817, 5905719
F +977-1-5902703
E singapore92@hotmail.com
f /hotelsingaporepltd








**"YOUR SATISFACTION IS OUR FIRST PRIORITY"**



## Alliance Treks & Expeditions (P.) Ltd.

तमू बौद्ध सेवा समिति नेपालको ३५औं वार्षिक साधारण सभाको पूर्ण सफलताको शुभकामना तथा त-ल्हो (घोडा वर्ग) आगमनको शुभअवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण गुरूङ तथा नेपालीको सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।



**travel nepal** with alliance

कुलबहादुर गुरूङ
मो. ९८५१०२२८१४

explore more of Nepal in this holiday season
for any travel bookings/inqury contact us!

www.nepaltourspackages.com/www.rubyballeytreks.com

**Bikram Ghale**
**Country Manager**

**FSI Worldwide Nepal Pvt. Ltd.**
Shantichowk 04, Jawalakhel
Lalitpur, Nepal
Web: www.fsi-worldwide.com |Tel: +977-1-5437436, 5423790







# हार्दिक शुभकामना

तमू बौद्ध सेवा समिति नेपालको ३५औं वार्षिक साधारण सभाको पूर्ण सफलताको शुभकामना तथा त-ल्हो (घोडा वर्ग) आगमनको शुभअवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण गुरूङ तथा नेपालीको सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।



**Bijay Gurung**
Managing Director

## SINGAPORE GUEST HOUSE PVT. LTD.

**Head Office:**
Baghdurbar, Sundhara,
Kathmandu, Nepal
P. O. Box: 5074,
Tel.: +977-1-5344105, 5341911

**Branch Office:**
Pokharaline, Sundhara
Kathmandu, Nepal.
Tel.: +977-1-4249356, 4257626,
Email: singapore_2011@hot-



# HOTEL
# Royal Gorkha

Proprietor
**Kamala Gurung**
Mob.: 9851023928

Baghdurbar, Sundhara, Kathmandu
T +977-1-4255524, 4265199
F +977-1-4221499








**"A home away from your home"**

25
of trust

NEELAM GAHANA
SINCE 1995

Neelam Gahana Pvt. Ltd
Since 1995

Neelam Diamond Pvt. ltd.
Elevate Your Style



**NEELAM GAHANA PASAL**
Newroad, Kathmandu, Tel. 5322728
neelamgahana neelamgahana.pasal

**NEELAM GAHANA PVT. LTD.**
Newroad, Kathmandu, Tel. 5342424, 5324132
Email: neelam.gahanapltd@gmail.com

**NEELAM DIAMOND PVT. LTD.**
Newroad, Kathmandu, Tel. 5324132
Email: neelam.diamondpltd@gmail.com